
# गण्डकी प्रदेश
# आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको अवस्था




## आर्थिक मामिला तथा योजना मन्त्रालय
## २०७५
## पोखरा

# प्राक्कथन

प्रदेश स्तरमा आर्थिक, सामाजिक एवं विकासको स्थिति सम्बन्धमा विवरण संकलन गर्ने पहिलो प्रयास स्वरुप प्रस्तुत प्रतिवेदन तयार पारिएको हो । राष्ट्रियस्तरमा संकलित तथ्याङ्क तथा जिल्लातहबाट प्राप्त सीमित तथ्याङ्क, विवरण, प्रतिवेदन र सूचनाको आधारमा तयार पारिएको यस पुस्तिकामा तथ्यगत भिन्नता वा कमी कमजोरी रहेको फेला परेमा यस मन्त्रालयमा सुझाव प्राप्त हुने अपेक्षा राखिएको छ ।

अनुसंधान तथा क्षमता अभिवृद्धि केन्द्र, पोखराबाट परामर्श सेवा लिई गराइएको अध्ययन प्रतिवेदन परामर्शदाताबाट प्राप्त स्वरुपमै प्रकाशन गरिएको छ ।

प्रादेशिक तथ्याङ्क, सूचनाको अभाव रहेको विद्यमान अवस्थामा थोरै भए पनि यस प्रतिवेदनले सरोकारवालाहरुको जिज्ञासा समाधान गर्ने अपेक्षा लिइएको छ ।

आर्थिक मामिला तथा योजना मन्त्रालय
गण्डकी प्रदेश, पोखरा, नेपाल
२०७५, श्रावण

email: moeap.gandaki@gmail.com
Web: moeap.gandaki.gov.np

# गण्डकी प्रदेश
# आर्थिक, सामाजिक एवं पूर्वाधार विकासको अवस्था
# २०७५

**तयार पार्ने टोली**

संयोजक : श्रीकान्त खतिवडा

सदस्य : हरिप्रसाद त्रिपाठी

सदस्य : प्रा.डा. विकास के.सी.

सदस्य : डा. कृष्णराज अधिकारी

सदस्य : राधाकृष्ण लामिछाने

**पुनरावलोकन टोली**

डा. दिनेश चन्द्र देवकोटा

प्रा.डा. यादव शर्मा गौडेल

भीम कार्की

**सहजीकरणः**

अनुसन्धान तथा क्षमता अभिबृद्धि केन्द्र,पोखरा

**भाषिक सम्पादन एवं कम्पुटर सेटिङ**

दान बहादुर गुरुङ

कमला शर्मा

महेन्द्र पौडेल

**सहयोग तथा समन्वयः**

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

पोखरा

# परामर्शदाताको तर्फबाट

नेपालको संविधान २०७२ ले परिकल्पना गरेको संघीय शासन प्रणाली अनुरुप प्रदेशको विकास निर्माण र आर्थिक सामाजिक रुपान्तरणको जिम्मेवारी प्रदेश सरकारमा आएको छ । प्रदेशको समग्र विकासका लागि उपयुक्त योजनाको छनौट, तर्जुमा तथा बजेट निर्माणका लागि प्रदेशको वास्तविक आर्थिक सामाजिक अवस्थाको विश्लेषण आवश्यक छ । प्रदेश नं. ४ को जनसांख्यिक अवस्था, भौगोलिक अवस्थिति, प्राकृतिक श्रोत साधन, कृषि, वन, पशुपंक्षी जन्य उत्पादन, उद्योग व्यापार, पर्यटन, बैंक तथा वित्तीय क्षेत्र र शिक्षा, स्वास्थ्य आदि  सामाजिक क्षेत्र र भौतिक निर्माण तथा पूर्वाधारको तथ्यगत विश्लेषण गरी प्रदेशको यथार्थ वस्तु स्थितिको जानकारी दिने उद्देश्यका साथ यो वस्तुगत विवरण तयार पारिएको छ ।

प्रस्तुत स्थिति पत्र तयार पार्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय र विभागबाट प्रकाशित सामाग्रिहरुलाई मुख्य आधार मानिएको छ । अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक वर्ष २०७३।०७४ को आर्थिक सर्वेक्षण, केन्द्रिय तथ्यांक विभाग, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्र बैंक र पोखरा स्थित क्षेत्रीय कार्यलयहरुबाट प्राप्त प्रकाशित सामाग्रिबाट आवश्यक तथ्यांक संकलन गरी प्रदेशको वस्तुस्थिति विश्लेषण गरिएको छ । यसका साथै यस प्रदेशमा रहेका ११ जिल्लाका जिल्ला समन्वय समितिहरुबाट प्राप्त जिल्लागत आवधिक योजना र वस्तुगत विवरणबाट समेत आवश्यक तथ्यांक लिइएको छ । नेपाल मानव विकास प्रतिवेदन २०१४ र नेपाल वहुआयमिक गरिवी सूचाङ्क २०१६ समेतमा उल्लेख भएका तथ्यांकलाई सन्दर्भ सामाग्रिको रुपमा लिएर आवश्यक विश्लेषण गरी यो वस्तुगत विवरण तयार पारिएको छ ।

यस गण्डकी प्रदेशको स्थिति पत्र तयार पार्न हाम्रो टोलीलाई विश्वास गरी जिम्मेवारी सुम्पनुहुने प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ र समग्र मन्त्रालय परिवार प्रति हामी हार्दिक धन्यवादका साथ आभार प्रकट गर्दछौं । यस्तै गरी सन्दर्भ सामाग्रि उपलब्ध गराउने सम्बन्धित कार्यालय तथा संस्था र आवश्यक परामर्श दिनुहुने डा.दिनेश चन्द्र देवकोटा, प्रा.डा. यादव शर्मा गौडेल, श्री मुक्तिराम पाण्डे र श्री विष्णुराज ढकाल सबैमा हार्दिक धन्यवाद दिन चाहन्छौं । यस प्रदेशका विभिन्न जिल्लाबाट सन्दर्भ सामग्रि संकलन गर्ने सन्दर्भमा भीम कार्कीबाट मनाङ, रामजी शर्माबाट मुस्ताङ, डिल्लीराम सिग्देलबाट लमजुङ, कमल प्रसाद अर्यालबाट गोरखा, डोलराज पाण्डेबाट नवलपरासी (सुस्तापूर्व), गणेश थापा र इश्वर सुबेदीबाट तनहुँ, दान वहादुर गुरुङबाट पर्बत, विजय अर्याल र गिरधारी सुबेदीबाट स्याङ्जा, डा. सुदर्शन सिलवाल र लाल बहादुर जी.सि.बाट वाग्लुङ, किरण सापकोटा र चन्द्रमणि सापकोटाबाट म्याग्दी र हरिप्रसाद त्रिपाठी र राधाकृष्ण लामिछानेबाट कास्की जिल्ला एवं पोखरा स्थित क्षेत्रीय कार्यलयहरु मार्फत तथ्यांक संकलन गर्न आवश्यक सहयोग प्राप्त भएको थियो । त्यस्तै गरी काठमाडौं स्थित राष्ट्रिय योजना आयोग, नेपाल सरकार अर्थ मन्त्रालय र तथ्यांक विभागबाट आवश्यक सन्दर्भ सामाग्रि संकलन गर्न सहयोग गर्नु हुने भीम कार्की लगायतका उल्लेखित सबै महानुभावहरु यस सन्दर्भमा धन्यवादका पात्र हुनुहुन्छ ।  यसै गरी विवरण तयार गर्ने सन्दर्भमा कम्प्युटर सेटिङ र सामाग्रि सम्पादनमा सहयोग गर्नु हुने दानबहादुर गुरुङ, भाषिक सम्पादनमा सहयोग गर्नु हुने कमला शर्मा र टाइपिङमा सहयोग गर्ने महेन्द्र पौडेल समेत धन्यवादका पात्र हुनुहुन्छ ।

अन्तमा, यस वस्तुस्थिति पत्रको मुख्य उद्देश्श्य नै वर्तमान समयमा प्रदेश नं. ४ को भौगोलिक अवस्थिति, आर्थिक तथा सामाजिक अवस्था, शहरीकरण र पूर्वाधार विकासको अवस्थाको वारेमा यथार्थ विवरण तयार पार्नु हो । यस अर्थमा यस स्थितिपत्रमा संकलित र विश्लेषण गरिएका विषय वस्तु सरकारका विभिन्न निकाय र सम्बन्धित सबै सम्बद्ध पक्षहरुका लागि उपयोगी हुनेछ भन्ने विश्वास हामीले लिएका छौं । यसका साथै यस प्रदेशको स्थितिका बारेमा थप खोज, अध्ययन, अनुसन्धान कार्य गर्न चाहने सम्बन्धित सबैलाई एक उपयोगि सन्दर्भ सामग्रि हुन सकेमा हामी हाम्रो सानो प्रयासलाई सार्थक भएको ठान्दछौं । आगामी वर्षहरुमा यसलाई थप परिमार्जन गर्न आवश्यक रचनात्मक सुझावको हामी हार्दिक अपेक्षा गर्दछौं ।

श्रीकान्त खतिवडा
संयोजक

# गण्डकी प्रदेशको बारेमा संक्षिप्त जानकारी

| भौगलिक अवस्थिति | |
|---|---|
| पूर्व | त्रिशुली, बुढी गण्डकी र प्रदेश नं. ३ |
| पश्चिम | प्रदेश नं. ५ |
| उत्तर | चीनको स्वशासित क्षेत्र तिब्बत |
| दक्षिण | भारतको उत्तर प्रदेश र प्रदेश नं. ५. |
| **राजनीतिक तथा प्रशासनिक विभाजन** | |
| विकास क्षेत्र | पश्चिमाञ्चल |
| प्रदेश | गण्डकी |
| जिल्ला संख्या | ११ |
| प्रदेश निर्वाचन क्षेत्र | ३६ |
| संघीय निर्वाचन क्षेत्र | १८ |
| महानगरपालिका | १ |
| नगरपालिका | २६ |
| गाउँपालिका | ५८ |
| **भौगोलिक अवस्थिति** | |
| उत्तर अक्षांश | २७°२६' १५" देखि २९°१२' ०१" सम्म |
| दक्षिणी अक्षांश | ८२° ५२' ४५" देखि ८५°१२' ०१" सम्म |
| प्रदेश मध्यविन्दु | कास्की जिल्ला मादी गाउँपालिकाको कोरी डाँडा |
| प्रदेशको क्षेत्रफल | २१९१४.९७ वर्ग कि.मि. |
| **जनसांख्यिक अवस्था** | |
| जनसंख्या | २४,०३,७५७ |
| प्रमुख जातजाति | थारु, ब्राम्हण, क्षेत्री, नेवार, गुरुङ्ग, दलित आदी |
| प्रदेशका घरधुरी | |

# विषय सूचि

प्राक्कथन

तालिका सूची

चार्ट सूची

छोटकरी रुप

कार्यकारी सारांश

१. परिचय १

२. समग्र आर्थिक स्थिति १०

३. प्रदेशको आर्थिक तथा सामाजिक स्थिति ११

४. बैंक तथा वित्तिय स्थिति १५

५. कृषि, वन र भूमिसुधार १९

६. उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन ३०

७. आवास तथा सहरी विकास र ऊर्जा ३७

८. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार ४४

९. प्रादेशिक सामाजिक स्थिति ५४

१०. प्रशासन र सुशासन ६१

सन्दर्भ सामाग्रिः

अनुसूचीहरु

# तालिकाहरुको सूचि


| क्र.सं. | तालिका नं. | शिर्षक | पेज |
|---|---|---|---|
| १. | १.१ | प्रदेश नं.४ को प्रशासनिक विभाजन | २ |
| २. | १.२ | प्रदेशमा वन जंगलले ढाकेको क्षेत्रफल | ४ |
| ३. | १.३ | प्रदेशमा पाइने जंगलका प्रकारहरु | ५ |
| ४. | १.४ | नारायणी नदीवेशिंनको जलशक्ति सम्भाव्यता | ६ |
| ५. | १.५ | प्रदेशमा खनिज सम्पदाको अवस्था | ७ |
| ६. | १.६ | प्रदेश अन्तर्गत अन्वेषण सर्भेक्षण हुँदै गरेको खनिजहरु | ८ |
| ७. | १.७ | प्रदेश अन्तर्गत अनुमति प्राप्त गरी उत्खनन शुरु भएका खनिजहरु | ८ |
| ८. | १.८ | प्रदेश नं. ४ मा पाइने माटोका प्रकारहरु | ८ |
| ९. | ३.१ | कुल गार्हस्थ उत्पादनमा जिल्लागत योगदानको विवरण | १३ |
| १०. | ३.२ | जिल्लागत राजस्व संकलनको विवरण | १५ |
| ११. | ३.३ | मानव विकास सूचांक र प्रतिव्यक्ति आय | १७ |
| १२. | ४.१ | वैंक तथा वित्तिय संस्थाको विवरण | १८ |
| १३. | ४.२ | प्रदेश नं. ४ मा सहकारी गतिविधिको अवस्था | १९ |
| १४. | ५.१ | कृषि उत्पादनको जिल्लागत विवरण र सन्तुलनको अवस्था | २१ |
| १५. | ५.२ | कृषि उत्पादनका वाली ब्लकहरु | २२ |
| १६. | ५.३ | कृषि वालीका पकेट क्षेत्रहरु | २३ |
| १७. | ५.४ | प्रदेश नं. ४ को भू-उपयोग प्रारुप २०१५ | २४ |
| १८. | ५.५ | सिंचाईको अवस्था | २५ |
| १९. | ५.६ | वनले ढाकेको क्षेत्रफल विवरण | २६ |
| २०. | ५.७ | वन व्यवस्थापनका प्रकार र क्षेत्रफल | २६ |
| २१. | ५.८ | काठ तथा दाउरा विक्रिबाट प्राप्त राजस्वको विवरण | २७ |
| २२. | ५.९ | गैरकाष्ठ बिक्रिबाट प्राप्त राजस्वको विवरण | २८ |
| २३. | ५.१० | प्रदेशमा दुग्ध उत्पादनको अवस्था | २८ |
| २४. | ५.११ | जिल्लागत मासु उत्पादन परिमाण विवरण | २९ |
| २५. | ५.१२ | प्रदेशमा अण्डा (फुल) उत्पादनको विवरण | २९ |
| २६. | ५.१३ | प्रदेशमा ऊन उत्पादनको विवरण | ३० |
| २७. | ६.१ | प्रदेशमा स्थापित उद्योगहरुको विवरण | ३२ |
| २८. | ६.२ | उद्योग विभागमा दर्ता भएका उद्योगको विवरण | ३३ |
| २९. | ६.३ | प्रदेशका प्रमुख बजार क्षेत्रहरु | ३४ |
| ३०. | ६.४ | देश तथा प्रदेशमा पर्यटक आगमनको अवस्था | ३५ |
| ३१. | ६.५ | पर्यटकीय स्थलहरुको विवरण | ३५ |
| ३२ | ७.१ | विद्युत वितरण प्रणाली र जिल्लागत विद्युतीकरणको स्थिति | ४२ |
| ३३ | ८.१ | जिल्लागत सडकहरुको विवरण | ४७ |
| ३४. | ८.२ | जिल्लागत निर्माणधिन पुलहरु | ४७ |
| ३५. | ८.३ | प्रदेशमा जिल्लागत सिचाईंको अवस्था (हेक्टरमा) | ५० |

| | | | |
|---|---|---|---|
| ३६. | ८.४ | प्रदेशमा जिल्लागत हुलाक कार्यालयको विवरण | ५३ |
| ३७. | ८.५ | प्रदेशमा जिल्लागत सूचना र सञ्चारको अवस्था | ५४ |
| ३८. | ९.१ | खुद भर्ना दर | ५८ |
| ३९ | ९.२ | कुल विद्यार्थी संख्या | ५८ |
| ४०. | ९.३ | जिल्लागत उच्च शिक्षा प्रदान गर्ने संस्थाको विवरण | ५९ |
| ४१. | ९.४ | शिशु र वाल मृत्यु दर | ६० |
| ४२. | ९.५ | जनशक्तिको अवस्था | ६१ |
| ४३. | ९.६ | प्रदेशमा बसोवास गर्ने जातजातिहरु | ६२ |
| ४४. | ९.७ | प्रदेशमा वोलिने प्रमुख भाषाहरु | ६२ |
| ४५. | १०.१ | अख्तियार दुरुपयोग सम्वन्धि मुद्दाहरुको अवस्था | ६५ |
| ४६. | १०.२ | अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेका कारवाहीरुहरु | ६६ |
| ४७. | १०.३ | मानवअधिकार हनन सम्वन्धि घटनाहरुको संख्या | ६७ |
| ४८. | १०.४ | अदालतहरुमा न्याय सम्पादनको अवस्था | ६७ |

## रेखाचित्रहरुको सूचि


| क.सं. | रेखाचित्र नं. | शिर्षक | पेज |
|---|---|---|---|
| १. | ३.१ | राजश्व संकलनमा प्रदेशको योगदान | १४ |
| २. | ३.२ | प्रतिव्यक्ति आय | १६ |
| ३. | ३.३ | मानव विकासको सूचांक | १७ |
| ४. | ७.१ | जिल्लागत घरहरु उज्यालो वनाउन प्रयोग विद्युत र अन्य उर्जा | ४१ |
| ५. | ७.२ | प्रदेश नं. ४ मा खाना पकाउन प्रयोग गरिएको विभिन्न उर्जा | ४३ |
| ६. | ७.३ | प्रदेश नं. ४ मा घरहरु उज्यालो बनाउन प्रयोग गरिएको विभिन्न उर्जा | ४४ |
| ७. | ८.१ | जिल्लागत खानेपानी सुविधाको अवस्था | ५२ |
| ८. | ९.१ | शिशु मृत्युदर र वाल मृत्यु दरको अवस्था | ६० |

# छोटकरी रुप

| | |
|---|---|
| अ.क्षे.सं.आ. | अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना |
| आ. व. | आर्थिक वर्ष |
| उ.वा.सं | उद्योग वाणिज्य संघ |
| उ.म.न.पा. | उप महानगर पालिका |
| के.त.वि. | केन्द्रीय तथ्यांक विभाग |
| गा.पा. | गाऊँ पालिका |
| गै.स.स | गैह्र सरकारी संस्था |
| घ.सा.उ.का | घरेलु तथा साना उद्योग कार्यलय |
| जि.व.का | जिल्ला वन कार्यलय |
| जि.कृ.वि.का | जिल्ला कृषि विकास कार्यलय |
| जि.प.से.का | जिल्ला पशु सेवा कार्यलय |
| जि.स.स | जिल्ला समन्वय समिति |
| जि.शि.का. | जिल्ला शिक्षा कार्यलय |
| न. पा. | नगरपालिका |
| ने.प.वो. | नेपाल पर्यटन वोर्ड |
| म.न.पा. | महानगरपालिका |
| रा.यो.आ. | राष्टिय योजना आयोग |
| स.रा.वि.का. | संयुक्त राष्ट संघीय विकास कार्यक्रम |
| वै.उ.प्र.के | वैकल्पिक उर्जा प्रबर्द्धन केन्द्र |
| MPI | Multi-dimensional Poverty Index |

# कार्यकारी सारांश

१. आर्थिक सर्वेक्षण २०७४/०७५ का अनुशार चालू आर्थिक वर्षमा समग्र देशको अर्थतन्त्र ५.९ प्रतिशतले विस्तार हुने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा उक्त बृद्धिदर ७.४ प्रतिशत रहेको थियो । मौसमी प्रतिकुलताका कारण चालु आर्थिक वर्षमा समग्र कृषि क्षेत्रको बृद्धिदर २.८ प्रतिशतमा सीमित भएको छ भने गैरकृषि क्षेत्रको बृद्धिदर ७.१ प्रतिशत रहने अनुमान गरिएको छ।

२. देशमा पछिल्लो एक दशकको आर्थिक बृद्धिदर वार्षिक औसत ४.३ प्रतिशत रहेको छ। यस अवधिमा कृषि र गैरकृषि क्षेत्रको बृद्धिदर  वार्षिक औसत क्रमशः २.९ प्रतिशत र ४.९ प्रतिशत रहेको छ।

३. चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.६ प्रतिशत रहने अनुमान रहेको छ भने गैर कृषि क्षेत्रको योगदान ७२.४ प्रतिशत रहने अनुमान छ।

४. पछिल्लो एक दशकमा देशको कुल गार्हस्थ उत्पादनमा उपभोगको अनुपात वार्षिक औसत ८९.१ रहेको छ भने चालु आर्थिक वर्षमा सो अनुपात गत आर्थिक वर्ष भन्दा ३ विन्दुले कमी आइ ८५.० प्रतिशत रहने अनुमान गरिएको छ।

५. चालु आर्थिक वर्ष २०७४।०७५ मा कुल लगानी २८.८ प्रतिशतले बृद्धि भइ रु १५ खर्ब ५६ अर्ब ४३ करोड पुग्ने अनुमान छ भने कुल गार्हस्थ उत्पादनसँग कुल लगानीको अनुपात ५१.७ प्रतिशत रहने अनुमान छ।

६. चालु आर्थिक वर्ष २०७४/७५ मा प्रतिब्यक्ति कुल गार्हस्थ उत्पादन (प्रचलित मुल्यमा) १२.३ प्रतिशतले बढेर रु १ लाख ३ हजार ३ सय ३५ (अमेरिकी डलर १००४) रहने अनुमान गरिएको छ।

७. प्रदेश ४ ले कुल गार्हस्थ उत्पादनमा १०.४ प्रतिशत योगदान पुर्‍याएको छ। जस अनुसार कृषि तथा वनले कुल राष्ट्रिय आम्दानीमा १०.५९ प्रतिशत, उत्पादनले ११.३६ प्रतिशत, विद्युत तथा पानीले १०.४९ प्रतिशत, शिक्षाले १२.३६ प्रतिशत, स्वास्थ्य तथा सामाजिक क्षेत्रले ११.२७ प्रतिशत योगदान पुर्‍याएको छ।

८. देशको कूल राजस्व सङ्कलनमा यस प्रदेशको केवल ४ प्रतिशतको योगदान रहेको छ, भने खर्च गर्ने सामर्थ्य पनि ६ प्रतिशत मात्र रहेको छ । जबकि प्रदेश ३ र २ ले क्रमशः ५२ प्रतिशत र ३० प्रतिशत राजस्वमा योगदान गर्दछन् भने ६० प्रतिशत र ८ प्रतिशत खर्च गर्ने सामर्थ्य राख्दछन्।

९. यस प्रदेशको प्रति व्यक्ति आम्दानी करिव १४२९ डलर रहेको छ जुन राष्ट्रिय प्रति व्यक्ति आम्दानी करिव १०४७ डलर भन्दा बढी रहेको छ। यस प्रदेशमा मनाङ जिल्लाको सवभन्दा बढी करिव ३१६६ डलर र पर्वतको करिव १,०३९ डलर रहेको छ।

१०. नेपालको उत्तरी सीमादेखि दक्षिणी सीमासम्म फैलिएको प्रदेश नं ४ देशको केन्द्र भागमा वर्गाकार रुपमा रहेको छ। देशको कुल क्षेत्रफलको १४.९५ प्रतिशत भाग र जनसंख्याको ९.१५ प्रतिशत भाग

यो प्रदेशमा रहेको छ  भने समुन्द्र सतहबाट १०३ मिटर (त्रिवेणी) देखि ८१६७ मिटर (धवलागिरी) सम्म फैलिएको छ ।

११. २०७२ आश्विन ३ गते जारी भएको नेपालको संविधान अनुसार यस प्रदेशमा ११ जिल्ला, १८ संघीय निर्वाचन क्षेत्र, ३६ प्रादेशिक निर्वाचन क्षेत्र, १ महानगरपालिका, २६ नगरपालिका, ५८ गाउँपालिका र ७५७ वडाहरु छन् ।

१२. यस प्रदेशमा कुल जनसंख्याको ४,१७,५२३ घरपरिवार अर्थात ७२.४ प्रतिशत घरधुरी कृषि पेशामा संलग्न रहेका छन् । यस प्रदेशको कुल भू-भाग मध्ये २,५५,६५१ हेक्टर जमिन खेतीयोग्य रहेको छ भने जम्मा १,१७,३१५ हेक्टर अर्थात ४५.८ प्रतिशत क्षेत्रफलमा सिंचाई सुविधा पुगेको छ ।

१३. समुन्द्र सतहको १०३ मिटरदेखि ८१६७ मिटरसम्ममा रहेको यस प्रदेशमा भौगोलिक विविधतासंगै यहाँको हावापानी, वनस्पति, वन्यजन्तु, माटोमा पनि विविधता पाईन्छ ।

१४. यस प्रदेशको नवलपुर, लम्जुङ, तनहुँ, पर्वत र वाग्लुङ जिल्लाको ५० प्रतिशत भन्दा बढी भाग वन जंगलले ओगटेको र यस प्रदेशको कुल क्षेत्रफलको ३४.९ प्रतिशत भागमा मात्र वन जंगलले ढाकेको छ ।

१५. यस प्रदेशमा सुन, युरेनियम, वहुमुल्य पत्थर सहितका थुप्रै खनिजहरु पाईने प्रारम्भिक सर्वेक्षणको आँकलन भएता पनि मात्र ८ ठाँउहरुमा चुनढुङ्गा, रातो माटो (Red Clay), क्वार्टजाइट र टाल्कको मात्र उत्खनन कार्य हुँदै गरेको र केही ठाँउहरुमा अन्वेषण सर्वेक्षण हुँदै गरेको अवस्था छ ।

१६. यस प्रदेशको ३४.९ प्रतिशत भाग वन जंगलले, १३.७ प्रतिशत भाग वुट्यानले, १७.८ प्रतिशत भाग कृषि भूमिले, ०.४ प्रतिशत भाग पानीले, २४.७ प्रतिशत भाग हिउँले र ०.६ प्रतिशत भाग अन्य प्रयोजनले ओगटेको छ ।

१७. यस प्रदेशका कास्की जिल्लालाई तरकारी उत्पादनको सुपरजोन घोषणा गरिएको छ भने स्याङ्गजाका विभिन्न स्थानलाई सुन्तलाजोन  र पर्वतको विभिन्न क्षेत्रलाई मकै/मकै बीउ जोनको घोषणा र अन्य जिल्लाहरुमा बाली ब्लक र पकेट क्षेत्र घोषणा गरी कार्यक्रम संचालन गरिएको छ ।

१८. यस प्रदेशमा उत्पादन हुने ५६७९३८ मे.ट. खाद्यन्न मध्ये २३५१५ मे.ट. खाद्यन्न बचत रहने अवस्था देखिन्छ । तर प्रदेशका चार जिल्लाहरु क्रमश मनाङमा ३४ प्रतिशत मुस्ताङमा २९ प्रतिशत कास्कीमा २५ प्रतिशत र गोरखामा ४ प्रतिशत खाद्यन्न न्युन रहेको देखिन्छ । कृषिको आधुनिकीकरण, सिंचाई सुविधा, माटो, हावापानी अनुरुप खेती र पशुपालन गरी उत्पादन बढाउनु आवश्यक छ ।

१९. यस प्रदेशको ३७.१३ प्रतिशत भूभागमा वन क्षेत्र रहेको छ जुन राष्ट्रिय औसत (४०.४ प्रतिशत) भन्दा कमि हो । यस प्रदेशको ८९४९.७ हेक्टर भुभाग वन जंलगले ढाकिएको छ भने ६००८.५ हेक्टर घाँसे मैदान एवं चरन क्षेत्रको रुपमा रहेको छ ।

२०. यस प्रदेशको वन व्यवस्थापनमा सरकारी र सामुदायिक वन व्यवस्थापनको भुमिका महत्वपूर्ण देखिएको छ । जसले जम्मा वन क्षेत्रफलको ६०.३९ र ३९.५८ प्रतिशत वनलाई व्यवस्थित गरेका छन । वनमा उत्पादित काठ तथा गैह्रकाठको उत्पादन र बिक्रीबाट प्रदेशको राजस्वमा उल्लेख्य योगदान पुग्ने संभावना देखिन्छ ।

२१. प्रदेशका हिमाली तथा पहाडी जिल्लाहरुमा रहेका घाँसे मैदानमा व्यवसायिक पशुपालनको राम्रो संभावना रहेकोछ भने कुखुरा पालन तथा माछा पालन तर्फ तनहुँ, गोरखा, कास्की स्याङ्गजा, पर्वत वाग्लुङ्ग लगायतका जिल्लाहरुमा व्यवसायिक उत्पादन भइरहेकोछ । त्यस्तै दुग्ध उत्पादन तर्फ कास्की, नवलपुर स्याङ्गजा जिल्ला अगाडि रहेका छन ।

२२. यस प्रदेशको पोखरामा आउने पर्यटकहरु मध्ये करिव ४४ प्रतिशतले अन्नपूर्ण पदमार्ग क्षेत्रको भ्रमण गरेको देखिन्छ भने नेपाल भित्रिने विदेशी पर्यटकहरु मध्ये औसतमा करिव ३३ प्रतिशत पर्यटकहरुले यस प्रदेशको भ्रमण गरेको देखिन्छ ।

२३. यस प्रदेशका विभिन्न जिल्लाहरुमा गरी २४९७ पर्यटक स्तरका होटल तथा रेष्टुराँहरु रहेका छन् । जस मध्ये कास्कीमा १०८९ होटल तथा रेष्टुराँहरु रहेका छन् जुन प्रदेशका पर्यटकीय होटल मध्ये ४३.६ प्रतिशत संख्या हो र त्यसपछि नवलपरासीमा २२६ होटल तथा रेष्टुराँहरु रहेका छन् ।

२४. पर्यटन कार्यालय पोखरामा दर्ता रहेका पर्यटन सेवा सम्बन्धी उद्योग मध्ये होटल, लज तथा रिसोर्टको संख्या ३८३, ट्राभल्स एजेन्सीको संख्या २८३ र ट्रेकीङ एजेन्सीको संख्या १७४ रहेको छ । यी उद्योग अन्तर्गत कार्यरत जनशक्ति लगभग २५ हजारको हाराहारीमा रहेको छ ।

२५. देशमा स्थापित उद्योगहरु मध्ये यस प्रदेशमा जम्मा ९.६ प्रतिशत उद्योगहरु स्थापित छन् र औद्योगिक रोजगारीमा ३.८ प्रतिशत योगदान गर्दछन् । प्रदेशका उद्योगहरु मध्ये ५०.४ प्रतिशत पोखरामा छन् भने फर्निचर, खाद्य पदार्थ, धातु र अधातु खनिज सम्बन्धी बस्तु उत्पादन उद्योगहरु प्रमुख रहेका छन् ।

२६. यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुका ५७८ शाखाहरु संचालनमा रहेका छन् र समग्र देशमा दोस्रो स्थान रहेको छ । कास्की जिल्लामा सबभन्दा बढी १९० बैंक तथा वित्तीय संस्थाहरु रहेका छन् भने सवभन्दा कम मनाङ्गमा ८ वटा शाखा मात्र रहेका छन् । यसैगरी स्याङ्गजा र तनहुँमा क्रमशः ३२ र ३१ लघु वित्त सेवा संस्थाका शाखाहरु छन् भने मनाङ र मुस्ताङ्गमा केवल ३ र ४ वटा मात्र यस्ता शाखाहरु रहेको छन ।

२७. यस प्रदेशको मूख्य व्यापारिक स्थल पोखरामा नेपाल धितोपत्र वोर्डको अनुमति प्राप्त ७ वटा ब्रोकर कम्पनीहरुले शेयर खरिद विक्रीको कारोवार गर्दै आएका छन् । पूँजीबजारको विस्तारका रुपमा यस प्रदेशको पोखरामा ७, वाग्लुङ्गमा १ र लमजुङ्गको बेशीशहरमा १ शेयर खरिद विक्री कम्पनीले कारोबार संचालन गर्ने गरेका छन् ।

२८. यस प्रदेशमा ३५२९ सहकारी संस्थाहरुमा ९ लाख ४ हजार ५ सय ७३ शेयर सदस्यहरु संलग्न रहेका छन् । यी सहकारीबाट ७ अर्ब १ करोड शेयर पुँजी जम्मा भएको छ भने ३८ अर्व सात करोड बचत तथा निक्षेप संकलन गरी ४३ अर्ब ९७ करोड ऋण लगानी भएको अवस्था छ ।

२९. आर्थिक वर्ष २०७३/०७४ सम्ममा स्थायी लेखा नम्बर लिएका करदाताको संख्या १,२१,०७६ तथा २०७४ असोज मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको संख्या १०७४७ रहेको छ भने यस आ.व. मा प्राप्त राजस्व रकम रु.६९,६६,८८४ हजार रहेको छ ।

३०. नेपालको कूल जनसंख्याको ९.०७ प्रतिशत अर्थात २४,०३,७५७ मानिसहरु यस प्रदेशमा वसोवास गर्दछन् र जनसंख्याको हिसावले प्रदेशहरुमा छैटौं स्थानमा पर्दछ । सहरमा रहने जनसंख्या प्रदेशको कुल जनसंख्याको ६०.११ प्रतिशत रहेको र जनसांख्यिक चाप वृद्धी हुँदै गइरहेको हुँदा सहरी पूर्वाधारमा सुधार गरिनु आवश्यक छ ।

३१. यस प्रदेशमा जम्मा ८८ जातका मानिसहरु बसोबास गर्दछन् । जसमध्ये ५०,००० भन्दा वढी जनसंख्या भएका जातहरु ब्राह्मण २१.६ प्रतिशत, मगर १८.९ प्रतिशत, क्षेत्री १३.४ प्रतिशत, गुरुङ ११.४ प्रतिशत, कामी ८.७ प्रतिशत, नेवार ४.१ प्रतिशत, सार्की ४.१ प्रतिशत, दमै ३.८ प्रतिशत र तामाङ् २.१ प्रतिशत हुन् ।

३२. प्रदेशमा मातृभाषाको रुपमा बोलिने ४७ भाषाहरु मध्ये नेपाली भाषा बोल्नेहरु ७३.५ प्रतिशत छन् भने त्यस पछि मगर र गुरुङ भाषा बोल्नेहरुको संख्या क्रमशः ९.९ प्रतिशत र ८.८ प्रतिशत छ ।

३३. नेपाली नयाँ वर्ष, वुद्ध जयन्ति, ईद, टोहोंटे, तिज, कृष्णाष्टमी, दशैं, तिहार, छठ, क्रिस्मस, तमु ल्होसार, माघे संक्रान्ति, राम नवमी यहाँका मुख्य चाडपर्वहरु हुन् ।

३४. 'हुरी प्रथा', 'आमा समूह', 'ढिकुटी प्रथा', 'गुठी प्रथा', 'किपट प्रथा', 'झारा प्रथा', 'भारा पर्म प्रथा', 'धर्म भकारी प्रथा', 'एंचो पैंचो प्रथा' यस प्रदेशमा परम्परागत रुपले प्रयोगमा ल्याइएका सामाजिकतामा आधारित प्रथाहरु हुन् ।

३५. यस प्रदेशमा ऐतिहासिक कालदेखि गाँइदै र नाँचिदै आएका सालै जो, घाँटु, सोरठी, लाखे, वालन, झ्याउरे, मारुनी, कर्खा, कौरा यहाँका सास्कृतिक धरोहरहरु हुन् ।

३६. शान्ती सुरक्षाका लागि नेपाल प्रहरीका २५८ दरवन्दी सहितका प्रहरी इकाईहरु, १९ प्रहरी पोष्टहरु र एक Control Room Vehicle कार्यरत छन् भने शसस्त्र मुक्तिवाहिनी वल अन्तर्गत १ वाहिनी, १ तालिम केन्द्र, ३ गणहरु, ८ अस्थायीसुरक्षा बेस र २ हाइड्रोपावर सुरक्षा बेस रहेका छन् । यहाँ नेपाली सेनाको पञ्चिम पृतना अन्तर्गत २ वाहिनी, ५ गुल्महरु, ९ गणहरु र २ तालिम केन्द्रहरु छन् ।

३७. पछिल्लो जनगणना अनुसार नेपालमा करिव ५४.० प्रतिशत जनसंख्या विगत १२ महिनामा कुनै न कुनै काममा संलग्न भएको पाइन्छ भने यस प्रदेशमा करिब ८१.० प्रतिशत जनसंख्या उत्पादनशील जनसंख्या भित्र पर्दछ ।

३८. पछिल्लो नेपाल वहुआयामिक गरिबी सर्वेक्षणका अनुसार प्रदेश ४ कम गरीब हुने प्रदेश मध्ये दोस्रो स्थानमा पर्दछ भने प्रदेश ३ प्रथम स्थानमा पर्दछ । देशको समग्र MPI मापन ०.१२७ रहेकोमा यस प्रदेशको मापन ०.०६१ रहेको पाइन्छ ।

३९. प्रदेशको कुल जनसंख्याको करिव ७४.० प्रतिशत जनसंख्या साक्षर छन्, जसमध्ये करिव ८३.० प्रतिशत पुरुष र ६७.० प्रतिशत महिला साक्षर रहेका छन र प्रदेश ४ प्रदेश ३ पछाडिको सबभन्दा बढी साक्षर हुने प्रदेश हो ।

४०. यस प्रदेशका मानिसको औसत आयु ६९.५ रहेको छ जुन राष्ट्रिय औसत ६८.८ भन्दा उच्च रहेको छ र बाल मृत्युदर अन्य प्रदेशहरुमा भन्दा कम २२ प्रति हजार मात्र रहेको छ, जसको राष्ट्रिय औसत ४०.८ रहेको छ ।

४१. जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार नेपालको शिशु मृत्युदर २१ प्रतिहजार छ भने बाल मृत्युदर ३९ प्रति हजार रहेको देखिन्छ । उक्त सर्वेक्षण अनुसार प्रदेश ४ मा शिशु मृत्युदर १५ प्रतिहजार रहेको छ भने प्रदेश ७ मा ४१ प्रतिहजार रहेको छ ।

४२. मातृ स्वास्थ्यको तर्फ प्रदेश ४ को अवस्था राष्ट्रिय र अन्य प्रदेशको तुलना राम्रो देखिन्छ । जस अनुसार सुत्केरी सेवा दक्ष जनशक्तिबाट करिव ८७.० प्रतिशत महिलाले प्राप्त गर्दछन् । जुन सवै प्रदेशमा दोश्रो रहेको छ भने सबभन्दा कम प्रदेश ६ र सबैभन्दा बढी प्रदेश ७ मा रहेको छ ।

४३. जलविद्युत उत्पादनको सैद्धान्तिक र आर्थिक सम्भाव्यता क्रमश: २०,६५० मेघावाट र ५२७० मेघावाट रहेको छ र हालसम्म ४३२.९ मेघावाट विद्युत उत्पादन गरी देशको कुल विद्युत उत्पादनको ४७.१ प्रतिशत योगदान गर्दै सबै भन्दा धेरै विद्युत उत्पादन गर्ने प्रदेशको स्थान ग्रहण गरेको छ ।

४४. प्रदेशका सबै जिल्ला सदरमुकामहरू सडक संजालसंग जोडिएका भएतापनि मनाङ र मुस्ताङमा सडक कालोपत्रे हुन सकेको छैन । सडक सञ्जालद्वारा स्थानीय तहहरू, प्रदेश एवं राष्ट्रियमार्गसंग जोड्दै जनताको सामाजिक र भावनात्मक एकीकरण गरेमा प्रादेशिक सन्तुलन र आर्थिक उन्नतिमा सहयोग पुग्ने देखिन्छ ।

४५. यस प्रदेशको सबै जिल्लामा टेलिफोन र हुलाक सेवा पुगेको छ । मनाङ बाहेक सबै जिल्लामा स्थानीय एफ.एम. रेडियो प्रशारण र पत्रपत्रिका प्रकाशन भइ रहेका छन् ।

# १. परिचय

## पृष्ठभूमि :

१.१ संविधानले परिकल्पना गरेको संघीय शासन प्रणाली अनुरुप प्रदेशको विकास निर्माण र आर्थिक सामाजिक रुपान्तरणको जिम्मेवारी प्रदेश सरकारमा आएको छ । प्रदेशको आर्थिक संवृद्धिका लागि आगामी योजना तर्जुमा तथा बजेट निर्माणका लागि प्रदेशको वास्तविक आर्थिक सामाजिक विकासको स्थिति विश्लेषण गर्नु जरुरी छ । प्रदेशको जनसांख्यिक अवस्था, भौगोलिक अवस्थिति, प्राकृतिक श्रोत साधन, कृषि, वन, पशुपंक्षी जन्य उत्पादन, उद्योग व्यापार पर्यटन, बैंक तथा वित्तीय क्षेत्र र शिक्षा, स्वास्थ्य आदि सामाजिक क्षेत्र र भौतिक निर्माण तथा पूर्वाधारको तथ्यगत विश्लेषण गरी प्रदेशको यथार्थ वस्तुस्थितिको जानकारी दिन यो स्थिति पत्र तयार गरिएको छ ।

१.२ नेपालको राजनीतिक इतिहासमा नै एक ऐतिहासिक परिघटनाको रुपमा संविधान सभाका दुइ कार्यावधिका लागि भएका निर्वाचनहरु मार्फत बनेका, संविधान सभाहरुबाट छलफल र परिमार्जन गर्दै बनाइएको नेपालको संविधान २०७२ आश्विन ३ गतेबाट जारी गरिएको छ । संविधान जारी भए पश्चात सोहि संविधानमा रहेको संवैधानिक प्रावधान अनुसार राज्यका तिनवटै संरचनाको निर्वाचन सम्पन्न गरी संविधानको कार्यान्वयन चरण समेत सफल किसिमले अगाडि बढेको अवस्था छ ।

१.३ संघीय, प्रादेशिक र स्थानीय सरकारहरु आ-आफ्नो संरचनामा विकास निर्माण तथा आर्थिक सामाजिक रुपान्तरणका लागि एकल तथा संयुक्त कार्यक्रम संचालन गर्न सक्ने संवैधानिक व्यवस्था रहेको छ । तदअनुरुप प्रादेशिक विकास निर्माणमा आवश्यक योजना तर्जुमा र बजेट निर्माण गर्ने कार्य प्रदेश सरकारको प्राथमिक जिम्मेवारी बनेको छ ।

## प्रादेशिक संरचना :

१.४ ऐतिहासिक संविधान सभाबाट बनेको नेपालको संविधान २०७२ ले सात वटा प्रदेश भएको संघीय शासन प्रणालीको व्यवस्था गरेको छ । संविधान बमोजिम बर्दघाट पूर्वको नवलपरासी, गोरखा, तनहुँ, लमजुङ, मनाङ, कास्की, स्याङ्जा, पर्वत, म्याग्दी, वाग्लुङ, मुस्ताङ जिल्लाहरु समावेश भएको प्रदेश नं ४ बनेको छ । यस प्रदेश अन्तर्गत तराईमा १ र पहाडमा ८ र हिमालमा २ गरी ११ जिल्ला गरी देशका हिमाल, पहाड र तराई तिनै भौगालिक क्षेत्रहरु समेटिएका छन् । प्रदेशको उत्तरी एवं दक्षिणी सिमाना मित्र राष्ट्र चीन तथा भारतसँग जोडिएका छन् ।

## प्रशासनिक बिभाजन :

१.५ प्रदेश नं ४ अन्तर्गत जम्मा ११ जिल्लाहरु, १८ संघीय निर्वाचन क्षेत्रहरु, ३६ प्रादेशिक निर्वाचन क्षेत्रहरु, १ महानगरपालिका, २६ नगरपालिकाहरु, ५८ गाँउपालिकाहरु र ७५७ वडाहरु छन् । समग्र देशको अवस्थासंग तुलना गर्दा, देशको कुल क्षेत्रफलको १४.४ प्रतिशत र जनसंख्याको ९.१ प्रतिशत भाग ओगटेको यस प्रदेशमा १०.९ प्रतिशत संघीय र प्रादेशिक निर्वाचन क्षेत्रहरू, १६.६ प्रतिशत महानगर, ९.४ प्रतिशत नगरपालिकाहरू र १२.६ प्रतिशत गाँउपालिकाहरूले आगटेको छ । जसको विवरण निम्न तालिकामा देखाइएको छ ।

**तालिका नं १.१ प्रदेश नं ४ को प्रशासनिक विभाजन**

| जिल्ला | संघीय निर्वाचन क्षेत्र | प्रान्तीय निर्वाचन क्षेत्र | महानगरपालिका | उपमहानगर पालिका | नगरपालिका | गाउँपालिका |
|---|---|---|---|---|---|---|
| गोरखा | २ | ४ | - | - | २ | ९ |
| लमजुङ्ग | १ | २ | - | - | ४ | ४ |
| तनहुँ | २ | ४ | - | - | ४ | ६ |
| स्याङ्गजा | २ | ४ | - | - | ५ | ६ |
| कास्की | ३ | ६ | १ | - | - | ४ |
| मनाङ्ग | १ | २ | - | - | - | ४ |
| मुस्ताङ्ग | १ | २ | - | - | - | ५ |
| म्याग्दी | १ | २ | - | - | १ | ५ |
| पर्वत | १ | २ | - | - | २ | ५ |
| वाग्लुङ्ग | २ | ४ | - | - | ४ | ६ |
| नवलपुर | २ | ४ | - | - | ४ | ४ |
| **प्रदेश जम्मा** | **१८** | **३६** | **-** | **-** | **२६** | **५८** |
| **देश जम्मा** | **१६५** | **३३०** | **६** | **११** | **२७६** | **४६०** |
| **प्रदेश ४ %** | **१०.९%** | **१०.९%** | **१६.६%** | **०.०%** | **९.४%** | **१२.६%** |

*श्रोत: मानव अधिकार वर्ष पुस्तक २०१८, अनौपचारिक क्षेत्र सेवा केन्द्र, नेपाल*

१.६ यो वस्तुगत विवरण तयार पार्ने सन्दर्भमा नेपाल सरकार अर्थ मन्त्रालय, केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय योजना आयोग, नेपाल राष्ट्रबैंक, नेपालको मानव विकास प्रतिवेदन २०१४, नेपालको वहुआयमिक गरिवी सूचाङ्क २०१६ मा प्रकाशित सामाग्रीलाई आधार मानिएको छ । यसका अलावा संघीय मन्त्रालय मातहतका विभिन्न विभागहरु एवं क्षेत्रीय कार्यालयहरुबाट प्रकाशित गरेका विभिन्न विषयगत विवरणहरु र तत्कालीन जिल्ला विकास समितिबाट प्रकाशित जिल्लागत आवधिक योजना तथा प्रोफाइलहरुबाट समेत आवश्यक तथ्याङ्कहरु संकलन गरिएको छ । नयाँ प्रादेशिक संरचना अनुसारको पूर्वी नवलपरासी (सुस्ता पूर्व) जिल्लाका धेरै तथ्याङ्कहरु अलग्गै उपलब्ध हुन नसक्दा पुरानो जिल्लाको तथ्याङ्कलाई आधार मानी विश्लेषण गरिएको छ । यस प्रदेशको हालको आर्थिक सामाजिक र पूर्वाधार विकासको स्थिति अतिरिक्त सम्बन्धित क्षेत्रमा प्रदेशको लागि सम्भावना र चुनौतीहरुलाई केलाउने प्रयास समेत यहाँ गरिएको छ ।

## भौगोलिक अवस्थिति :

१.७ नेपालको केन्द्र भागमा अवस्थित यो प्रदेश २७°२६' १५" उत्तर अक्षांशदेखि २९°१२' ०१" उत्तर अक्षांशसम्म र ८२° ५२' ४५" पूर्वी देशान्तरदेखि ८५°१२' ०१" पुर्वी देशान्तरसम्म फैलिएको छ । नेपालको मध्यविन्दु ( Mean Centre) यसै प्रदेशको कास्की जिल्ला मादी गाउँपालिकाको कोरी डाँडामा पर्दछ । झण्डै वर्गाकार रुपमा रहेको यस प्रदेशको क्षेत्रफल २१९१४.९७ वर्ग कि.मि. र कुल जनसंख्या २४,०३,७५७ रहेको छ । यस प्रदेशले देशको कुल क्षेत्रफलको १४.९ प्रतिशत र जनसंख्याको ९.१प्रतिशत भाग ओगटेको छ र यो प्रदेश क्षेत्रफलको हिसाबले देशको तेश्रो ठुलो र जनसंख्याको हिसाबले छैटौं ठूलो प्रदेश हो । यो प्रदेशको उचाई समुन्द्र सतहबाट १०३ मिटर (त्रिवेणी) देखि ८१६७ मिटर (धवलागिरी) सम्म फैलिएको छ ।

१.८ सप्तगण्डकी र यसका सहायक नदीहरुद्वारा सिंचित यस प्रदेशका मुख्य नदीहरु काली गण्डकी, सेती गण्डकी, मादी, त्रिशुली, मर्स्याङ्दी र बुढी गण्डकी हुन्। यस प्रदेशको पुर्वमा प्रदेश नं ३ अन्तर्गतका धादिङ र चितवन जिल्लाहरु, पश्चिममा प्रदेश नं ५ का गुल्मी, प्युठान, पाल्पा र रुकुम र प्रदेश नं ६ को डोल्पा जिल्लाहरु, उत्तरमा चीनको स्वशासित प्रदेश तिब्बत र दक्षिणमा प्रदेश नं ५ को नवलपरासी र पाल्पा जिल्लाहरु, प्रदेश नं ३ को चितवन जिल्ला र भारतको विहार प्रान्त पर्दछन् । यस प्रदेशको अस्थायी राजधानी पोखरा तोकिएको छ ।

## धरातलीय स्वरुप र हावापानी :

**१.९** प्रदेशको दक्षिणी सिमाना नै सोमेश्वर श्रृंखला रहेको हुनाले यो प्रदेशको भौगोलिक स्वरुपमा तराई प्रदेशको मैदानी भाग समावेश छैन । उक्त श्रृंखलाको दक्षिणमा 'भावर प्रदेश' पर्दछ । यस प्रदेशमा रहेको नवलपुरको समथर भू-भाग सोमेश्वर श्रृङ्खला र चुरेश्रृङ्खलाको बीचमा अवस्थित भित्रि मधेश अन्तर्गत पर्दछ । यस प्रदेशको मध्य भाग पहाडी प्रदेश हो, जस अन्तर्गत महाभारत श्रेणी र मध्य भूमि भित्रका विभिन्न डाँडाकाँडाहरु, नदी निर्मित स-साना उपत्यकाहरु, टारहरु र विवर्तनिक (Tectonic) उपत्यकाको रुपमा पोखरा लगायतका उपत्यकाहरु रहेका छन् । यस प्रदेशको उत्तरमा हिमाली प्रदेश रहेको छ । धवलागिरी, अन्नपूर्ण र मनास्लु यहाँका मुख्य हिमाली श्रृङ्खलाहरु हुन् । यी हिमाली श्रृङ्खलाहरुमा धवलागिरी (८१६७ मि.), मनास्लु (८१६३ मि.), अन्नपूर्ण प्रथम (८०९१ मि.), अन्नपूर्ण द्वितीय (७९३७ मि.),हिमालचुली (७८९३ मी.), गंगापूर्ण (७४५१ मि.), निलगिरी (७०३५मि.), माछापुच्छ्रे (६९९३ मि.), हिमचुली (६४४१ मि.) आदि जस्ता हिमशिखरहरु अवस्थित छन् । यी मूख्य हिमाली श्रृंखलाहरु र सिमाना हिमालयहरु (Trans-Himalayas) को बीचमा मनाङ, मुस्ताङ, छेकम्पार, चुमभोट जस्ता उपत्यकाहरु छन् । हिमाली प्रदेशको उत्तरमा सिमाना हिमालयहरु मुस्ताङ् हिमाल, दामोदर हिमाल, पेरि हिमाल र थाप्ले हिमाल छन् ।

**१.१०** प्रदेशको धरातलीय स्वरुपमा भएको विषमता संगै हावापानीमा पनि विविधता पाइन्छ । प्रदेशको भावर प्रदेश, चुरे श्रेणी, भित्री मधेश, नदी निर्मित उपत्यकाहरु, टार र विवर्तनिक उपत्यका जस्ता १५०० मिटर भन्दा होचा भू-भागहरुमा उपोष्ण (Sub-Tropical), १५०० मिटरदेखि ३००० मिटरसम्मका डाँडाहरुमा समशितोष्ण ( Temperate),३००० मिटरदेखि ४५०० मिटर सम्मका निम्न हिमाली खण्डहरुमा लेकाली (Alpine) र ४५०० मिटर भन्दा माथिका उच्च हिमाली खण्डमा टुन्ड्रा (Tundra) प्रकारको हावापानी पाइन्छ । प्रदेशको उत्तरी उच्च भागमा सामान्यतया गृष्ममा चिसो र हिउँदमा ठण्डा र दक्षिणी निम्न भू-भागमा गृष्ममा गर्मी र हिंउदमा चिसो हुन्छ । मूख्य हिमाली श्रृंखलाको दक्षिणी भागमा गृष्ममा प्रशस्त (वार्षिक २५०० मि.मी. भन्दा बढी) वर्षा हुन्छ भने मुख्य हिमाली श्रृंखलाको उत्तरी भागमा भने अति न्युन (वार्षिक २५० मि.मि. भन्दा कम) वर्षा हुन्छ । नेपाल कै सर्वाधिकवर्षा हुने लुम्ले (वार्षिक ५२८४ मी.मी.) र सबैभन्दा कम वर्षा हुने मुस्ताङ (वार्षिक १४६मी.मी.) यसै प्रदेशमा अवस्थित छन् ।

## वन्यजन्तु र जैविक विविधता :

१.११ प्रदेशको भौगोलिक स्वरुप र हावापानीमा भएको विविधताले यहाँको वनस्पति र वन्यजन्तुमा पनि असर गरेको छ । यहाँको भावर प्रदेश, भित्रि मधेश खण्ड, नदी उपत्यकामा साल, सिसौ, खयर,सतिसाल, सिमल, पहाडी क्षेत्रको तल्लो भागमा कटुस, चिलाउने, उत्तिस, मलातो एवं पहाडि क्षेत्रको माथिल्लो भाग र हिमाली क्षेत्रको

तल्लो भागमा लालीगुराँस, धुपी, सल्ला, भोजपत्र जस्ता रुखहरु पाइन्छन् । यहाँ कस्तुरी, मृग, घोरल, थार, भालु, चितुवा, स्याल, दुम्सी, गैंडा, बाघ, रेड पाण्डा, हिम चितुवा आदि स्तनधारी, छेपारो, अजिङ्गर, सर्प, गोही, सरिसर्प, भ्यागुता, पाहा जस्ता उभयचर, पुतली, गडेउला, कमिला, अरिङ्गल, बारुला,धमिरो, खजुरो, कन्सुत्लो, चिप्लेकिरा जस्ता किरा र पुतली एवं डाँफे, मुनाल, कालिज, तित्रा, कोइली, ढुकुर, वकुल्ला, गिद्ध, चील, काग, गौंथली, मलेवा, सुगा, लाम्पुच्छ्रे आदि चराचुरुङ्गीहरु पाइन्छन् ।

वन्यजन्तु र जैविक विविधताको उचित संरक्षण र सम्वर्धनका लागि यहाँ अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना, मनास्लु संरक्षण क्षेत्र आयोजना, ढोरपाटन शिकार आरक्षण क्षेत्र (पूर्वी भाग) र चितवन राष्ट्रिय निकुञ्ज (पश्चिमी भाग) रहेकाछन् ।

## प्राकृतिक सम्पदा

१.१२ वन सम्पदा वातावरणीय सन्तुलन र मानिसको जिविकोपार्जनसंग जोडिएको महत्वपूर्ण सम्पदा हो । यस प्रदेशको कुल क्षेत्रफलको ३४.९ प्रतिशत भू-भाग विभिन्न प्रकारका वन जंगलले ढाकिएको छ, जुन समग्र राष्ट्रको ४०.४ प्रतिशत प्रतिशत भन्दा ५.५ प्रतिशत ले कम हो । हिमाली जिल्लाहरुमा प्रतिकुल हावापानी र माटोको कारणले वन जंगलले ढाकेको क्षेत्र अत्यन्त न्यून छ । मनाङको १२ प्रतिशत र मुस्ताङको ८ प्रतिशत भागमा मात्र वन देख्न सकिन्छ । यस प्रदेशका नवलपुर, लमजुङ, तनहुँ, पर्वत र बाग्लुङ  जिल्लाहरुको कुल क्षेत्रफलको ५० प्रतिशत भन्दा बढी भाग वन जंगलले ढाकिएको छ । यस प्रदेशका स्थानीय निकायहरु मध्ये अत्यन्त न्यून भू-भागमा वन जंगल हुनेहरुमा मुस्ताङको ल्होमान्थाङ र बाह्रगाँउले मुक्तिक्षेत्र (३ प्रतिशत) र मनाङको नार्फु (४ प्रतिशत) पर्दछन् भने अत्याधिक क्षेत्रफल वन जंगलले ओगटेका स्थानीय निकायहरुमा बाग्लुङको ताराखोला (७८ प्रतिशत) लमजुङको क्होलासोथर र तनहुँको देवघाट दुवै (७४ प्रतिशत) छन् ।

यस प्रदेशका जिल्लाहरुमा वन जंगलले ढाकेको क्षेत्रफल यस तालिकामा देखाइएको छ ।

**तालिका नं १.२ प्रदेशमा वन जंगलले ढाकेको क्षेत्रफल २०७४**

| जिल्ला | क्षेत्रफल (वर्ग कि.मि.) | वनले ओगटेको क्षेत्रफल | | न्यूनतम क्षेत्र वनले ओगटेको स्थानीय निकाय | अधिकतम क्षेत्र वनले ओगटेको स्थानीय निकाय |
|---|---|---|---|---|---|
| | | (वर्ग कि.मि.) | (%) | | |
| गोरखा | ३६५५.७ | १३२१.२ | ३६ | चनचुमरी (२३%) | सुलिकोट (५९%) |
| लमजुङ्ग | १६६५.९ | ९२०.५ | ५५ | राइनास (३७%) | क्होलासोथार (७४%) |
| तनहुँ | १५७५ | ८३० | ५३ | भानु (३८%) | देवघाट (७४%) |
| स्याङ्गजा | १०३४.४ | ४७९.४ | ४६ | भिर्कोट (३८%) | पुतलीबजार (५७%) |
| कास्की | २०८७.६ | ४५२ | ४६ | अन्नपूर्ण (४०%) | रुपा (५८%) |
| मनाङ्ग | २३२४.९ | २८१.३ | १२ | नार्फु (४%) | न्होसाङ्ग (२५%) |
| मुस्ताङ्ग | ३५६८.६ | २८५ | ८ | ल्होमान्थाङ्ग (३%) | थासाङ्ग (४२%) |
| म्याग्दी | २२८६.५ | १०८४.७ | ४७ | बेनी (३८%) | मालिका (६४%) |
| पर्वत | ५४२.१ | २७६.४ | ५१ | विहादी (३२%) | मोदी (६९%) |
| वाग्लुङ्ग | १८३६.१ | ९२६.९ | ५० | जैमिनी (२८%) | ताराखोला (७८%) |
| नवलपुर | १३३३.५ | ७७८.७ | ५८ | कावासोती (२७%) | विनय त्रिवेणी (७३%) |
| जम्मा | २१९१०.३ | ७६३६.१ | ३४.९ | ल्होमान्थाङ्ग (३%) | ताराखोला (७८%) |

श्रोतः वातावरण, वन, पर्यटन, उद्योग तथा वाणिज्य मन्त्रालय, प्रदेश नं ४

१.१३ यस प्रदेशमा धरातलीय स्वरुप, उचाइ, हावापानी र माटो अनुसार तीन भिन्न प्रकारका वन जंगलहरु पाइन्छन् । उचाइ अनुसार यस प्रदेशमा पाइने वन जंगलका प्रकारहरु तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १.३ प्रदेशमा पाइने वन जंगलका प्रकारहरु**

| उचाई (समुन्द्र सतहबाट) | वन वङ्गलको प्रकार | स्थान | मुख्य प्रजाति |
|---|---|---|---|
| १२०० मि. भन्दा तल | उपोष्ण सदावहार (Sub-Tropical Evergreen) जङ्गल | भित्री मधेश, चुरे श्रेणी (तल्लो भाग) | साल, सतिसाल, खयर, सिसौ, वेत |
| १२० मि. देखि २१०० मि. सम्म | समशितोष्ण पतझर (Temperate Deciduous) जङ्गल | चुरे श्रेणी माथिल्लो भाग), महाभारत श्रेणी र मध्य भूमि (तल्लो भाग) | कटुस, चिलाउने, उत्तिस, मलाइतो |
| २१०० मि. देखि ३३०० मि. सम्म | समशितोष्ण कोणधारी (Temperate Coniferous) जङ्गल | हिमालय पहाड (तल्लो भाग), महाभारत श्रेणी र मध्य भूमि (माथिल्लो भाग) | राजपत्र, सल्लो, धुपी,देवदार, लालीगुँरास |

**जल सम्पदा :**

१.१४ प्रदेश नं ४ को अर्को महत्वपुर्ण प्राकृतिक सम्पदा जल सम्पदा हो । यस प्रदेशमा गण्डकी नदी प्रणाली अन्तर्गतका काली गण्डकी र त्रिशुली सीमा नदीको रुपमा र सेती, मादी, दरौदी, मर्स्याङ्दी र बुढीगण्डकी नदीहरु प्रदेशको अन्तर्भाग भएर वहने नदीको रुपमा रहेका छन् । यस प्रदेशमा तिलिचो, फेवा, रुपा, बेगनास लगायत थुप्रै ठुला-साना ताल तलैयाहरु, तातोपानीका मूलहरु र भूमिगत जलभण्डार जलस्रोतको रुपमा रहेका छन् । यहाँको जलसम्पदाहरुलाई विद्युत उत्पादन, सिंचाई, ग्राहस्थ तथा औद्योगिक प्रयोजन र मनोरञ्जनका लागि उपयोग गरिएको छ ।

१.१५ उर्जा मन्त्रालयद्वारा २०७४ मा प्रेषित तथ्यांक अनुसार प्रदेश नं. ४ को जलविद्युत उत्पादनको कुल सम्भाव्यता २०,६५० मेघावाट रहेको छ । आर्थिक सम्भाव्यता ५२७० मेघावाट रहेको छ, जुन राष्ट्रिय सम्भाव्यताको क्रमश: २४.८ प्रतिशत र १२.५ प्रतिशत हुन आउँछ । नारायणी नदी र यसका सहायक नदीहरुद्वारा सिंचित यस प्रदेशमा वहने मुख्य नदीहरुको वहावमा जलशक्ति उत्पादनको सम्भाव्यतालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका नं. १.४ नारायणी नदीबेंशीनको जलशक्ति सम्भाव्यता :**

| क.सं. | नदीबेशीन | सम्भाव्यता (मेगावाट) | कैफियत |
|---|---|---|---|
| १ | काली गण्डकी | ४३३८.८ | सिमाना तथा अन्तरप्रदेशीय |
| २ | सेती | ७८०.० | अन्तरप्रदेशीय |
| ३ | मादी | ४७७.५ | अन्तरप्रदेशीय |
| ४ | मर्स्याङ्दी | ३२५१.८ | अन्तरप्रदेशीय |
| ५ | बुढीगण्डकी | ३२८६.० | सिमाना तथा अन्तरप्रदेशीय |
| ६ | त्रिशुली | ५५६९.८ | प्रदेश नं. ३ बाट बहेर मिसिन आउने नदी |
| ७ | राप्ती (पूर्व) | ९६.३ | प्रदेश नं. ३ बाट बहेर मिसिन आउने नदी |
| | नारायणी (कुल) | १७८००.३ | |

*श्रोत: Hydro-Nepal Journal of Water Energy & Environment, 7 Janaury 2011*

१.१६ नेपाल विद्युत प्राधिकरणको २०७४ को अध्ययन प्रतिवेदन अनुसार यस प्रदेशमा नेपाल विद्युत प्राधिकरणले ३०२.३ मेघावाट र प्राईभेट क्षेत्रवाट १३०.६ मेघावाट गरी जम्मा ४३२.९ मेघावाट विद्युत उत्पादन गरिएको छ, जुन नेपालको कुल उत्पादनको ४७.१ प्रतिशत हुन आँउछ । यसरी, वर्तमान अवस्थामा यस प्रदेशले राष्ट्रको कुल विद्युत उत्पादनमा अग्रस्थान ओगटेको छ । हालसम्म यस प्रदेशमा ३९३.४ मेघावाट विद्युत उत्पादन गर्न प्राइभेट कम्पनीहरुलाई अनुमति प्रदान गरिएको छ । हालसालै सरकारद्वारा घोषित 'एक प्रदेश, एक मेगा प्रोजेक्ट' कार्यक्रम अन्तर्गत यस प्रदेशमा बुढी गण्डकी जलाशययुक्त (१२०० मेघावाट) योजना शुरु गरिने घोषणा गरिएको छ ।

१.१७ जल सम्पदाको उपयोगको अर्को महत्वपुर्ण क्षेत्र सिंचाई हो। 'सिंचाई विकासका लागि सूचना आधारको विकासको अन्तिम प्रतिवेदन २००७' अनुसार यस प्रदेशको कुल सिंचाई योग्य जमिनको २४.९५ प्रतिशत भू-भागमा मात्र सिंचाई सुविधा उपलब्ध छ । सिंचाईका विभिन्न प्रकारहरु मध्ये यस प्रदेशमा सबैभन्दा बढी नहर, कुलो जस्ता सतही सिंचाई विधि अत्याधिक (९१ प्रतिशत) प्रयोगमा छ । भूमिगत जललाई ट्युवेल मार्फत सिंचाईमा प्रयोग गर्ने काम नवलपुर जिल्लामा गरिन्छ, यस्तो सिंचाई विधि यस प्रदेशको कुल सिंचित भूमिको ७.५ प्रतिशत भूमिमा प्रयोगमा छ। बाँकी १.५ प्रतिशत सिंचित भूमि स्प्रिङ्कल जस्ता आधुनिक विधिहरुको प्रयोग भएको छ । जिल्लागत रुपले हेर्दा सिंचाई योग्य भूमीमा बढी सिंचाई सुविधा भएका जिल्लाहरुमा नवलपरासी, मनाङ, कास्की र मुस्ताङ जिल्ला पर्दछन् जसको सिंचाई योग्य जमिनको क्रमश ७९.६ प्रतिशत, ४८ प्रतिशत, ३४.४ प्रतिशत र ३२.८ प्रतिशत भागमा सिंचाई सुविधा उपलब्ध छ । सिंचाई योग्य जमिनमा सिंचाई सुविधा कम भएका जिल्लाहरुमा बाग्लुङ (७.२ प्रतिशत), तनहुँ (१०.७ प्रतिशत), म्याग्दी (११० प्रतिशत), गोरखा ( ११.८ प्रतिशत) छन् ।

## खनिज सम्पदा :

१.१८ देशको औद्योगिक विकासमा महत्वपूर्ण भुमिका रहने खनिज सम्पदा अर्को महत्वपुर्ण प्राकृतिक सम्पदा हो । प्रदेश नं ४ मा खनिज पदार्थहरुको उपलब्धता सम्बन्धी बृहत र वैज्ञानिक अनुसन्धान भैसकेको छैन । प्रारम्भिक अनुसन्धानका आधारमा यस प्रदेशमा निम्न लिखित खनिजहरु निम्न लिखित स्थानहरुमा पाइने सम्भावना रहेको छ ।

**तालिका नं १.५ प्रदेशमा खनिज सम्पदाको अवस्था**

| क्र.सं. | खनिज | सम्भावित ठाउँहरु |
|---|---|---|
| १ | फलाम | लव्दिखोला (तनहुँ), धौहाडि पोखरी (नवलपुर), फलामखानी धुँवाकोट (पर्वत), भेडिखोर र लुकार्वान (वाग्लुङ्ग) |
| २ | तामा | भुतखोला (तनहुँ) पाण्डवखानी (बाग्लुङ्ग), वैसेखानी (म्याग्दी) |
| ३ | जस्ता र सिसा | सिसा खानी र काँडेवास (वाग्लुङ्ग), फलामखानी धुँवाकोट (पर्वत), लारी, सार्कपिङ र सुप्ले (गोरखा) |
| ४ | सुन | काली गण्डकी, रघुगंगा, म्याग्दी खोला, मोदी, मादी र मर्स्याङ्दीका नयाँ र पुराना बाढी मैदान र तहराहरु |
| ५ | बेरिलियम | मनाङ्गका विभिन्न ठाउँहरु |
| ६ | डोलोमाइट | स्याङ्गजा, वाग्लुङ्ग |

| | | |
|---|---|---|
| ७ | यूरेनियम र थोरियम | गोराङ्, तिनभंगाले (माथिल्लो मुस्ताङ्ग) |
| ८ | टाल्क | तनहुँ, कास्की, स्याङ्गजा |
| ९ | अभ्रख | गोरखाका केही ठाउँहरु |
| १० | पाइराइट | पाण्डव खानी (वाग्लुङ्ग) |
| ११ | ग्राफाइट | वाग्लुङ्ग |
| १२ | टर्मालाइन (बहुमूल्य पत्थर) | नाजे (मनाङ्ग) |
| १३ | क्वार्टजइट | तनहुँ, कास्की, स्याङ्गजा, बाग्लुङ्ग |
| १४ | स्लेट | गोरखा, म्याग्दी, बाग्लुङ्ग, पर्वत |
| १५ | पेट्रोलियम र प्राकृतिक ग्यास | मुक्तिनाथ (मुस्ताङ्ग) |
| १६ | निर्माण सामाग्री (ढुङ्गा, गिट्टी, वालुवा) | सवै नदी किनारहरु |

*श्रोत: Department of Mines and Geology, Kathmandu, Nepal, 2074*

१.१९ उपरोक्त स्थानहरुमा विभिन्न खनिजहरु पाइने सम्भावना प्रबल भएता पनि नेपाल सरकार, उद्योग मन्त्रालय, खानी तथा भूगर्भ विभागको प्रतिवेदन २०७४ अनुसार हाल यस प्रदेशमा अन्वेषण सर्वेक्षण हुंदै गरेका, उत्खनन अनुमति प्रदान गरिएका र उत्खनन कार्य सुरु भै सरकारलाई राजस्व समेत बुझाई सकेका खानीहरुको विवरण यस प्रकार छ ।

**तालिका नं १.६ प्रदेश अन्तर्गत अन्वेषण सर्भेक्षण हुँदै गरेका खनिजहरु**

| **S.N.** | **Minerals** | **Places** |
|---|---|---|
| 1. | Tourmaline | Nasong (Manang) |
| 2. | Quartzite | Kolasothar (Lamjung), Arjunchaupari (Syangja), Sulikot (Gorkha) |
| 3. | Feldspar | Bihadi (Parbat) |
| 4. | Limestone | Byas(Tanahu), Putalibazar, Waling, Bhirkot, Biruwa (Syangja) |
| 5. | Dolomite | Shuklagandaki (Tanahu) |
| 6. | Talc | Myagde (Tanahu) |
| 7. | Copper | Devghat (Tanahu) |

*श्रोत: नेपाल सरकार, उद्योग मन्त्रालय, खानी तथा भूगर्भ विभागको प्रतिवेदन २०७४*

**तालिका नं. १.७ प्रदेश अन्तर्गत अनुमति प्राप्त गरी उत्खनन सुरु भएका खनिजहरु**

| क्र.सं. | खनिज | ठाउँ | राजस्व (२०७३/०७४) |
|---|---|---|---|
| १ | चुनढुङ्गा | ह्यालचोक (गोरखा) | रु.१९,२०० |
| २ | चुनढुङ्गा | घाँसीकुवा (तनहुँ) | रु.९०,००० |
| ३ | रातोमाटो (Red Clay) | भिरकोट (गोरखा) | रु.४०४९५ |
| ४ | क्वार्टजाइट | ताराखोला (वाग्लुङ्ग) | |
| ५. | क्वार्टजाइट | जलजला (पर्वत) | |
| ६. | टाल्क | राखु भगवती (म्याग्दी) | |
| ७ | टाल्क | मनपाङ (तनहुँ) | |
| ८ | टाल्क | फिर्दी १ (तनहुँ) | |

*श्रोत नेपाल सरकार, उद्योग मन्त्रालय, खानी तथा भुगर्भ विभागको प्रतिवेदन २०७४*

## माटो सम्पदा :

१.२० माटो सम्पदा कृषिमा आधारित अर्थतन्त्र भएका देशहरुको लागि महत्वपूर्ण प्राकृतिक सम्पदा मानिन्छ । प्रदेश नं ४ मा पाइने माटोका प्रकार, तिनीहरुको विशेषता, पाइने ठाँउ तलको तालिकामा देखाइएको छ ।

**तालिका नं १.८ प्रदेश नं ४ मा पाइने माटोका प्रकारहरु**

| क्र.सं. | माटोको प्रकार | पाइने ठाउँ | विशेषताहरु | अन्य |
|---|---|---|---|---|
| १ | पाङ्गो माटो | भित्री मधेश र नदी बेंसीहरु | • खनिजयुक्त<br>• उव्जाउ<br>• नदीद्वारा निक्षेपित | नगदे र खाद्यान्न वालीका लागि उपयुक्त |
| २ | खस्रो वलौटे माटो | भावर प्रदेश, भित्री मधेश र चुरे पहाड | • वालुवा, गिट्टी, चट्टान मिश्रित<br>• सहज पानी छिर्ने | वन जङ्गलका लागि मात्र उपयुक्त |
| ३ | रातो फुस्रो माटो | महाभारत पहाड र मध्यभूमिका पहाड | • टुक्रिएको चट्टान र कुहिएको वनस्पति मिश्रित<br>• कम खनिज तत्व<br>• कम गहिराई | फलफुल, आलु, मकै, कोदो उत्पादनको लागि उपयुक्त |
| ४ | हिमानी माटो | मुख्य र भित्री हिमालय | • हिमनदीद्वारा निक्षेपित<br>• वालुवा र चट्टान मिश्रित<br>• जैविक तत्व कम | आलु, फापर, जौको लागि उपयुक्त |
| ५ | तलैया माटो | तालहरुको छेउ | • ताल सुकेर वनेको<br>• उब्जाउ | कृषि कार्यका लागि उपयुक्त |

## अवसर र चुनौतीहरु

१.२१ **अवसरहरु :**

१. देशको मध्य भागमा अवस्थित यो प्रदेश दुवै छिमेकी राष्ट्रहरुसंग जोडिएको हुनाले छिमेकी प्रदेशहरु र राष्ट्रहरुसंग अन्तर प्रादेशिक र अन्तरदेशीय व्यापारिक र अन्य आर्थिक सम्वन्ध कायम गर्न सहज र सुगम छ ।

२. उत्तरमा सिमान्त हिमालय देखि दक्षिणमा भावर प्रदेशसम्म फैलिएको यस प्रदेशमा भौगोलिक, जैविक र सांस्कृतिक विविधता रहेको हुनाले यहाँ पर्यटन, कृषि, पशुपालन, फलफुल खेती गर्न सकिन्छ ।

३. यस प्रदेशमा प्रचुर मात्रामा उपलव्ध जलश्रोतबाट ठूला जलविद्युत आयोजनाहरुको संचालन गर्न, कृषियोग्य भूमी सिंचित गर्न, साहसी जलक्रिडा र मनोरञ्जन मार्फत पर्यटनको विकास गर्न सकिन्छ ।

४. यस प्रदेशमा रहेको वन सम्पदाको उचित सदुपयोग वन पैदावार र जडीबुटीमा आधारित उद्योगहरु संचालन गरी प्रशस्त आय आर्जन र रोजगारी सिर्जना गर्न सकिन्छ ।

५. यस प्रदेशमा उपलब्धताको सम्भावना रहेका सुन, युरेनियम जस्ता मूल्यवान र अन्य खनिजहरुको विस्तृत अध्ययन, अनुसन्धान र उत्खनन गरी आर्थिक विकासको आधार खडा गर्न सकिन्छ ।

६. प्रदेशमा उपलव्ध भूमिको समुचित उपयोग गर्दै कृषि भूमि व्यवस्थापनबाट उत्पादन बृद्धि गरी प्रदेशको आर्थिक विकासको गतिलाई अगाडि बढाउन सकिन्छ ।

## १.२२ चुनौतीहरु :

१. कृषियोग्य भूमिको उपलब्धता कम भएको कारणले कृषि उत्पादन वृद्धि गरी खाद्यन्न तथा कृषि पैदावारमा आत्मनिर्भर हुन ।

२. हिमाल पारिका उपत्यकाहरुमा उवड खावड धरातल, ठण्डा तथा शुष्क हावापानी, अनुब्जाउ माटोको कारण सिर्जित समस्याहरु ।

३. उपलब्ध प्राकृतिक स्रोत साधनहरुको सम्भाव्यता पहिचान गरी उचित उपयोगका लागि प्रविधिको खाँचो ।

४. जलाशययुक्त वा ठूला जलविद्युत आयोजनाहरु संचालन गरी जलश्रोतको उचित प्रयोग, पर्यटक मैत्री जल क्रिडा र मनोरञ्जनका कृयाकलापहरुको पहिचान तथा कार्यान्वयनका लागि आवश्यक पुँजी र प्रविधि ।

५. वन क्षेत्रको अतिक्रमण नियन्त्रण, सिमाङ्कन, दुर्लभ जडीवुटी र महत्वपूर्ण वन पैदावरहरुको सही सदुपयोग गर्दै पर्यावरणीय विनासको नियन्त्रण ।

६. खनिज साधनको उपलव्धता सम्वन्धी बृहत सर्वेक्षण अध्ययन अनुसन्धान गरी आर्थिक सम्भाव्यता पहिचान गरी उत्पादनको थालनी गर्नु पर्ने ।

७. प्राकृतिक प्रकोपद्वारा हुने जोखिम न्यूनीकरण, भूमिको जथाभावी प्रयोग र सार्वजानिक जग्गाको अतिक्रमणको अन्त्य ।

# २. समग्र आर्थिक स्थिति

## राष्ट्रिय अर्थतन्त्र

२.१ आर्थिक सर्वेक्षण २०७४/०७५ का अनुसार चालू आर्थिक वर्षमा अर्थतन्त्र ५.९ प्रतिशतले विस्तार हुने अनुमान गरिएको छ। गत आर्थिक वर्षमा उक्त बृद्धिदर ७.४ प्रतिशत रहेको थियो। मौसमी प्रतिकुलताका कारण चालु आर्थिक वर्षमा समग्र कृषि क्षेत्रको बृद्धिदर २.८ प्रतिशतमा सीमित भएको छ भने गैरकृषि क्षेत्रको बृद्धिदर ७.१ प्रतिशत रहने अनुमान गरिएको छ। तिनै तहको निर्वाचन पछि गठन भएका स्थिर सरकारका कारण लगानीको वातवरण अनुकुल हुँदै गएकोले समग्र आर्थिक गतिविधिहरु सकारात्मक दिशाातर्फ उन्मुख भएका छन।

२.२ पछिल्लो एक दशकको आर्थिक बृद्धिदर वार्षिक औसत ४.३ प्रतिशत रहेको छ। यस अवधिमा कृषि र गैरकृषि क्षेत्रको बृद्धिदर  वार्षिक औसत क्रमश: २.९ प्रतिशत र ४.९ प्रतिशत रहेको छ।

२.३ चालु आर्थिक वर्षको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २७.६ प्रतिशत रहने अनुमान रहेको छ। त्यसैगरि चालु आर्थिक वर्षमा गैर कृषि क्षेत्रको योगदान ७२.४ प्रतिशत रहने अनुमान छ। गत आर्थिक वर्षमा यी क्षेत्रको योगदान क्रमश: २८.८ र ७१.२ प्रतिशत रहेको थियो।

## उपभोग र लगानी

२.४ पछिल्लो एक दशकमा कुल गार्हस्थ उत्पादनमा उपभोगको अनुपात वार्षिक औसत ८९.१ रहेको छ भने चालु आर्थिक वर्षमा सो अनुपात गत आर्थिक वर्ष भन्दा ३ विन्दुले कमी आइ ८५.० प्रतिशत रहने अनुमान गरिएको छ।

२.५ चालु आर्थिक वर्षमा कुल उपभोगमा सरकारी क्षेत्र र निजी क्षेत्रको उपभोगको अनुपात क्रमश: १३.७ प्रतिशत र ८४.३ प्रतिशत हुने अनुमान छ। कुल निजी उपभोगमा खाद्यान्न उपभोगको अंशमात्र करिव दुइ तिहाइ रहेको छ। चालु आर्थिक वर्षमा कुल निजी उपभोगमा खाद्यवस्तु, गैर खाद्यबस्तु र सेवाको अंश क्रमश: ६४.५ प्रतिशत, २५.५ प्रतिशत र १०.० प्रतिशत रहने अनुमान गरिएको छ।

२.६ चालु आर्थिक वर्ष २०७४/०७५ मा कुल लगानी २८.८ प्रतिशतले बृद्धि भइ रु १५ खर्ब ५६ अर्ब ४३ करोड पुग्ने अनुमान छ भने कुल गार्हस्थ उत्पादनसँग कुल लगानीको अनुपात ५१.७ प्रतिशत रहने अनुमान छ।

२.७ चालु आर्थिक वर्षमा कुल स्थिर लगानी (प्रचलित मुल्यमा) २२.० प्रतिशतले बृद्धि भइ रु १० खर्ब २५ अर्ब ६५ करोड रहने अनुमान छ भने कुल गार्हस्थ उत्पादनसँग कुल स्थिर लगानीको अनुपात ३४.१  प्रतिशत रहने अनुमान छ।

## बचत एवं प्रति ब्यक्ति आय

२.८ पछिल्लो दश वर्षमा कुल गार्हस्थ उत्पादनसँग कुल गार्हस्थ्य वचत र कुल राष्टिय वचतको अनुपात वार्षिक औसत क्रमश: १०.९ प्रतिशत र ४०. ८ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो अनुपात १५.० र ४३.९ प्रतिशत रहने अनुमान गरिएको छ।

२.९ चालु आर्थिक वर्ष २०७४/७५ मा प्रतिव्यक्ति कुल गार्हस्थ उत्पादन (प्रचलित मुल्यमा) १२.३ प्रतिशतले बढेर रु १ लाख ३ हजार ३ सय ३५ (अमेरिकी डलर १००४) रहने अनुमान छ भने गत आर्थिक वर्षमा प्रति व्यक्ति कुल राष्ट्रिय आय अमेरिकी डलर ८७७ रहेकोमा चालु आर्थिक वर्षमा सो आय वढेर अमेरिकी डलर १ हजार १२ रहने अनुमान छ।

## ३. प्रदेशको आर्थिक तथा सामाजिक स्थिति

### गार्हस्थ उत्पादन :

**३.१** नेपाल मानव विकास प्रतिवेदन २०१४ मा उल्लेखित तथ्याकं अनुसार यस प्रदेशले आर्थिक वर्ष २०६७/०६८ मा रु. १४३.५ अर्ब बराबरको ग्राहस्थ उत्पादन गरेको थियो जुन नेपालको कूल ग्राहस्थ उत्पादनको करीब १०.४ प्रतिशत हो । प्रचलित बजार मूल्यमा आधारित कूल ग्राहस्थ उत्पादनको हिसाबमा कास्की जिल्ला र नवलपरासी जिल्लाहरुले क्रमशः यस प्रदेशमा २५.४ र २२.९ प्रतिशतको योगदान दिएको अवस्था छ भने म्याग्दी र पर्वत जिल्लाले ०.०३ र ०.०४ प्रतिशत मात्र रहेको छ । राष्ट्रिय योजना आयोगका अनुसार आर्थिक वर्ष २०७३/०७४ मा यस प्रदेशको कुल ग्राहस्थ उत्पादन ३ खर्ब १० अर्ब ७१ करोड रहेको छ, जुन देशको कुल ग्राहस्थ उत्पादनको ११.७ प्रतिशत हुन आउँछ । आधुनिक प्रविधिको प्रयोग एवं व्यवसायिक कृषि, औद्योगिक उत्पादन, पर्यटन र ऊर्जाको विकास मार्फत प्रदेशले ग्राहस्थ उत्पादन बढाउन विशेष पहल गर्नुपर्ने अवस्था छ ।

**तालिका नं. ३.१ कुल ग्राहस्थ उत्पादनमा जिल्लागत योगदान**

| जिल्ला | कृषि तथा वन | उत्पादन | विद्युत तथा पानी | शिक्षा | स्वास्थ्य र सामाजिक क्षेत्र | कूलग्राहस्थ उत्पादन (बजार दर मि.) |
|---|---|---|---|---|---|---|
| मनाङ्ग | ३९६ | १२ | ० | ३ | ६ | ९२५ |
| मुस्ताङ्ग | ५५९ | २२ | ० | १५ | १४ | १५५५ |
| गोरखा | ५३९२ | ३४९ | ९३ | ३९८ | १८३ | १२५०३ |
| लमजुङ्ग | ४४१८ | १९६ | ९४ | ३५५ | ११७ | ८८२३ |
| तनहुँ | ११५३ | ३२७ | २०५ | ६९७ | १७८ | २५३३६ |
| स्याङ्गजा | ८२४५ | २६० | ८९ | ६८८ | १४३ | १५५२६ |
| कास्की | ७१७५ | १४४४ | ६२४ | ३८६५ | ८३६ | ३४२१० |
| म्याग्दी | २७१० | ९१ | ३५ | २०५ | ७३ | ५१७० |
| पर्वत | ३१३८ | १५६ | ४६ | २५४ | ९५ | ६५७४ |
| बाग्लुङ्ग | ४७६२ | १८३ | ८० | ५४२ | १३३ | १०२८९ |
| नवलपरासी | १२२०९ | ६११२ | ४८५ | १३५१ | १३७ | ३३००० |
| **प्रदेश** | **५०१५७** | **९१५२** | **१७५१** | **८३७३** | **१९१५** | **१५३९११** |
| **राष्ट्रिय** | **४७३२७०** | **८०५३१** | **१६००१** | **६७७३९** | **१६९९२** | **१३६६९५३** |
| **प्रदेशको योगदान** | **१०.५९%** | **११.३६%** | **१०.९४%** | **१२.३६%** | **११.२७%** | **१०.४९%** |


श्रोतः मानव विकास प्रतिवेदन, २०१४

३.२ कूल राष्ट्रिय आम्दानी (Gross National Income) को आधारमा प्रदेश ४ ले कूल ग्राहस्थ उत्पादनमा १०.४% प्रतिशत योगदान पुऱ्याएको छ । जस अनुसार कृषि तथा वनले कूल राष्ट्रिय आम्दानीमा १०.५९%, उत्पादनले ११.३६%, विद्युत तथा पानीले १०.४९%, शिक्षाले १२.३६%, स्वास्थ्य तथा सामाजिक क्षेत्रले ११.२७% प्रतिशत र कूल ग्राहस्थ उत्पादन (GDP) ले १०.४९% योगदान पुऱ्याएको छ । प्रदेश स्तरमा कृषि र वनमा स्याङ्गजाको सबभन्दा बढी र मनाङ्गको सबभन्दा कम योगदान छ भने उत्पादनमा कास्की सबभन्दा बढी र मनाङ्ग सबभन्दा कम छ । त्यस्तै विद्युत र पानीमा सबभन्दा बढी कास्की र सबभन्दा कम मनाङ्ग र मुस्ताङ्गको शुन्य योगदान रहेको छ । शिक्षाको योगदान कास्कीको सबभन्दा बढी र मनाङ्गको सबभन्दा कम देखिन्छ । त्यस्तै कूल ग्राहस्थ उत्पादनमा कास्की जिल्लाको सबभन्दा बढी र मनाङ्ग जिल्लाको सबभन्दा कम

रहेको छ । यसबाट के प्रष्ट हुन्छ भने तुलनात्मक रुपमा कास्की जिल्ला अरु जिल्लाको तुलनामा बढी विकास भएको मान्न सकिन्छ ।

## राजस्व तथा वित्तीय अवस्था :

३.३ संघीय सरकारबाट संकलन गरिएको आर्थिक वर्ष ०६४ देखि ०७३ सम्मको राजस्व संकलनको औसत स्थितिलाई विश्लेषण गर्दा यस प्रदेशको राजस्वमा योगदान तथा खर्च गर्ने क्षमता दुवै तर्फ पाँचौ स्थानमा रहेको छ । देशको कूल राजस्व सङ्कलनमा यस प्रदेशको केवल ४ प्रतिशतको योगदान रहेकोछ, भने खर्च गर्ने सामर्थ्य पनि ६ प्रतिशत मात्र रहेकोछ । जबकि प्रदेश ३ र २ ले क्रमश: ५२ प्रतिशत र ३० प्रतिशत राजस्वमा योगदान गर्दछन् भने ६० प्रतिशत र ८ प्रतिशत खर्च गर्ने सामर्थ्य राख्दछन् । यसर्थ प्रदेशले कसरी विकासको अभियानलाई अगाडि बढाउने छ भन्ने मै पनि गम्भीर प्रश्न हाम्रा सामु रहेका छन् । अहिले बनेका प्रदेश भित्रका आर्थिक गतिविधिका विगत एक दशकको औसत तथ्याङ्कले यस्ता परिदृश्य देखाउँदछन् ।




०६४ देखि ०७३ सम्मको औसत राजस्व र खर्चको अवस्था

| प्रदेश | राजस्वमा योगदान | खर्च |
|---|---|---|
| प्रदेश १ | ८% | ९% |
| प्रदेश २ | ३०% | ८ % |
| प्रदेश ३ | ५२% | ६०% |
| प्रदेश ४ | ४% | ६ % |
| प्रदेश ५ | ९% | ७% |
| प्रदेश ६ | ०.४% | ४% |
| प्रदेश ७ | ०.६% | ६% |

**श्रोत:** *http://www.enayapatrika.com/2018/05/27/54206/*

## राजस्व विवरण :

३.४ यस प्रदेशमा संघीय सरकारबाट आर्थिक वर्ष २०७३/०७४ सम्ममा आन्तरिक राजस्व कार्यालय, कास्की तथा करदाता सेवा कार्यालय मार्फत स्थायी लेखा नम्बर लिएका करदाताको कूल संख्या १,२१,०७६ तथा २०७४ असोज मसान्तसम्म मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको संख्या १०७४७ रहेको छ भने यस आ.व.मा प्राप्त कूल राजस्व रकम रु.६९,६६,८८४ हजार रहेको आन्तरिक राजस्व कार्यालय कास्कीको रेकर्डमा देखिएको छ । जस मध्ये सब भन्दा धेरै ४६.६% अन्तशुल्कबाट उठेको छ भने ३१.९% आयकरबाट प्राप्त भएकोछ ।

## राजस्व संकलनमा जिल्लागत योगदान :

३.५ यस प्रदेशको राजस्व सङ्कलनमा सबभन्दा बढी योगदान कास्की जिल्लाको रहेको छ भने सबभन्दा कम योगदान मनाङ्ग जिल्लाको रहेको देखिन्छ । जम्मा ८८७२.५५ मिलियन बराबरको राजस्व सङ्कलन भएकोमा कास्की जिल्लाको योगदान ७८.७% प्रतिशत रहेको छ भने मनाङबाट सबभन्दा कम ०.१४% प्रतिशत मात्र रहेको छ । राजस्वमा योगदान गर्ने अन्य जिल्लाको अवस्था पनि सामान्य रहेकोछ । तुलानात्मक रुपमा तनहुँ र नवलपरासी सुस्ता पूर्वको योगदान अरु भन्दा राम्रो रहेको छ ।

**तलिका नं. ३.२ जिल्लागत राजस्व संकलनको विवरण (रु. मिलियनमा, आ.व.०६८/६९ देखि ०७२/७३ सम्म**

| जिल्ला | ०६८/६९ | ०६९/७० | ०७०/७१ | ०७१/७२ | ०७२/७३ |
|---|---|---|---|---|---|
| नवलपरासी(पूर्व) | १५४.६३ | १७४.१ | २२६.३१ | ३००.६४ | ४१४.११ |
| बाग्लुङ्ग | १३०.५५ | १५९.५७ | २०६.५३ | २३६.६६ | २६५.३६ |
| म्याग्दी | ४९.९१ | ५६.०१ | ७०.३८ | ८१.३७ | ७०.६५ |
| पर्वत | ५८.२५ | ६९.८२ | ८२.४६ | ९३.५४ | ९६.७७ |
| मुस्ताङ्ग | २२.७७ | २३.०३ | २६.४८ | ३३.५ | ३७.४४ |
| कास्की | २२५७.८४ | २५०१.०३ | ३०३१.४९ | ५०४४.७३ | ६९८५.०१ |
| गोरखा | ८५.०५ | १०२.१५ | १२७.३१ | १६१.५ | २०२.१३ |
| तनहुँ | १३४.६१ | २१५.२१ | ३०१.५१ | ३६५.८५ | ४६१.३६ |
| लमजुङ्ग | ७६.४४ | ९०.०२ | ११६.४९ | १३८.९३ | १६८.७२ |
| स्याङ्गजा | ९०.८९ | १०५.८१ | १३०.३५ | १५८.६८ | १५८.७९ |
| मनाङ्ग | ९.९५ | ११.५४ | १५.३९ | ११.०९ | १२.२१ |
| **जम्मा** | **३०७०.८९** | **३५०८.२९** | **४३३४.७०** | **६६२६.४९** | **८८७२.५५** |

श्रोतः महालेखा नियन्त्रकको कार्यालय २०७४

नोटः- नवलपरासी (वर्दघाट-सुस्ता पूर्व) को हकमा साविक नवलपरासी जिल्लाको प्राप्त तथ्याङ्कलाई २ ले भाग गरी राखिएको ।


## गरिबीको अवस्था :

३.६ पछिल्लो नेपाल वहुआयामिक गरिवी सर्वेक्षणका अनुसार प्रदेश ४ कम गरिव हुने प्रदेश मध्ये दोस्रो स्थानमा पर्दछ भने प्रदेश ३ प्रथम स्थानमा पर्दछ । देशको समग्र MPI मापन ०.१२७ रहेकोमा यस प्रदेशको मापन ०.०६१ रहेको पाइन्छ जसले प्रदेश ३ बाहेकमा यो प्रदेश अरुभन्दा समृद्ध रहेको देखाउँदछ । नेपालको गरिवीमा असर पार्ने तत्वहरु मध्ये कुपोषण र years of schooling रहेकोमा यस प्रदेशमा years of schooling को प्रभावका कारणले गरिवी रहेको पाइन्छ । कुपोषणका हिसाबले यस प्रदेश अरु प्रदेशको तुलनामा राम्रो अवस्थामा रहेको देखिन्छ ।

## रोजगारी र प्रतिव्यक्ति आय :

३.७ नेपाल मानव विकास प्रतिवेदन २०१४ का अनुसार क्रयशक्तिका आधारमा यस प्रदेशको प्रतिव्यक्ति आय १,३८४ अमेरिकी डलर रहेको छ जुन राष्ट्रिय औसत प्रतिव्यक्ति आय १,१६० भन्दा १९.३% प्रतिशतले बढी हुन आउँछ । प्रतिव्यक्ति आयका हिसाबले प्रदेश नं. ४ को मनाङ्ग जिल्ला ३,१६६ अमेरिकी डलर सहित सर्वथा बढी रहेकोछ भने पर्वत जिल्लामा सबभन्दा कम १०१३ मात्र रहेको अवस्था छ । चार नं. प्रदेशका पाँच जिल्लाहरु लमजुङ्ग, कास्की, स्याङ्गजा, मनाङ्ग र मुस्ताङ्ग जिल्लाहरुकको प्रतिव्यक्ति आय राष्ट्रिय औसत प्रतिव्यक्ति आय भन्दा बढी रहेको अवस्था छ ।


चित्र नं. ३.२ प्रतिव्यक्ति आय




## मानव विकासको सूचांक :

३.८ पछिल्लो मानव विकास सूचांक २०१४ अनुसार नेपालको मानव विकास सूचांक ०.४९ रहेकोमा यस प्रदेशको मान ०.५१३ रहेको देखिन्छ । यस मध्ये यस प्रदेशका विभिन्न जिल्लाको मानव विकास सूचांकमा पनि विविधता आएको पाइन्छ । पछिल्लो सर्वेक्षणले कास्की जिल्लाको औसत सूचांक ०.५७६ रहेको छ भने सबभन्दा कम वाग्लुङ जिल्लाको ०.४७८ रहेको छ । यस प्रदेशको प्रति व्यक्ति आम्दानी करिव १४२९ डलर रहेको छ जुन राष्ट्रिय प्रति व्यक्ति आम्दानी करिव १०४७ डलर भन्दा बढी रहेको छ । यस प्रदेशमा मनाङ जिल्लाको सबभन्दा बढी करिव ३१६६ डलर र पर्वतको करिव १,०१३ डलर रहेको छ । अरु ५ वटा प्रदेश (प्रदेश ३ बाहेक) बाहेक यस प्रदेशको अवस्था राम्रो देखिन्छ ।

चित्र नं. ३.३ मानव विकासको सूचांक




**तालिका ३.३** मानव विकास सूचांक र प्रतिव्यक्ति आय

| प्रदेश /जिल्ला | मानवविकास सूचांक | प्रतिव्यक्ति आय($ppp) |
|---|---|---|
| नेपाल | ०.४९ | १०४७ |
| मनाङ | ०.५६८ | ३१६६ |
| लमजुङ | ०.५०७ | ११८६ |
| तनहुँ | ०.५०६ | १०७२ |
| कास्की | ०.५७६ | १५६१ |
| स्याङजा | ०.५२७ | १२१५ |
| पर्वत | ०.५१ | १०१३ |
| म्याग्दी | ०.४९ | १०२८ |
| वाग्लुङ | ०.४७८ | १३६१ |
| मुस्ताङ | ०.५०८ | १९२२ |
| नवलपरासी | ०.४९३ | ११५७ |
| गोरखा | ०.४८१ | १०३९ |

*श्रोत:नेपाल मानव विकास प्रतिवेदन २०१४*

३.९ अवसर र चुनौतिहरु

१. विद्यमान जनसांख्यिक अवस्था, सक्रिय जनसंख्याको अनुपात, भौतिक तथा सामाजिक विकासको औषत अवस्था, बैंकिङ्ग सुविधा र क्षेत्रगत लगानी, सहकारीको अवस्था, राष्ट्रिय आय र त्यसमा विभिन्न महत्वपूर्ण क्षेत्रको योगदान, गरिबी र मानवीय विकासको अवस्था आदिलाई हेर्दा प्रदेशको स्थिति औसत रहेको देखिन्छ । सहरीकरणको प्रक्रिया केही तीव्र गतिमा बढ्दै गएको छ र आर्थिक गतिविधिहरु पनि फस्टाउँदै गएका छन् ।

## ४. बैंक तथा वित्तीय स्थिति

**बैक तथा वित्तीय क्षेत्र :**

४.१ नेपाल राष्ट्र बैंकबाट प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाहरुको ५७८ शाखाहरु संचालनमा रहेका छन् । यस हिसावले यो प्रदेश समग्रमा दोस्रो स्थानमा रहेको छ । जिल्लागत रुपमा कास्कीमा सबभन्दा बढी १९० बैंक तथा वित्तीय संस्थाहरु रहेका छन् भने सबभन्दा कम मनाङ्गमा ८ वटा शाखा मात्र रहेका छन् । यस प्रदेशमा सञ्चालनमा रहेका सबै बैंक तथा वित्तीय संस्थाका कुल शाखाहरुमध्ये करिव ३३ प्रतिशत र कूल कर्जा तथा निक्षेप रकमको क्रमशः करिव ६४ प्रतिशत र ६६ प्रतिशत अंश कास्की जिल्लामा मात्र रहेको देखिन्छ । वाणिज्य तथा विकास वैंकको उपस्थिति कास्की र तनहुँमा बढी रहेको छ भने मनाङमा एक मात्र विकास बैंक रहेको छ । 'ग' वर्गका वित्त कम्पनीहरु भने कास्की, स्याङ्गजा, पर्वत र म्याग्दीमा मात्र रहेका छन् । वित्तीय सेवाको पहुँचमा यस प्रदेशका जिल्लाहरु बीच ठूलो भिन्नता रहेकोछ ।

४.२ प्रत्येक स्थानीय तहमा वाणिज्य बैंकहरुको शाखा खोल्ने सरकारको नीति अनुसार शाखाहरु खुल्दै जाँदा वित्तीय पहुँचमा सुधार हुने देखिन्छ । यसका लागि पहल गर्नु पर्ने देखिन्छ । यसैगरी लघुवित्त कार्यक्रम अन्तरगत प्रदेशमा सबैभन्दा बढी स्याङ्गजा र तनहुँमा क्रमशः ३२ र ३१ लघुवित्त सेवा प्रदायक संस्थाका शाखाहरु रहेकाछन् भने मनाङ र मुस्ताङ्गमा केवल ३ र ४ वटा मात्र लघुवित्त सेवा पुऱ्याउने शाखाहरु संचालनमा रहेका छन् । यस सेवालाई समेत सबै जिल्लामा विस्तार गर्नुपर्ने देखिन्छ ।

**तालिका नं. ४.१ वैंक तथा वित्तीय संस्थाहरुको विवरण**

*रकम रु. दस लाखमा*

| जिल्ला | "क" वर्ग | "ख" वर्ग | "ग" वर्ग | "घ" वर्ग | कुल | | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | संख्या | संख्या | संख्या | संख्या | कर्जा बाँकी | निक्षेप |
| कास्की | ७२ | ८० | १० | २८ | १९० | १००५८४ | ९८०५२ |
| तनहुँ | २८ | २७ | ० | ३१ | ८६ | १५८१२ | १३०३५ |
| लमजुङ | १३ | १२ | ० | १९ | ४४ | ७७३७ | ५१५० |
| गोरखा | १५ | ७ | ० | १९ | ४१ | ५८८२ | ६३७० |
| स्याङजा | १९ | १९ | १ | ३२ | ७१ | १०३१५ | १००३१ |
| वागलुङ | १९ | ११ | ० | ७ | ३७ | ७१४७ | ६४२५ |
| पर्वत | ८ | १२ | १ | १७ | ३८ | ५५४१ | ४५१३ |
| म्याग्दी | ९ | ९ | १ | ५ | २४ | ४६५१ | ३१६६ |
| मुस्ताङ | ५ | ३ | ० | ४ | १२ | ५७७ | २०७८ |
| मनाङ | ४ | १ | ० | ३ | ८ | प्राप्त नभएको | प्राप्त नभएको |
| नवलपरासी | ११ | ९ | ० | ७ | २७ | प्राप्त नभएको | प्राप्त नभएको |
| **जम्मा** | **२०३** | **१९०** | **१३** | **१७२** | **५७८** | **१५७२४७** | **१४८८२०** |

*श्रोत: नेपाल राष्ट्र वैंकबाट प्रकाशित प्रतिवेदन, २०७३ पौष ।*

४.३ कूल कर्जा तथा निक्षेप विवरणमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त सबै वर्गका बैंक तथा वित्तीय संस्थाको रकम समावेश गरिएको छ । मनाङ्ग जिल्लाको आवधिक तथ्याङ्क संकलन नगरिने भएकोले उक्त जिल्लाको कर्जा तथा निक्षेपको तथ्याङ्क यसमा समावेश गरिएको छैन ।प्रदेश नम्बर ४ अन्तर्गतको साविक गण्डकी र धवलागिरी अञ्चलका जिल्लाहरुको मात्र तथ्याङ्क समावेश गरिएको छ । नवलपरासी जिल्लाको यस प्रदेशमा रहेको स्थानमा रहेका कुनैपनि बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा निक्षेपको तथ्याङ्क

यसमा समावेश गरिएको छैन । “क” “ख” र “ग” वर्गका बैंक तथा वित्तीय संस्थाहरुका सञ्चालनमा रहेका अधिकांश शाखाहरु शहरी क्षेत्रमा केन्द्रित रहेको । यस प्रदेशमा सञ्चालनमा रहेका सबै वैंक तथा वित्तीय संस्थाका कूल शाखाहरु मध्ये करिव ३३ प्रतिशत र कुल कर्जा तथा निक्षेप रकमको क्रमश: करिब ६४ प्रतिशत र ६६ प्रतिशत अंश कास्की जिल्लामा रहेको देखिन्छ ।

## पूँजी बजार र विमा कम्पनी :

४.४ नेपालमा कार्यरत सबै १७ जीवन विमा र निर्जीवन विमा कम्पनीहरुले यस प्रदेशमा काम गरिरहेकाछन। विशेष गरी यस प्रदेशका मूख्य व्यापारिक केन्द्रहरु पोखरा, वाग्लुङ्ग, वालिङ्ग, स्याङ्गजा, दमौली, बेशीशहर, बेनी लगायतका स्थानहरुबाट कारोवार गरिरहेका विमा कम्पनीहरुले गत आर्थिक वर्षमा करिव ८५ करोड बराबरको प्रिमियम वापत विमा रकम संकलन गरेका थिए । विशेष गरी लाइफ इन्स्योरेनस कर्पोरेशन, नेपाल लाइफ एण्ड जनरल इन्स्योरेन्स कम्पनी, नेशनल लाइफ इन्स्योरेन्स कम्पनीले यस प्रदेशका बजारमा राम्रो पकड राखेका छन् ।

४.५ नेपाली अर्थतन्त्रमा पछिल्लो कालखण्डमा फस्टाउदै आएको पूँजीबजारको उपस्थिति यस प्रदेशमा सामान्य अवस्थामा रहेको छ । विशेष गरी यस प्रदेशको मूख्य व्यापारिक स्थल पोखरामा नेपाल धितोपत्र वोर्डको अनुमति प्राप्त ७ वटा ब्रोकर कम्पनीहरुले शाखा विस्तार गरी विभिन्न कम्पनीहरुको शेयर खरिद विक्रीको नियमित कारोवार गर्दै आएका छन् । पूँजीबजारको विस्तारका रुपमा यस प्रदेशको पोखरामा ७, वाग्लुङ्गमा १ र लमजुङ्गको बेशीशहरमा १ कम्पनीका कार्यालयले शेयर खरिद विक्रीको कारोबार संचालन गर्ने गरेका छन् ।

## सहकारी अभियान र पूँजी परिचालन :

४.६ सहकारी विभागबाट प्राप्त तथ्याङ्क अनुसार यस प्रदेशमा ३५२९ सहकारी संस्थाहरु सञ्चालनमा छन् । जहाँ ९ लाख चार हजार ५७३ शेयर सदस्यहरु संलग्न रहेका छन् । गुणात्मक रुपमा भन्दा संख्यात्मक रुपमा बढीरहेका सहकारीबाट ७ अर्ब १ करोड शेयर पुँजी जम्मा भएको छ भने ३८ अर्ब ७ करोड बचत तथा निक्षेप सङ्कलन गरी ४३ अर्ब ९७ करोड ऋण लगानी भएको अवस्था छ । सहकारीको लगानी पनि उत्पादनमुलक क्षेत्रमा कम र बचत तथा ऋण लगानी तर्फ बढी केन्द्रित भएको अवस्था छ । शाखाहरु सञ्चालनमा रहेका छन् । यस हिसावले यो प्रदेश समग्रमा दोस्रो स्थानमा रहेको छ । जिल्लागत रुपमा कास्कीमा सबभन्दा बढी १९० बैंक तथा वित्तीय संस्थाहरु रहेका छन् भने सबभन्दा कम मनाङ्गमा ८ वटा शाखा मात्र रहेका छन् ।

**तालिका नं. ४.२ प्रदेश नं. ४ मा सहकारी गतिविधिको अवस्था**

| जिल्ला | सहकारी संख्या | शेयर सदस्य संख्या | शेयर पूँजी (हजारमा) | निक्षेप (हजारमा) | कर्जा (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|---|
| मनाङ | १९ | ८२९ | २६६५ | ५८२९ | ६२९१ | |
| गोरखा | ४३४ | ४३४४९ | १०९५७२ | ३८८९९४ | ५२५१४७ | |
| लमजुङ | ३१६ | ९७००५ | २५५४९४ | १०२४४४९ | १२१४७२० | |
| तनहुँ | ३९० | २१२३३ | ७२४५२८ | ३२०९६४१ | ३५८७६७० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्याङ्गजा | ३६९ | १०५६७३ | ८७३३५७ | ३६७८७३९ | ३८४०६३० | |
| कास्की | ६३० | २१६९४० | १७४३३३७ | १७२८७१३४ | १९२४०३५० | |
| मुस्ताङ | ३८ | १५५० | ४५६९२ | १०२५ | ४८८३ | |
| म्याग्दी | २१० | ४२९२० | ४७३७४९ | २१३७३८९ | २३५०७७९ | |
| पर्वत | ३३४ | २५२६१ | २७४८०६ | ३६८७०५ | ४६४७२१ | |
| बाग्लुङ | ४७३ | ६९४३५ | १२९२१६२ | २६२०२१८ | ४०५६८६८ | |
| नवलपरासी (पूर्व) | २३७ | १२५४२७ | ६०८५२८ | ३६७८०९९.५ | ४५४८३९२ | |
| **प्रदेश** | **३४५० (९.९%)** | **७४९७२२ (११.८%)** | **६४०३८९० (८.७%)** | **३४४००२२२.५ (११.३%)** | **३९८४०४५१ (१४.५%)** | |
| **देश** | **३४५१२** | **६३०५५८१** | **७३१७८७१५** | **३०२१६४५१३** | **२७३७१०४३९** | |

श्रोत: कृषि तथा सहकारी मन्त्रालय, सहकारी विभाग, आ.व. २०७३/०७४ आषाढ

४.७ नेपालमा स्थापित सहकारी संस्थाहरु मध्ये यस प्रदेशमा ९.९ प्रतिशत संस्था रहेका छन् भने शेयर सदस्यहरु ११.८ प्रतिशत रहेका छन् । त्यस्तै गरी शेयर पूँजी, निक्षेप सङ्कलन र ऋण लगानी तर्फ यस प्रदेशको अवस्था ऋण लगानीमा १४.५ प्रतिशत रही तुलानात्मक रुपमा राम्रो रहेकोछ । यद्यपि राष्ट्रिय आंकाडामा हेर्दा सहकारी अभियानमा थप प्रयास गर्नुपर्ने देखिन्छ ।

४.८ संख्यात्मक रुपमा सहकारीहरुको बाक्लो उपस्थिति रहे पनि गुणात्मक हिसावमा सहकारीको मर्म अनुरुप आर्थिक गतिविधिमा सक्रियता बढ्न सकेको देखिदैंन । सहकारीलाई कृषि तथा सेवा व्यवसाय तर्फ सकृयता बढाउनु आवश्यक देखिन्छ ।

# ५. कृषि, वन र भूमिसुधार

## कृषि उत्पादन :

**५.१** देशको जनसंख्या मध्ये ६८ प्रतिशत जनताको प्रत्यक्ष रोजीरोटीको अवसर र राष्ट्रिय अर्थतन्त्रको कुल ग्राहस्थ उत्पादनमा करिव ३० प्रतिशत योगदान कृषि क्षेत्रको रहेको छ । यस अर्थमा कृषि क्षेत्रको नेपाली अर्थतन्त्रमा महत्वपूर्ण योगदान रहेको छ । यस प्रदेशमा पनि कूल जनसंख्याको ४,१७,५२३ घरपरिवार अर्थात ७२.४ प्रतिशत घरधुरी कृषि पेशामा संलग्न रहेका छन् ।

५.२ यस प्रदेशको कूल भू-भाग मध्ये २,५५,६५१ हेक्टर जमिन खेतीयोग्य रहेको छ भने जम्मा १,१७,३१५ हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा पुगेको छ । यसमा सबैभन्दा कम खेतीयोग्य जमीन रहेको र सिंचाई पनि कम भएको जिल्ला मनाङ्ग हो भने सबैभन्दा बढी क्षेत्रफल खेतीयोग्य जमीनको रुपमा रहेको जिल्ला नवलपरासी (सुस्ता-बर्दघाट पूर्व) रहेको छ ।

५.३ यस प्रदेशका प्रमुख खाद्यान्न वालीमा धान, गहुँ, मकै, कोदो, फापर र जौ रहेका छन् । त्यस्तै दलहन, तेलहन, आलु, फलफूल, तरकारी आदि यहाँका प्रमुख उत्पादन हुन् । तर खाद्यान्न र आलुमा बाहेक अन्य उत्पादनमा यस प्रदेश आफैंमा आत्मनिर्भर भने हुन सकेको छैन ।

**तालिका नं. ५.१ कृषि उत्पादनको जिल्लागत विवरण र सन्तुलनको अवस्था (मेट्रिक टनमा)**

| जिल्ला | खाद्यान्न | दलहन | तेलहन | तरकारी | आलु |
|---|---|---|---|---|---|
| गोरखा | ४७६०५ | २९८४ | ६१.८ | ३१८९७ | २१३४७ |
| तनहुँ | ८४९१७ | २५१७.६ | २२६.३६ | ३२६१२ | ६११२ |
| लमजुङ्ग | ४६१७२.४ | १३६६.५ | ३६१.५३ | ३५६९५ | २०८१६ |
| स्याङ्गजा | ८७४०८ | १२८१ | ९७ | ३४३६२ | १०३७३ |
| कास्की | ८०९३९ | ७७५.१३ | १७३ | ५१०३५ | २२१६५ |
| मनाङ्ग | ८६६ | १४८ | २.५ | १६७२ | ७६११ |
| मुस्ताङ्ग | १७९६ | १२४ | १०.५ | ४५२४ | ३०५८ |
| म्याग्दी | ३५१५१ | ९३५.८६ | ८८.१६ | १११०२ | १६८६९ |
| पर्वत | ३१३९३ | ४९५ | ११३६ | २२३७० | २३२५० |
| बाग्लुङ्ग | ७४५४३ | १४९४ | २८२ | १७७८५ | १३६५४ |
| नवलपरासी(पूर्व) | ७१४६१.४ | २३१८.५७ | १५१५ | १३१०५ | ३५७५ |
| **जम्मा** | **५६२२५१.८** | **१४४३९.६६** | **३९५३.८५** | **२५६१५९** | **१४८८३०** |
| **आवश्यकता** | **४८७१३२** | **६७१९६** | **२४०२५.४** | **२५७०३४** | **८६५७४** |
| **सन्तुलन अवस्था न्यून र बचत** | **७५१२०** | **-५२७५६.४३** | **-२०५३५.४** | **-८७५** | **६२२५६** |

*श्रोत: क्षेत्रीय कृषि निर्देशनालय, पोखरा,२०७४*

*नोट:- नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) को हकमा साविक नवलपरासी जिल्लाको प्राप्त तथ्याङ्कलाई २ ले भाग गरी राखिएको ।*

## प्रदेशका प्रमुख वालीहरु

५.४ यस प्रदेशको प्रमूख खाद्यान्न बालीहरुमा धान, गहुँ, मकै, कोदो फापर, जौ, उवा आदि रहेका छन । त्यस्तै गरी दलहन तर्फः मास, मुसुरो, केराउ, अरहर, सिमी, मस्याङ, बोडी, भट्ट, हिउँदे सिमी, राज्मा हुन भने तेलहन तर्फः तोरी, सरसौं, रायो, तिल, आलस, सूर्यमुखी, सिलाम, भाङ आदि रहेका छन । तरकारी तर्फ काउली, बन्दा, मूला, गाजर, भण्टा, गोलभेंडा, आलु, रायो, चमसुर, मेथी, पालुङ्गो, निउरो, सिप्लीगान, वेथे, टुसा, तामा, च्याउ, कुरिलो, खोले साग, फापर, फर्सी, स्कुस, घिरौंला, लौका, काँक्रा, पिंडालु, तरुल, लसुन, प्याज, भोटे

लसुन आदि रहेका छन भने फलफुल तर्फ सुन्तला, स्याउ, ओखर, केरा, मेवा, कागती, आँप, आरु, नासपति, खुर्पानी, अम्वा, वेलाउती, केरा आदि रहेका छन । आय आर्जनका दृष्टिमा महत्वपूर्ण मानिएको नगदे वाली तर्फ चिया, कफी, अलैंची, अम्रिसो, अदुवा, खुर्सानी, वेसार, हलेदो, मास आदी रहेका छन ।

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना :

५.६ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत यस प्रदेशमा कास्कीलाई तरकारीको लागि सुपरजोन कायम गरिएको छ भने विभिन्न तरकारी, फलफुल तथा बीउ उत्पादनका लागि जोन तथा ब्लक कायम गरिएका छन् । त्यस्तै प्रदेशका विभिन्न जिल्लाहरुलाई निश्चित वाली पकेट क्षेत्र कायम गरिएको छ । स्याङ्जा जिल्लाका पुतलीबजार नगरपालिका, अर्जुन चौपारी, ठुलाडिही, भिरकोट नगरपालिका र एलादी क्षेत्रलाई सुन्तलाजोनात र पर्वत जिल्लाका खानीगाउँ, मुडीकुवा, शंकरपोखरी, थापाठाना, लिमीठाना र ठानामौला क्षेत्रलाई मकै तथा मकै बीउ जोन घोषणा गरिएको छ। त्यस्तै गोरखा जिल्लाका विभिन्न क्षेत्रलाई सुन्तलाजोन/मकै/मकै बीउका लागि, लमजुङ्गमा अलैंची र तरकारी खेतीका लागि तथा सुन्तलाजोनत र तरकारी खेतीका लागि वाली ब्लक क्षेत्र छुट्टयाइएको छ । यसका साथै प्रदेशका सबै जिल्लामा निश्चित ठाऊँमा वाली पकेट क्षेत्र कायम गरिएको छ।

५.७

**तालिका नं. ५.२ कृषि उत्पादनका बाली ब्लकहरु**

| जिल्ला | बाली विवरण | क्षेत्र | बाली | क्षेत्र |
|---|---|---|---|---|
| गोरखा | सुन्तलाजात | मनकामना, ताक्लुङ्ग, धैरुङ्ग | मकै/मकै बीउ | गाँखु, श्रीनाथकोट, छोप्राक, थालाजुङ्ग, खोप्लाङ्ग |
| लमजुङ्ग | अलैंची | बाँफाखेल, धर्सु, भुलभुले | तरकारी | तार्कुघाट, चक्रतीर्थ, धमिलो |
| तनहुँ | सुन्तलाजात | छिपछिपे, बैदी | तरकारी | जामुने, मानपाङ्ग, छाङ |

श्रोतः क्षेत्रीय कृषि निर्देशनालय, पोखरा

५.८ यस प्रदेश अन्तरगतका गोरखा, लमजुङ्ग, मुस्ताङ्ग र तनहुँका विभिन्न क्षेत्रमा सुन्तलाजात, अलैंची, मकै बिउ, तरकारी, आलु, स्याउ, केरा, तोरी, मत्स्य, धान आदिका लागि र कृषि उत्पादनका बाली ब्लक एवं पकेट क्षेत्र तोकेर तदअनुरुपका कार्यक्रम र गतिविधिहरु संचालन गरिएका छन । कास्की र नवलपरासी जिल्लामा यस्ता पकेट क्षेत्रहरुको संख्या बढी रहेको छ भने मुस्ताङ र मनाङमा केवल पाँच पाँच पकेट क्षेत्र निम्नानुसार तोकिएका छन् ।

**तालिका नं. ५.३ कृषि बालीका पकेट क्षेत्रहरू**

| जिल्ला | बाली विवरण | पकेट क्षेत्र संख्या |
|---|---|---|
| नवलपरासी(बर्दघाट सुस्ता पूर्व) | मकै, तरकारी, केरा, तोरी, मत्स्य, आलु, धान, सुन्तला | २३ |
| बाग्लुङ्ग | मकै, तरकारी र सुन्तला | २० |
| म्याग्दी | मकै, तरकारी र सुन्तला | १५ |
| पर्वत | मकै, तरकारी र सुन्तला | २० |
| मुस्ताङ्ग | आलु, तरकारी र स्याउ | ५ |
| कास्की | मकै, तरकारी र सुन्तला | २५ |
| गोरखा | मकै, तरकारी र सुन्तला | २० |
| तनहुँ | मकै, तरकारी र सुन्तला | २० |
| लमजुङ्ग | अलैंची, तरकारी र सुन्तला | २० |
| स्याङ्गजा | मकै, तरकारी र सुन्तला | २० |
| मनाङ्ग | आलु, तरकारी र स्याउ | ५ |

*श्रोतः क्षेत्रीय कृषि निर्देशनालय, पोखरा, २०७४*

५.९ मनाङको भ्राताङ्गमा रहेको संभवत निजी क्षेत्रको लगानीमा स्थापित ठूलो क्षेत्रमा फैलिएको (१४०० रोपनी) स्याउ उत्पादन फारम र मुस्ताङ्गको मार्फादेखि छुसाङ्गसम्म स्याउ बगैचा विकास कार्यक्रम संचालन गरिएको छ । मनाङ्गको ढिकुरपोखरी होम्डे र मुस्ताङ्गको मार्फा क्षेत्रमा कस्तुरी मृग संरक्षण एवं व्यवस्थापन कार्य अगाडि बढिरहेको छ । प्रदेशका उत्तरतर्फ रहेका हिमाली र पहाडी पाँच जिल्लामा  पाँचऔंले, निरमसी, यार्सागुम्बा लगायतका जडिवुटीहरुको व्यवसायिक उत्पादनको राम्रो सम्भावना रहेको छ भने कतिपय जिल्लामा शुरुवात समेत भइसकेको अवस्था छ । गोरखाको गाई फर्म, तनहुँ तथा स्याङ्गजाको बाखा फर्म, माहुरी पालन, कास्कीको ट्राउट माछा पालन, वंगुर फर्म, घाचोकको भैसी फर्म, वाग्लुङ्गको आलु तथा मकै उत्पादन, पर्वत र म्याग्दीमा गैह्रकाष्ठ पैदावरको उत्पादनले व्यवसायिकीकरणको रुप लिदैं आएका छन् ।

**भू-उपयोगको अवस्था :**

**५.१०** भूमी यस प्रदेशको महत्वपूर्ण प्राकृतिक स्रोत हो र यसको उपयोग मानव जीवनमा अपरिहार्य हुन्छ । यस प्रदेशको विभिन्न ठाँउमा त्यहाँको हावापानीको अवस्था, माटोको उर्वरता, जमिनको ढाल, जनघनत्व अनुसार जमिनको उपयोग विभिन्न प्रयोजनका लागि उपयोग गरिएको पाइन्छ । केन्द्रीय तथ्याङ्क विभागद्वारा प्रकाशित Compendium of Environmental Statistics Nepal 2015 मा प्रकाशित तथ्याङ्क अनुसार यस प्रदेशको कुल क्षेत्रफलको ३४.९ प्रतिशत भाग जंगल, २४.७ प्रतिशत भाग हिंउँ, १७.८ प्रतिशत भाग कृषि भूमी, १३.७ प्रतिशत भाग बुट्यान, ९.१प्रतिशत भाग बाँझो जमिन, ०.४ प्रतिशत भाग पानी र ०.६ प्रतिशत भाग अन्य प्रयोजनका लागि उपयोग गरिएको छ । समग्र देशको अवस्थासंग तुलना गर्दा, यस प्रदेशमा वन जंगलले ढाकेको क्षेत्र ४.२ प्रतिशत ले र कृषि क्षेत्र ९.६ प्रतिशत ले कम छ भने बुट्यानले ढाकेको क्षेत्र ५ प्रतिशत ले र हिमाच्छादित क्षेत्र ११.३ प्रतिशत ले बढी छ । यस प्रदेशको बिस्तृत भू-उपयोग प्रारुप तलको तालिकामा देखाइएको छ ।

**तालिका नं.५.४ प्रदेश नं ४ को भू-उपयोग प्रारुप, २०१५ (हेक्टरमा)**

| जिल्ला | जङ्गल | बुट्यान | कृषि | पानी | बाँझो | हिउँ | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| गोरखा | १०११५८ | ५२८८५ | ६२८८६ | ४९७ | २३६१६ | ११९१४१ | ० | ३६०१८३ |
| लमजुङ्ग | ८७५५२ | २२३२८ | ३०९९९ | ६०७ | ९११६ | १५१६२ | ० | १६५७६४ |
| तनहुँ | ७१९५९ | १८८८१ | ६०८५० | १००४ | १४१० | ४९ | ० | १५४१५३ |
| स्याङ्गजा | ५१२१४ | १६६८५ | ४५५१५ | ७०७ | १२९३ | ७४ | ० | ११५४८८ |
| कास्की | ८९०८७ | २४८८१ | २८३६१ | १८०३ | १०४१७ | ४७३०८ | ० | २०१८५७ |
| मनाङ्ग | अप्राप्त | अप्राप्त | अप्राप्त | अप्राप्त | अप्राप्त | अप्राप्त | अप्राप्त | अप्राप्त |
| मुस्ताङ्ग | १६७२३ | २३५८७ | २८५ | २७२ | ७८२४१ | २२९२९५ | १०८५६ | ३५९२५९ |
| म्याग्दी | ६७८९७ | ५१५७४ | १६७४४ | ३३० | २३०३५ | ७०४४४ | ० | २३००२४ |
| पर्वत | २६१८९ | ७७५६ | १५३७१ | १४१ | ७३५ | ७ | ० | ५०१९९ |
| बाग्लुङ्ग | ९१५०५ | ३९७०२ | २१४५३ | ३९१ | २४६१२ | १७३८ | ० | १७९४०१ |
| नवलपुर | ५७०९३ | ९६८९ | ६६६७६ | २०७७ | ५८९९ | १६ | ० | १४१४५० |
| **जम्मा (प्रदेश)** | **६६०३७७** | **२६७९६८** | **३४९१४०** | **७८२९** | **१७८३७४** | **४८३२३४** | **१०८५६** | **१९५७७७८** |
| **% प्रदेश** | **३३.७%** | **१३.७%** | **१७.८%** | **०.४%** | **९.१%** | **२४.७%** | **०.६%** | **१००%** |
| **% देश** | **३७.९%** | **८.७%** | **२७.४%** | **०.४%** | **११.४%** | **१३.४%** | **०.७%** | **१००%** |

श्रोत केन्द्रीय तत्थ्याङ्क विभाग, *Compendium of Environmental Statistics Nepal 2015*

५.११ प्रदेश नं ४ का जिल्लाहरुमा भू-उपयोगको तुलना गर्दा सर्वाधिक जमिन जंगलद्वारा ढाकिएको जिल्लामा लमजुङ (५२.८ प्रतिशत), सर्वाधिक जमिन बुट्यान भएको जिल्ला म्याग्दी (६.८ प्रतिशत), सर्वाधिक जमिन कृषि क्षेत्रले ओगटेको जिल्ला नवलपुर (४७.१ प्रतिशत), सर्वाधिक पानीले ढाकेको क्षेत्रफल भएको जिल्ला पनि नवलपुर (१.४ प्रतिशत) हुन् । यस्तै गरी, सर्वाधिक बाँझो जमिन, हिमाच्छादित क्षेत्र र अन्य प्रयोजनमा भएको जमिनको अनुपात अन्य जिल्लाहरुको तुलनामा मुस्ताङमा बढी छ, जुन प्रतिशतको हिसाबमा क्रमश २१.८ प्रतिशत, ६३.८ प्रतिशत र ०.३ प्रतिशत हुन आउँछ । समग्र देशको अवस्थासंग तुलना गर्दा, यस प्रदेशमा वन जंगलले ढाकेको क्षेत्र ४.२ प्रतिशतले र कृषि क्षेत्र ९.६ प्रतिशतले कम छ भने बुट्यानले ढाकेको क्षेत्र ५ प्रतिशतले र हिमाच्छादित क्षेत्र ११.३ प्रतिशतले बढी छ ।

## कृषि भूमिको उपयोग र सिंचाई :

५.१२ केन्द्रीय तथ्याङ्क विभागको कृषि गणना २०६८ अनुसार यस प्रदेशमा २०२९८.६ हेक्टर खेती योग्य जमिन रहेको छ, जुन यस प्रदेशको कुल भूभागको २०.३१ प्रतिशत जति हुन आउँछ । तर क्षेत्रीय सिंचाई कार्यालयबाट प्राप्त पछिल्लो तथ्यांक अनुसार प्रदेशको कुल क्षेत्रफल २१,९१,७८१ (एक्काइस लाख एकानब्बे हजार सात सय एकासी) हेक्टर मध्ये २,५५,६५१ (दुई लाख पच्पन्न हजार छ सय एकाउन्न) हेक्टर अर्थात ११.६६ प्रतिशत मात्र खेतीयोग्य जमिन रहेको छ । यसमध्ये कुल १,१७,३१५ (एक लाख सत्र हजार तीन सय पन्ध्र) हेक्टर भू-भागमा मात्र बाह्रै महिना सिंचाइको सुविधा पुगेको छ । यो कूल खेतीयोग्य भू-भागको करिब ४५.८८ प्रतिशत मात्र हुन आउँछ । यसबाट के देखिन्छ भने यस प्रदेशको करिब ५५ प्रतिशत भू-भागमा

मौसमी सिंचाइ र आकाशे पानीको माध्यमबाट खेती हुने गरेको छ । यसमा कूल ७०,६३६ हेक्टर भू-भाग आकाशे पानीबाट सिंचित (Rainfed Area) र ६०,६४४ हेक्टरमा मौसमी सिंचाइका माध्यमबाट खेती गरिएको देखिन्छ ।

## खाद्यान्न उत्पादन र कृषि सेवा :

५.१३ यस प्रदेशमा ४ लाख ४८ हजार २१८ घरधुरी कृषि कार्यमा संलग्न रहेका छन् । कृषि मन्त्रालयबाट प्रकाशित पुस्तिकामा उल्लेखित तथ्याङ्क अनुसार यस प्रदेशमा ५६७९३८ मे.ट. खाद्यान्न उत्पादन हुन्छ भने ५४४४२३ खाद्यान्नको आवश्यकता रहेकोले २३५१५ मे.ट. खाद्यन्न बचत रहने अवस्था देखिन्छ । तर प्रदेशका चार जिल्लाहरु क्रमश मनाङमा ३४ प्रतिशत मुस्ताङमा २९ प्रतिशत कास्कीमा २५ प्रतिशत र गोरखामा ४ प्रतिशत खाद्यान्न न्यून रहेको देखिन्छ । उत्पादन वृद्धिका लागि खेतियोग्य जमिनको पूर्ण उपयोग गर्दै व्यवसायिक खेती तर्फ जोड दिनु आवश्यक छ। कृषि उत्पादनलाई बढवा दिने उद्देश्यका साथ यस प्रदेशमा ५८ कृषि सेवा केन्द्रहरु र ४८ कृषि सम्पर्क केन्द्र संचालनमा रहेका छन् ।

५.१४ सिंचाइ सुविधा जिल्लागत रुपमा हेर्दा यस प्रदेश अन्तर्गत सबैभन्दा बढी सिंचाइ सुविधा पुगेको जिल्ला नवलपरासी (सुस्ता-बर्दघाट पूर्व) रहेको छ । यहाँको कुल ३९,०६३ हेक्टर खेतीयोग्य भूमि मध्ये ३५,८४७ हेक्टर अर्थात ९१.७६ प्रतिशत भू-भागमा सिंचाइ सुविधा उपलब्ध छ भने सबैभन्दा कम सिंचित भूमि रहेको जिल्ला मुस्ताङ्ग हो । यहाँको ४,२२१ हेक्टर खेतीयोग्य भूमि मध्ये जम्मा १५९ हेक्टर अर्थात् ३.७६ प्रतिशत भू-भाग मात्र सिंचित छ । त्यस्तै मनाङ्ग, म्याग्दी, बाग्लुङ्ग, स्याङ्गजा जिल्लामा पनि सिंचाइ सुविधा पुगेको कृषियोग्य जमीन निकै कम रहेको देखिन्छ। समग्र जिल्लाको सिंचाइको अवस्था हेर्दा भौगोलिक बनोट सहज सिंचाइ सुविधा विस्तारमा बाधक बनेको देखिन्छ।

**तालिका नं. ५.५ सिंचाईको अवस्था (हेक्टरमा)**

| जिल्ला | कुल क्षेत्रफल | कृषियोग्य भूमि | सिंचित क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|---|
| गोरखा | ३६१४६९ | ३३९१५ | ११०२७ | ३२.५१ |
| तनहुँ | १५६८७८ | ३३९७१ | १४४९६ | ४२.६७ |
| लमजुङ्ग | १७०८७१ | २३८४८ | ११९३७ | ५०.०५ |
| स्याङ्गजा | १०३५५५ | ३१०१७ | ९८४८ | ३१.७५ |
| कास्की | २१३१६७ | ३१४०५ | १५९६० | ५०.८ |
| मनाङ्ग | २१९६२५ | ७१८ | १२१ | १६.८५ |
| मुस्ताङ्ग | ३५५९५१ | ४२२१ | १५९ | ३.७६ |
| म्याग्दी | २३०००७ | १५७४० | ३६८५ | २३.४१ |
| पर्वत | ५४९३१ | १५२३१ | ६४५५ | ४२.३८ |
| बाग्लुङ्ग | १८२७४५ | २६५२२ | ७७८० | २९.३३ |
| नवलपरासी(पूर्व) | १४२५८२ | ३९०६३ | ३५८४७ | ९१.७६ |
| **जम्मा** | **२१९१७८१** | **२५५६५१** | **११७३१५** | **४५.८८** |

*श्रोत: क्षेत्रीय सिंचाइ निर्देशनालय, पोखरा, २०७४*

५.१५ प्रदेशमा सञ्चालित सिंचाइ आयोजना मध्ये कार्यान्वयनमा रहेको पोखरा जलउपयोग तथा सिंचाइ प्रणालीको सेती हेडवर्क्स पुनरस्थापना कार्य भइरहेको छ, जसको सिंचित क्षेत्र १०३० हेक्टर र लागत अनुमान रु.३६,०५,२७०००।-(छत्तीस करोड पाँच लाख सत्ताईस हजार रुपैयाँ) रहेको छ भने कमाण्ड क्षेत्रको आधारमा सबैभन्दा ठूलो आयोजना विजयपुर सिंचाइ प्रणाली रहेको छ। यसको सिंचित क्षमता १२८० हेक्टर रहेको छ ।

## वन जंगलको अवस्था :

५.१६ वन तथा भूसंरक्षण मन्त्रालयबाट २०१७ मा प्रकाशित स्थानीय तहमा वन तथा जलाधार क्षेत्रको वस्तगत् विवरणमा प्राप्त जानकारी अनुसार प्रदेश नं ४ को ३७.१३ प्रतिशत भूभागमा वन क्षेत्र रहेको छ जुन राष्ट्रिय औसत (४०.४ प्रतिशत) भन्दा कमी हो । यस प्रदेशको ८९४९.७ हेक्टर भूभाग वन जंलगले ढाकिएको छ भने ६००८.५ हेक्टर घाँसे मैदान एवं चरन क्षेत्रको रुपमा रहेकोछ । यस अनुसार प्रदेशका पहाडी जिल्लाका उत्तरी क्षेत्र तथा हिमाली जिल्लाका भूभागहरु पशुपालनका लागि बढी उपयुक्त रहेका छन् ।

५.१७ जिल्लागत रुपमा प्रदेशको सबैभन्दा बढी गोरखामा १३२१.२ वर्ग कि.मी. वन क्षेत्र रहेको छ भने सबभन्दा कम पर्वत जिल्लामा २७६.४ वर्ग कि.मि. क्षेत्रमा वन रहेको छ । प्रदेशका मनाङ र मुस्ताङ जिल्लामा कूल क्षेत्रफलको १२.१ प्रतिशत र ७.९९ प्रतिशत भू-भाग मात्र वनजगंलले ढाकेको छ ।

**तालिका नं. ५.६ वनले ढाकेको क्षेत्रफल विवरण**

| जिल्ला | वनले ओगटेको क्षेत्रफल (वर्ग कि.मी.) | जम्मा क्षेत्रफल (वर्ग कि.मि.) | % |
|---|---|---|---|
| गोरखा | १३२१.२ | ३६५५.७ | ३६.१४ |
| लमजुङ्ग | ९२०.५ | १६६५.९ | ५५.२६ |
| तनहुँ | ८३०.३ | १५७५ | ५२.७२ |
| स्याङ्गजा | ४७९.४ | १०३४.४ | ४६.३५ |
| कास्की | ९५२ | २०८७.६ | ४५.६० |
| मनाङ्ग | २८१.३ | २३२४.९ | १२.१० |
| मुस्ताङ्ग | २८५ | ३५६८.६ | ७.९९ |
| म्याग्दी | १०८४.७ | २२८६.५ | ४७.४४ |
| पर्वत | २७६.४ | ५४२.१ | ५०.९९ |
| बाग्लुङ्ग | ९२६.९ | १८३६.१ | ५०.४८ |
| नवलपरासी (पूर्व) | ७७८.३ | १३३३.३ | ५८.३७ |
| **जम्मा** | **८१३६** | **२१९१०.१** | **३७.१३** |

*श्रोत: क्षेत्रीय वन निर्देशनालय कार्यालय, पोखरा, २०७४*

५.१८ यस प्रदेशमा रहेका सरकारी, सामुदायिक र निजी वनको अवस्था देहाय वमोजीम रहेको छ ।

**तालिका नं. ५.७ वन व्यवस्थापनका प्रकार र क्षेत्रफल**

| वनका प्रकार | क्षेत्रफल (वर्ग कि.मी) | प्रतिशत (%) |
|---|---|---|
| सरकारी वन | ४१४९.५७ | ६०.३९ |
| सामुदायिक वन | २७१९.३६ | ३९.५८ |
| निजी वन | २.०२ | ०.०३ |
| **जम्मा** | **६८७०.९५** | **१००** |

*श्रोत: आ.वा. २०७२/०७३, क्षेत्रीय वन निर्देशनालय, पोखरा*

## वनपैदावरको उत्पादन :

५.१९ यस प्रदेशको आर्थिक क्षेत्रमा वनपैदावारको पनि महत्वपूर्ण स्थान रहेको छ । प्रमुख काष्ठ तथा गैरकाष्ठ वन पैदावारहरु वन क्षेत्रबाट प्राप्त हुने राजस्वको प्रमुख श्रोत हुन् भने अन्य वन उपभोक्ता समितिहरु मार्फत्

प्राप्त हुने शुल्क, जरिवानाले पनि राजस्वमा केही योगदान गर्न सक्ने देखिन्छ । यस प्रदेशको वन व्यवस्थापनमा सरकारी र सामुदायिक वन व्यवस्थापनको भूमिका महत्वपूर्ण देखिएको छ । जसले जम्मा वन क्षेत्रफलको ६०.३९% र ३९.५८% प्रतिशत वनलाई व्यवस्थित गरेका छन । यसरी संरक्षित वनलाई उपयुक्त तवरले उपभोगमा ल्याउन सकेमा काठ तथा गैह्रकाठको उत्पादन र बिक्रीबाट प्रदेशको राजस्वमा उल्लेख्य योगदान पुग्ने देखिन्छ ।

५.२० प्रमुख काष्ठ तथा गैरकाष्ठ वनपैदावरको अवस्था विश्लेषण गर्दा साल, सतिसाल, खयर, चिलाउने, सल्ला, उत्तिस, चाँप जस्ता प्रमुख काष्ठ वन पैदावर रहेका छन भने गैर काष्ठ पैदावर तर्फ लोक्ता, अल्लो, कुटकी, चिराइतो, गुच्छी च्याउ, जटामसी, यार्सा गुम्बा, तेजपात, मजिठो, सुगन्धवाल, वनलसुन, सतुवा जिम्वु, जस्ता प्रजातिका विरुवाहरु पाइन्छन ।

५.२१ क्षेत्रीय वन निर्देशनालयबाट प्राप्त तथ्यांक अनुसार यस प्रदेशबाट साल र खयरको काठ तथा दाउरा बिक्रीबाट आर्थिक वर्ष ०७३/०७४ मा रु.५७,१९२,८३८.३५ राजस्व प्राप्त भएको देखिन्छ । यसमा सब भन्दा बढी नलवपरासी र तनहुँ जिल्लाबाट संकलन भएको छ भने म्याग्दी र पर्वत जिल्लाबाट न्यून संकलन भएको देखिन्छ । त्यस्तै गरी सोही आर्थिक वर्षमा गैह्रकाष्ठ उत्पादन तर्फ वाग्लुङ्ग जिल्लाबाट मात्र रु.७९०३३९ राजस्व संकलन भएको देखिएकोछ ।

**तालिका नं.५.८ काठ तथा दाउरा बिक्रीबाट प्राप्त राजस्वको विवरण (आ.व. ०७३/०७४)**

| जिल्ला | काष्ठ पैदावर (क्यू. फिट) | | | | दाउरा | राजस्व रु. (मु.अ.कर सहित) |
|---|---|---|---|---|---|---|
| | साल | खयर | अन्य | जम्मा | | |
| नवलपरासी (पूर्व) | २१२५३.८५ | ७४६.३५ | ३७६३७.८ | ५८६३८ | ६५.६५ | ७५३८९६८.९५ |
| बाग्लुङ्ग | ०.० | ०.० | ४२८०७.२ | ४२८०७.२ | ३८.४ | ६१४६४७.० |
| म्याग्दी | ०.० | ०.० | ६८२७.९ | ६८२७.९ | १.८ | १६६६८३.५ |
| पर्वत | ०.० | ०.० | ७५७५४.१ | ७५७५४.१ | ३.० | १६१९९७२ |
| मुस्ताङ्ग | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| कास्की | ०.० | ०.० | २८६८१.५ | २८६८१.५ | ८३.२ | ८७८०८५ |
| गोरखा | १०९७.५ | २२९०.० | २९४१० | ३२७९७.५ | ८६७.३ | २०५७६०७.९ |
| तनहुँ | ९४६२५.० | ६१९१७.३ | ४४७०० | २०१२४२.४ | ३७१.५ | ३७२७८२१४ |
| लमजुङ्ग | ०.० | १८३.४ | १६३२६.९ | १६५१०.३ | १०७.९ | ३४७२२१ |
| स्याङ्जा | १०९०.९ | ७३४१२ | ३२९९५ | १०७४९७.९ | ८२ | ६६९१४३९ |
| मनाङ्ग | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| **जम्मा** | **११८०६७.२५** | **१३८५४९.०५** | **३१५१४०.४** | **५७०७५६.८** | **१६२०.७५** | **५७१९२८३८.३५** |

*श्रोतः क्षेत्रीय वन निर्देशनालय, पोखरा, २०७४*

*नोटः- नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को हकमा साबिक नवलपरासी जिल्लाको प्राप्त तथ्याङ्कलाई २ ले भाग गरी राखिएको ।*

५.२२ यस प्रदेशको आम्दानीको श्रोतमा काष्ठ एवं गैरकाष्ठ पैदावरको बिक्रीबाट उल्लेख्य सहयोग पुग्ने देखिन्छ । हिमाली पहाडी एवं भित्रि मधेका भुभागमा रहेका विभिन्न औषधिजन्य एवं अन्य उत्पादन मुलक गैरकाष्ठ पैदावरबाट प्राप्त राजस्व विवरणलाइ हेर्दा यसको ब्यवसायिक उत्पादनको संभावना समेत देखिएको छ ।

**तालिका नं. ५.९ गैरकाष्ठ बिक्रीबाट प्राप्त राजस्वको विवरण (आ.व. ०७३/०७४)**

| जिल्ला | गैरकाष्ठ वनपैदावर (के.जी.मा) | | | प्राप्त राजस्व रु. (मु.अ.कर सहित) | अन्य राजस्व रु. (सा.व.उ.स.) |
|---|---|---|---|---|---|
| | Resin | Medicinal plants | Total | | |
| नवलपरासी(पूर्व) | NA* | NA | NA | NA | NA |
| बाग्लुङ्ग | ६७३९०.७ | २५४९०.० | ९२८८०.७ | ३७८४७९.० | ७९०३३९.० |
| म्याग्दी | NA | ५९८४.७ | ५९८४.७ | २५१९०५.० | NA |
| पर्वत | NA | NA | NA | NA | NA |
| मुस्ताङ्ग | NA | NA | NA | NA | NA |
| कास्की | NA | NA | NA | NA | NA |
| गोरखा | NA | १५७३६.० | १५७३६.० | २३४७१०.० | NA |
| तनहुँ | NA | NA | NA | NA | NA |
| लमजुङ्ग | NA | ७९३६.८ | ७९३६.८ | १०७६५०.० | NA |
| स्याङ्गजा | NA | NA | NA | NA | NA |
| मनाङ्ग | NA | १३००.९ | १३००.९ | १६०५२८५.० | NA |
| **जम्मा** | **६७३९०.७** | **५६४४८.४** | **१२३८३९.१** | **२५७८०२९.०** | **७९०३३९.०** |

*श्रोतः क्षेत्रीय वन निर्देशनालय, पोखरा, २०७४* (*NA= Not Available)

## पशु एवं पंक्षीजन्य उत्पादन :

५.२३ पशुचौपाया र हाँस कुखुरा लगायतका पंक्षीजन्य उत्पादनमा पनि यस प्रदेशको संभावना राम्रो रहेको छ । उत्तर तर्फका हिमाली तथा पहाडी जिल्लाहरुमा रहेका घाँसे मैदानमा व्यवसायिक पशुपालनको राम्रो सम्भावना रहेको छ भने कुखुरा पालन तथा माछा पालन तर्फ समेत तनहुँ, गोरखा, कास्की स्याङ्गजा, पर्वत वाग्लुङ्ग लगायतका जिल्लाहरुमा व्यवसायिक उत्पादन भइरहेको छ । दुग्ध उत्पादन तर्फ कास्की, नवलपुर स्याङ्गजा जिल्ला अगाडि रहेका छन ।

**तालिका नं. ५.१० प्रदेशमा दुग्ध उत्पादनको अवस्था (मे.ट.मा, आ.व.२०७३/०७४)**

| जिल्ला | गाईको दूध | भैंसीको दूध | नाक चौरीको दूध | जम्मा दूध |
|---|---|---|---|---|
| लमजुङ | ४२९९ | ११७०१ | NA | **१६०००** |
| गोरखा | २६५५ | ३५७५ | १०८ | **६३३८** |
| तनहुँ | १४०१० | ३५४५७ | ० | **४९४६७** |
| कास्की | १९४३२ | ५२१७० | २६ | **७१६२८** |
| स्याङ्जा | ११३७१ | ४०५३८ | ० | **५१९०९** |
| म्याग्दी | १६४७ | ३९४४ | १ | **५५९२** |
| पर्वत | ४६३७ | ७६५३ | ० | **१२२९०** |
| बाग्लुङ | ७९४१ | १८३५९ | ० | **२६३००** |
| नवलपरासी (पूर्व) | २३४९६ | ४५६०९ | ० | **६९१०५** |
| मनाङ | ५९ | ० | १०० | **१५९** |
| मुस्ताङ | ३५१ | ३४ | ९८ | **४८३** |
| **जम्मा** | **८९८९८** | **२१९०४०** | **३३३** | **३०९२७१** |

*श्रोतः क्षेत्रीय पशुसेवा निर्देशनालय, पोखरा, २०७४*

५.२४ यो प्रदेशका तनहुँ, स्याङ्जा, कास्की, म्याग्दी जिल्ला खसी बोका र बंगुरको मासु बढी खपत हुने जिल्लामा पर्दछन । उत्पादनका हिसाबमा नवलपुर, तनहुँ, स्याङ्जा, कास्की जिल्ला मासु उत्पादनमा अग्रणी स्थानमा रहेका छन । पर्वत र मनाङ्ग जिल्लामा मासुको न्यून उत्पादन हुने गरेको देखिन्छ ।

**तालिका नं. ५.११ जिल्लागत मासु उत्पादनको परिमाण विवरण (मे.ट.मा, आ.व.२०७३/०७४)**

| जिल्ला | राँगो भैंसी | खसी बोका | भेडाको थुमा | बंगुर | कुखुरा | खरायो | हाँस | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| लमजुङ | १४१७ | ११२३ | १३२ | २९३ | ५२७ | ० | ० | **३४९२** |
| गोरखा | १४०७ | २३२ | ३७ | ६८ | १७६ | ० | ० | **१९२०** |
| तनहुँ | २९५९ | ९८७ | ५ | ३२८ | २६४ | ० | २ | **४५४५** |
| कास्की | ४७६९ | ८६२ | १२० | ९१२ | १७९० | ६ | १९ | **८४७८** |
| स्याङ्जा | १७०३ | १६७२ | ३८ | ५८७ | १७०१ | ० | ० | **५७०१** |
| म्याग्दी | १०५५ | ४२७ | ८३ | ३० | ४०८ | ० | १ | **२००४** |
| पर्वत | १४०१ | ३०४ | २० | २९० | २८८ | ३ | ५ | **२३११** |
| बाग्लुङ | १७४४ | ७३४ | २० | २२५ | २११ | ४ | ७ | **२९४५** |
| नवलपरासी | ८११२ | २५२९ | २४६ | १०९६ | १७३८ | ० | ० | **१३७२१** |
| मनाङ | ० | ७ | ६ | ११ | १२ | ० | ० | **३६** |
| मुस्ताङ | १६६ | १०७ | ६८ | १ | १२ | ० | ० | **३५४** |
| **जम्मा** | **२४७३३** | **८९८४** | **७७५** | **३८४१** | **७१२७** | **१३** | **३४** | ४५५०७ |

*श्रोत: क्षेत्रीय पशुसेवा निर्देशनालय, पोखरा, २०७४*

५.२५ मासु तथा अण्डा उत्पादनका लागि कुखुरा पालनमा तीव्रता आएको छ । प्रदेशका तनहुँ, स्याङ्जा, कास्की जस्ता जिल्लाहरुमा व्यवसायिक कुखुरा पालन मार्फत मासु तथा अण्डाको उत्पादन राम्रो अवस्थामा रहेको छ भने हिमाली जिल्ला मनाङ्ग, मुस्ताङ्गमा कुखुराको मासु तथा अण्डाको उत्पादन न्यून रहेको छ ।

**तालिका नं. ५.१२ प्रदेशमा अण्डा (फुल) उत्पादनको विवरण (हजारमा, आ.व.२०७३/०७४)**

| जिल्ला | कुखुरा | हाँस | अन्य | जम्मा |
|---|---|---|---|---|
| लमजुङ | ७६६९ | ० | ० | ७६६९ |
| गोरखा | १५५७ | १० | ० | १५६७ |
| तनहुँ | १४२२६ | ४ | ० | १४२३० |
| कास्की | २८८७७ | ११९ | ० | २८९९६ |
| स्याङ्जा | ३३८९७ | ३५ | ० | ३३९३२ |
| म्याग्दी | ३०८९ | ३ | ० | ३०९२ |
| पर्वत | ८३६२ | १४१ | ० | ८५०३ |
| बाग्लुङ | २३१९ | ३५५ | ० | २६७४ |
| नवलपरासी | १२१८२ | ० | ० | १२१८२ |
| मनाङ | १८६ | ० | ० | १८६ |
| मुस्ताङ | ४१८ | ० | ० | ४१८ |
| **जम्मा** | **११२७८२** | **६७७** | **०** | **११३७५९** |

*श्रोत: क्षेत्रीय पशुसेवा निर्देशनालय, पोखरा, २०७४*

५.२६ यस प्रदेशका हिमाली जिल्लाहरुमा चौंरी, भेडा र च्याङ्ग्राको रौंबाट ऊन उत्पादन गर्ने अवस्था बलियो रहेको देखिन्छ । वाग्लुङ्ग, मनाङ्ग, मुस्ताङ्ग र लमजुङ्ग जिल्लामा ऊन उत्पादनको परिमाण र व्यवसायिक कारोबार बढी रहेको छ । यी जिल्लाहरुमा उच्च पहाडी तथा हिमाली क्षेत्रहरु रहेको हुँदा ऊन, दुध तथा मासु उत्पादन गर्ने पशुपालन व्यवसायको संभावना राम्रो रहेको छ ।

**तालिका नं. ५.१३ प्रदेशमा ऊन उत्पादनको विवरण (के.जी.मा, आ.व. २०७३/०७४)**

| जिल्ला/क्षेत्र | भेडा | चौंरी | खरायो र अन्य | जम्मा |
|---|---|---|---|---|
| मनाङ्ग | ८१८९ | ११५२ | १११९ | १०४६० |
| मुस्ताङ्ग | ४८३७ | | | ४८३७ |
| गोर्खा | | | | ० |
| लमजुङ्ग | ८४०२ | | | ८४०२ |
| तनहुँ | ४४३ | ० | ० | ४४३ |
| कास्की | ८४३० | ० | ७५० | ९१८० |
| पर्वत | २५ | ० | ० | २५ |
| स्याङजा | १४८० | ० | ० | १४८० |
| म्याग्दी | ६४५० | ० | ० | ६४५० |
| वाग्लुङ्ग | १०१८५ | ० | ० | १०१८५ |
| नवलपरासी | ३८५७ | | | ३८५७ |
| **प्रदेश नं.४** | **५२२९८** | **११५२** | **१८६९** | **५५३१९** |

*श्रोत: क्षेत्रीय पशुसेवा निर्देशनालय, पोखरा, २०७४*

## ५.२७ अवसर र चुनातिहरु

१. यस प्रदेशको तनहुँ, स्याङजा, लमजुङ्ग, पर्वत, बाग्लुङ्ग लगायतका पहाडी जिल्लामा रहेका नदी उपत्यका तथा नवलपरासीको सुस्ता पूर्वको तराइ तथा भित्री मधेश क्षेत्रमा प्रशस्त उर्वर भूमि रहेको छ । भरपर्दो सिंचाई सुविधाको यथोचित व्यवस्था गर्न सकिएमा यी जिल्लाहरुमा खाद्यान्न लगायत नगदे वाली उत्पादनको प्रशस्त सम्भावना रहेको छ ।

२. हाल खाद्यान्न वाली बाहेक तेलहन, दलहन, तरकारी तथा फलफूलमा न्यून उत्पादन भइरहेको अवस्थामा काली गण्डकी तथा मर्स्याङ्गदी नदी उपत्यकामा प्रदेश गौरवका ठूला आयोजनाहरु मार्फत कृषि उत्पादनको भण्डारको रुपमा विकास गरी निर्यात अभिवृद्धि गर्न सकिने प्रचुर सम्भावना रहेको छ ।

३. प्रदेशको नवलपुर जिल्लालाई तेलहनको पकेट एरिया तथा तनहुँ, पर्वत, वाग्लुङ आदी जिल्लालाई बीउबीजन तथा तरकारी उत्पादन केन्द्रको रुपमा विकास गर्न सकिने सम्भावना रहेको छ । साथै, प्रदेशका स्याङजा, तनहुँ, लमजुङ लगायतका जिल्लामा कफी, अदुवा, तरकारी, फलफूल जस्ता नगदे वालीको सफल उत्पादन भइरहेकोमा यसलाई थप विस्तार गर्न सकिने प्रचुर सम्भावना छ ।

४. यस प्रदेशका उत्तर तर्फका पहाडी तथा हिमाली जिल्लाहरुमा प्रशस्त घाँसे मैदान र वन जंगलले ढाकेको हुँदा गाइ, चौंरी, भैंसी, भेडा, बाखा, च्याङ्ग्रा तथा बंगुर लगायतको व्यवसायिक पशुपालनको राम्रो सम्भावना रहेको छ । त्यस्तै ट्राउट लगायतका विभिन्न प्रजातिका मत्यस्पालन, मौरीपालन, कुखुरापालन आदिमा पनि यो प्रदेशले अग्रणी भूमिका खेल्न सक्ने बलियो सम्भावना रहेको छ ।

५. यस प्रदेशका हिमाली तथा पहाडी जिल्लाहरुमा रहेको वन जंगलको वैज्ञानिक व्यवस्थापन गर्ने हो भने प्रशस्त वनजन्य उत्पादन र यसमा आधारित उद्योगहरुको विकास गर्ने सम्भावना रहेको छ । विशेष गरी जडिवुटी संकलन, उत्पादन, प्रशोधन तथा औषधि लगायतका गैह्रकाष्ठ उत्पादनको राम्रो सम्भावना रहेको छ ।

६. कृषि तर्फ खाद्यान्न तथा तरकारी एवं फलफूल उत्पादनमा महत्वपूर्ण योगदान दिँदै आएको यस प्रदेशमा खासगरी अव्यवस्थित जग्गा विकास एवं आन्तरिक बसाई सराई जस्ता गतिविधिका कारण कृषि भूमिको खण्डीकरण तथा क्षयीकरणको समस्या बढ्दो क्रममा रहेको छ । सार्वजनिक जग्गा र वन क्षेत्रको अतिक्रमण र हस्तक्षेपको समस्या पनि चुनौतीका रुपमा रहेको छ ।

७. पहाडी जिल्लामा पर्याप्त कृषि श्रमिकको अभावमा कतिपय क्षेत्रमा जग्गा बाँझो हुने समस्या रहेकोमा कृषियोग्य र सिंचाईयोग्य जमिनमा सिंचाई गर्न र जमिनको स्वरुप अनुरुप उपयुक्त प्रविधि र सुहाउंदो खेती गरी जमिन बाँझो नराख्ने ।

८. उत्पादित कृषि वस्तुले समेत उचित पूर्वाधार एवं बजारको अभावका कारण यथोचित मूल्य पाउन सकिरहेका छैनन् । पराम्परागत सोच, निर्वाहमुखी खेती, व्यवसायिकताको कमी, कृषि शिक्षामा पहुँचको कमी, पर्याप्त सिंचाई तथा शीतगृहको अभाव जस्ता समस्याबाट कृषि क्षेत्र गुज्रिरहेको छ भने खुला सीमानाबाट सस्तोमा सहजै आयात हुने भारतीय कृषि उपजसंग प्रतिस्पर्धा गर्न गाह्रो भइरहेको अवस्था छ ।

# ६. उद्योग, वाणिज्य, आपूर्ति र पर्यटन

## उद्योग तथा व्यापार

६.१ देशमा रहेको भौगोलिक विविधता यस प्रदेशमा पनि विद्यमान रहेको पाइन्छ । हिमाली क्षेत्रको भौगोलिक विकटता, शीत प्रधान हावापानी तथा कम उर्वरा भूमि भएका कारण कृषिमा आधारित उद्योगको स्थापना प्रायः सम्भव देखिदैन । तथापि यस क्षेत्रमा उत्पादन हुने फलफूलका लागि प्रशोधन उद्योग र जडीबुटी जन्य उद्योगको भने प्रशस्त सम्भावना रहेको छ । पहाडी क्षेत्रमा रहेका व्यापारिक केन्द्रहरुमा दैनिक उपभोग्य सामाग्रीहरुको उत्पादन गर्ने उद्योगको मात्र स्थापना भएको देखिन्छ भने यस प्रदेश अन्तर्गत पर्ने तराईको भूमि कम भएका कारण उद्योग धन्दाको संख्या न्यून रहे पनि पूर्वाधारको विस्तार र कृषियोग्य भूमि बढी भएका कारण ठूला उद्योगहरुको सम्भावना बलियो रहेको छ ।

नेपालमा स्थापना भएका विभिन्न औद्योगिक क्षेत्रमध्ये यस प्रदेशमा एउटा औद्योगिक क्षेत्र, पोखरा औद्योगिक क्षेत्र मात्र रहेको छ । यस क्षेत्रमा हाल विभिन्न खाले ६४ वटा उद्योगहरु सञ्चालनमा रहेका छन् भने ती उद्योगहरुमा १३१३ जना पुरुष र ५६२ जना महिला गरी जम्मा १८७५ जनाले प्रत्यक्ष रुपमा रोजगारी प्राप्त गरेका छन् । यस प्रदेशमा स्थापित ठूला उद्योगको संख्या न्यून रहे पनि घरेलु तथा साना उद्योगको संख्या भने लगभग सबै जिल्लाहरुमा उल्लेखनीय रहेको पाइन्छ ।

**तालिका नं. ६.१ प्रदेशमा स्थापित उद्योगहरुको विवरण**

| जिल्ला | जिल्लागत उद्योगको संख्या | रोजगारी संख्या | औद्योगिक उत्पादनको वर्गीकरण |
|---|---|---|---|
| गोरखा | ९ | ५४५ | खाद्य (२), काष्ठ (२), अधातु खनिज (३) |
| लमजुङ्ग | ३ | ४०० | अधातु खनिज (२), फर्निचर (१) |
| तनहुँ | ६२ | १०४१ | फर्निचर (१३), अधातु खनिज (३४), खाद्य (८), पेय पदार्थ (१), धातु खनिज (६) |
| स्याङ्गजा | ४५ | ५६६ | फर्निचर (३३), अधातु खनिज (४), पेय पदार्थ (३) |
| कास्की | १९८ (७३ पो.औ.क्षे) | ४७०६ | फर्निचर (६९), खाद्य (३१), फेब्रिकेटेड धातु (३०), अधातु खनिज (१७), काष्ठ (११), रेकर्ड मेडिया (८), टेक्सटायल (५), वायरिङ्ग सामाग्री (५), पेय पदार्थ (४), कागज (३), रासयनिक (३), प्लाष्टिक (३), आधारभूत खनिज (२), मेशिनरी (२), छाला (१) |
| मुस्ताङ्ग | ३ | ५३ | पेय पदार्थ (२) फर्निचर (१) |
| म्याग्दी | ६ | ११४ | फर्निचर (६) |
| पर्वत | २३ | ३१४ | फर्निचर (१०), खाद्य (३), अधातु खनिज (३), पेय पदार्थ (२), काष्ठ (२), कागज (१), फेब्रिकेटेड खनिज (१) |
| वाग्लुङ्ग | ५ | १०३ | फर्निचर (३), फेब्रिकेटेड धातु खनिज (१), खाद्य (१) |
| नवलपुर | ३९ | अप्राप्त | अधातु, खनिज (१६), खाद्य (१०), फर्निचर (३), फेब्रिकेटेड धातु खनिज (१), पेय पदार्थ (२), काष्ठ (१), कागज (२), प्लाष्टिक (२), धातु खनिज (२), रासयनिक (२) र चुरोट (१) |
| मनाङ्ग | - | - | - |
| जम्मा | ३९३ | ७८४२ | |

*श्रोतः केतवि, औध्योगिक प्रतिष्ठानहरुको राष्ट्रिय गणना, २०६९*

६.२ प्रदेश नं ४ मात्र नभएर सिंगो मुलुक नै औद्योगिक विकासमा पछि परेको छ। औद्योगिक प्रतिष्ठानहरुको राष्ट्रिय गणना २०६९ ले प्रस्तुत गरेको तथ्याङ्क अनुसार नेपालमा जम्मा ४,०७६ वटा औद्योगिक प्रतिष्ठानहरु छन् र तिनीहरुले कुल २,०४,०३६ जनालाई रोजगार प्रदान गर्दछन्। प्रदेश नं ४ अन्तर्गत देशका कूल उद्योगहरु मध्ये जम्मा ९.६% उद्योगहरु मात्र पर्दछन् र यी उद्योगहरुबाट देश भर सिर्जित कूल औद्योगिक रोजगारीको ३.८% रोजगारी मात्र उपलब्ध गराउँदछन्। प्रदेश नं ४ भित्रको तथयाङ्कलाई हेर्दा प्रदेशका कूल औद्योगिक प्रतिष्ठानहरु मध्ये ५०.४% प्रतिष्ठानहरु कास्की जिल्लामा स्थापित छन्। त्यस्तै गरी कास्कीले प्रदेश भरिको औद्योगिक रोजगारीको ६०% रोजगारी प्रदान गर्दछ। यस प्रदेशका मुख्य उद्योगहरुमा फर्निचर, खाद्य उत्पादन, धातु र अधातु खनिज उत्पादन, काष्ठ उद्योग, पेय पदार्थ उत्पादन, कागज उत्पादन, रवर र प्लाष्टिक उत्पादन आदि पर्दछन् ।

हाल नवलपुरको हुप्सेकोटमा र तनहुँको सत्रसय फाँटमा एक एक सिमेन्ट उद्योग, तनहुँको शेराटारमा चुरोट कारखाना र गोरखाको हरमटारीमा हर्वल उद्योग स्थापना भई सकेका छन् ।

**तालिका नं. ६.२ उद्योग विभागमा दर्ता भएका उद्योगहरुको विवरण (आ.व. २०७२/०७३ सम्म)**

| जिल्ला | उद्योग संख्या | कुल पूंजी (रु. मिलियनमा) | स्थिर पूंजी (रु. मिलियनमा) | चालु पूंजी (रु. मिलियनमा) | कामदार संख्या |
|---|---|---|---|---|---|
| मनाङ्ग | १ | ९००.०० | ८८५.०० | १५.०० | २५६ |
| गोरखा | २४ | ३८७७.०५ | ३७६१.३९ | ११५.६६ | १५९० |
| लमजुङ्ग | २६ | ३४९२३.९५ | ३३९२१.३६ | १००२.६० | १९५७ |
| तनहुँ | १८ | ४२५१२.८४ | ४२२८२.६६ | २३०.१८ | २११६ |
| स्याङ्जा | ४ | ४०६.३२ | २८१.१९ | १२५.१४ | ४९८ |
| कास्की | ३३३ | ४६८१४.९७ | ४३१३१.८३ | ३६७५.२३ | १५८४९ |
| मुस्ताङ्ग | ७ | २४६६.३५ | २३९१.३९ | ७४.९६ | ४०२ |
| म्याग्दी | १४ | ६२८९६.२७ | ६२११३.८१ | ७८२.४६ | १४७० |
| पर्वत | ३ | ७२१.४१ | ७१०.४१ | ११.०० | २९९ |
| बाग्लुङ्ग | ८ | ३२८१.१२ | ३२४८.६६ | २३०.१८ | २११६ |
| नवलपरासी पूर्व) | - | - | - | - | - |
| **जम्मा** | **४३८** | **१९८८००.२८** | **१९२७२७.७०** | **६२६२.४१** | **२६५५३** |

*श्रोत: नेपाल सरकार, उद्योग मन्त्रालय, उद्योग विभाग २०७४*

**व्यापार तथा बजार व्यवस्था :**

६.३ बजार व्यवस्थाका क्षेत्रमा भन्नुपर्दा यस प्रदेशमा अन्तर्राष्ट्रिय रुपमा सिधा हवाई यातायात सञ्चालनमा आइनसकेको तथा छिमेकी राष्ट्र चीनसँग सिधा बजार जोड्ने नाका कोरला पनि सडक यातायात मार्फत अझै सञ्चालनमा नआएका कारण वैदेशिक व्यापारका लागि सिधा सम्पर्क हुने नाका भनेको नवलपरासीको त्रिवेणी-सुस्ता मात्र रहेको छ । आन्तरिक व्यापारको लागि भने यस क्षेत्रमा रहेका बजार, नगरपालिका तथा

राजमार्गका आसपासका स्थानहरु नै प्रमुख व्यापारिक केन्द्रका रुपमा रहेका छन् । यी व्यापारिक केन्द्रबाट प्राय: दैनिक उपभोग्य सामाग्री तथा निर्माण एवं सेनिटरी फिटिङ्गका सामानको कारोवार हुने गर्दछ ।

**तालिका नं. ६.३ प्रदेशका प्रमुख बजार क्षेत्रहरु**

| जिल्ला | व्यापारिक केन्द्र | कारोवार हुने प्रमुख वस्तु |
|---|---|---|
| नवलपरासी(पूर्व) | गैंडाकोट, प्रगतिनगर, कावासोती, आरुङखोला, दुम्कीवास, रजहर, दलदले, | खाद्यवस्तु, पशु, चौपाया, निर्माण सामाग्री, लत्ताकपडा |
| बाग्लुङ्ग | बाग्लुङ्ग बजार, गलकोट, बुर्तिवाङ्ग, खर्वाङ, जैमनीघाट, कुश्मी शेरा | खाद्यान्न, लत्ताकपडा, निर्माण सामाग्री, फलफूल |
| म्याग्दी | बेनी, गलेश्वर, सिंहा तातोपानी, दरवाङ, घोरेपानी, वावीयाचौर, भुरुङ तातोपानी, तिप्ल्याङ | खाद्यान्न, लत्ताकपडा, निर्माण सामाग्री, फलफूल |
| पर्वत | कुश्मा, फलेवास, डिमुवा, नयाँपुल, सेतीवेणी, लुङ्खुदेउराली, पैयुं हुवास | दैनिक उपभोग्य सामान, निर्माण सामाग्री, फलफूल |
| मुस्ताङ | जोमसोम, मार्फा, लोमन्थाङ्ग, कागवेनी, चराङ | दैनिक उपभोग्य सामान, फलफूल |
| कास्की | पोखरा, लेखनाथ, हेम्जा, देउराली, थुम्सीकोट, नौडाँडा, नयाँपुल विरेठाँटी, खोराको मुख, सार्दी खोला । | खाद्यान्न, लत्ताकपडा, निर्माण सामाग्री, पर्यटन व्यवसाय, औद्योगिक उत्पादन, आलु, तरकारी, फलफूल |
| गोरखा | गोरखा बजार, मनकामना, पालुङ्गटार, आरुघाट, घ्याम्पेसाल, छेपेटार, भचेक | खाद्यान्न, लत्ताकपडा, निर्माण सामाग्री, फलफूल |
| तनहुँ | आँबुखैरेनी, डुम्रे बजार, बन्दिपुर, भानु, दमौली, खेरेनीटार, दुलेगौंडा, भिमाद | उपभोग्य र निर्माण सामाग्री, लत्ताकपडा, फलफूल, पशु चौपाया |
| लमजुङ | बेंशीशहर, सुन्दरबजार, भोर्लेटार, भोटेओडार, दुइपिप्ले, कर्पुटार, भुलभुले | दैनिक उपभोग्य सामान, निर्माण सामाग्री, फलफूल |
| स्याङ्गजा | स्याङ्गजा, पुतलीबजार, बयरघारी, वालिङ्ग, गल्याङ्ग, चापाकोट, विरुवा, अर्चले, सिद्धवन, मिर्मी, कोल्मा । | दैनिक उपभोग्य सामान, निर्माण सामाग्री, फलफूल |
| मनाङ | चामे, धारापानी, हुम्डे, मनाङ, खाङसार, तालवजार, तिमाङ | खाद्यान्न, तरकारी, लत्ताकपडा, फलफूल |

**पर्यटन :**

६.४ नेपालको एक मुख्य पर्यटकीय क्षेत्र पोखरा र विश्व प्रसिद्ध राउण्ड अन्नपूर्ण पदमार्ग यस प्रदेशका प्रमुख पर्यटकीय गन्तव्यहरु हुन । यसका अतिरिक्त धौलागिरी, अन्नपूर्ण र मनास्लु हिमश्रृंखलाहरु, अन्नपूर्ण संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र, ढोरपाटन शिकार आरक्षण, हिमनदीहरु, झरना, ताल तलैयाहरु, ग्रामीण पर्यटन गतिविधिका केन्द्र होमस्टे, साहसिक पदमार्गहरु यस प्रदेशमा रहेका छन् । अति सुन्दर एवं मनोरम हावापानी तथा यहाँका विभिन्न समुदायका मौलिक संस्कृति एवं रीतिरिबाज यस क्षेत्रको पर्यटकीय आकर्षणका मूख्य विषय वस्तु हुन् । हिमाली जिल्लामा रहेको मुक्तिनाथ, दामोदरकुण्ड, पहाडी भूभागका मनकामना र बाराही मन्दिरहरुदेखि तराईका देवघाट तथा त्रिवेणी धाम यस प्रदेशका प्रमुख धार्मिक पर्यटकीय स्थलका रुपमा रहेका छन् ।

**तालीका नं. ६.४ देश तथा प्रदेशमा पर्यटक आगमनको अवस्था**

| वर्ष | पर्यटकहरुको संख्या | | | कैफियत |
|---|---|---|---|---|
| | नेपाल | अन्नपूर्ण क्षेत्र | पोखरा | |
| २००७ | ५२६७०५ | ६०२७४ | १६५,१७७ | |
| २००८ | ५००२७७ | ७२१७५ | १८६,६४३ | |
| २००९ | ५०९९५६ | ७९८९६ | २०३,५२७ | |
| २०१० | ६०२८६७ | ९०१६१ | २३०,७९९ | |
| २०११ | ७३६२१५ | १०१९०८ | २३१,६०९ | |
| २०१२ | ८०३०९२ | १०६४९९ | २४२,०४३ | |
| २०१३ | ७९७६१६ | ११६१२० | २६३,९०९* | |
| २०१४ | ७९०११८ | १२९६२४ | २९४,६००* | |
| २०१५ | ५३८९७० | ७८९३० | १७९,३८६ * | |
| २०१६ | ७५३००२ | ११४५०७ | २६०,२४३* | |
| २०१७ | ९४०,००० | १५९५६० | ३६२,६३६* | |

*श्रोतः नेपाल सरकार, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, पर्यटन विभाग २०७४*

** देशको पर्यटक आगमनलाइ आधार मानेर प्रक्षेपण गरिएको ।*

६.५ विगत सन् २००१ देखि २०१० सम्मको तथ्यांकलाई विश्लेषण गर्दा पोखरा आउने पर्यटकहरु मध्ये करिव ४४% प्रतिशत पर्यटकले अन्नपूर्ण पदमार्ग क्षेत्रको भ्रमण गरेको देखिन्छ । यसलाई नै आधार मानेर सन् २०११ देखि २०१७ सम्मको पोखरामा आउने विदेशी पर्यटकहरुको संख्यालाई प्रक्षेपण गरिएको छ । जसअनुसार नेपाल भित्रिने विदेशी पर्यटकहरु मध्ये औसतमा करिव ३४% प्रतिशत पर्यटकहरु यस प्रदेशको भ्रमण गरेको देखिन्छ ।

६.६ विदेशी पर्यटकहरु बाहेक यस प्रदेशमा रहेका विभिन्न पर्यटकीय स्थलहरुको अवलोकन गर्न देश भित्रैबाट शैक्षिक भ्रमण, सहकारी भ्रमण, कृषक भ्रमण, आमा समुहहरुको अवलोकन भ्रमण जस्ता गतिविधि र कार्यक्रमहरुबाट आन्तरिक पर्यटकहरुको आवागमनमा नियमित रुपले वृद्धि भइरहेको अवस्था छ । संख्यात्मक रुपमा पनि विदेशी पर्यटककै संख्यामा स्वदेशी पर्यटकहरुले यस प्रदेशको भ्रमण गरेको पाइन्छ । यस कारण पनि पर्यटन उद्योग यस प्रदेशको आर्थिक विकासको लागि प्रमुख आधार रहेको मानिन्छ ।

**तालिका नं. ६.५ पर्यटकीय स्थलहरुको विवरण**

| जिल्ला | पर्यटकीय गन्तव्य स्थलहरु |
|---|---|
| मनाङ | नार्फू, तिलिचो ताल, अन्नपूर्ण क्षेत्र, थोरोङ्ग ला पास, यार्थुङ्ग मेला, भ्रागा, मनाङ, स्वर्गद्वारी, गंगापूर्ण ताल, डोना ताल, आइसलेक आदि । |
| गोरखा | मनकामना मन्दिर, गोरखा दरबार सङ्ग्रहालय, मनास्लु हिमाल, लिगलिग कोट, चुम भ्याली, बारपाक, गोरखनाथ गुफा, ढिकेडाँडा, गोरखकाली, लार्केपास, सामागाउँ, छेकम्पार आदी । |
| लमजुङ | घले गाउँ, भुजुङ, घन पोखरा, बेंशीशहर, रागिनासकोट, इलम पोखरी, मेमे पोखरी, दुधपोखरी, |

| | |
|---|---|
| | गाउँशहर, सिउरुङ्ग, बाहुन डाँडा, भीरपुस्तुन, कोंलासोथरआदी। |
| तनहुँ | देवघाट, बन्दिपुर, छाब्दी बाराही, ढोर बाराही, व्यास गुफा, तनहुँसुर, छिम्केश्वरी, भानु जन्मस्थल,थानीकोथान, मिलिनियम गुफा फिरफिरे, सिद्ध गुफा विमलनगर, सिद्ध गुफा भिमाद, चमेरे गुफा, रिसिङ दरवार, मिलेनियम पदमार्ग । |
| स्याङ्गजा | कालीगण्डकी,आँधिखोला, छाङ्गछाङ्गदी मन्दिर, सिरुवारी, भिरकोट दरबार, सोरेक प्याराग्लाइडीङ्ग, पञ्चमुल, मनकामना मन्दिर, आलमदेवी, सतौंचण्डी थान, गोरखा स्मारक, मट्टीखान भ्यूटावर, एलादी सुन्तालाबारी, मिलेनियम पदमार्ग । |
| कास्की | फेवा, वेगनास, रुपा आदि विभिन्न तालतलैयाहरु, माछापुच्छ्रे अन्नपूर्ण सराङ्गकोट दृश्यावलोकन, पातले छाङ्गो, गुप्तेश्वर महादेव गुफा, महेन्द्र गुफा, विश्व शान्ति स्तुप, तालबाराही, भद्रकाली र विन्ध्यवासिनी मन्दिर, सराङकोट, घान्द्रुक, सिक्लेस, धम्पुस, कपुचे ताल, मार्दी हिमाल, क्यानोनिङ ल्वाङघलेल, प्याराग्लाइडिङ, अष्ट्रेलियन क्याम्प, काहुँडाँडा, पुम्दीभुम्दी, भलाम हरिहर गुफा । |
| मुस्ताङ | मार्फा, लेते, जोमसोम, कागबेनी, लोमान्थाङ्ग, मुक्तिनाथ, कोरला, दामोदर कुण्ड, छुसाङ्ग, घमी, चराङ्ग, सुर्खाङ्ग । |
| म्याग्दी | तातोपानी, पुनहिल, घोरेपानी, गलेश्वर, रुप्से झरना, गल्छी, धौलागिरी हिमाल, मालिका धुरी, नारच्याङ्ग, ङ्गादी । |
| पर्वत | अग्लो झोलुङ्गेपुल, अल्पेश्वर गुफा, सहस्धारा, गुप्तेश्वर गुफा, पाथेश्वरी मन्दिर, मोदिवेणी, सेतीवेणी, पञ्चासे क्षेत्र । |
| बाग्लुङ्ग | बाग्लुङ्ग कालिका मन्दिर, ढोरपाटन शिकार आरक्ष, पञ्चकोट, गाजादह, घुम्टेको लेक । |
| नवलपरासी (पूर्व) | थारु होमस्टे अमलटारी, मौलाकालिका मन्दिर, त्रिवेणी धाम, सिजि मन्दिर, कालिका रिसोर्ट सास्वत धाम, देवचुली वरचुली, राष्ट्रिय निकुन्ज जङ्गलसफारी । |

**पर्यटन व्यवसाय :**

६.७ यस प्रदेश अन्तर्गत पर्यटन कार्यालय पोखरामा दर्ता रहेका पर्यटन सेवा सम्वन्धी उद्योग मध्ये होटल, लज तथा रिसोर्टको संख्या ३८३, ट्राभल्स एजेन्सीको संख्या २८३ र ट्रेकीङ एजेन्सीको संख्या १७४ रहेको छ । यी उद्योग अन्तर्गत कार्यरत जनशक्ति लगभग २५ हजारको हाराहारीमा रहेको छ । त्यस्तै पदयात्राको लागि स्वीकृत रुटमा अन्नपूर्ण राउण्ड, अन्नपूर्ण वेसक्याम्प, मर्दी हिमाल, घोरेपानी, पुनहिल, न्याउरीखर्क, पञ्चासे, मोहेरेडाँडा, जोमसोम, मुक्तिनाथ, रोयल ट्रेक, गणेश हिमाल र रुबीनाला पास रहेका छन् भने उपल्लो मुस्ताङ्ग, मनास्लु, नारफूँ, चुमभ्याली र ढोरपाटन क्षेत्र पदयात्राका लागि निषेधित क्षेत्रका रुपमा रहेका छन् ।

६.८ यस प्रदेशमा रहेका ल्होमानथाङ, नार्फु, चुमग, ढोरपाटन आदि हिमाली उपत्यकाहरु पर्यटकीय आकर्षणका केन्द्रका रुपमा रहेका छन् । यी उपत्यकाहरुको आसपासमा रहेका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु पर्यटन बजारका लागि आर्कषणका वस्तु हुँदाहुँदै पनि पर्यटन विकासका दृष्टिले उपेक्षित अवस्थामा रहेको पाइन्छ । आन्तरिक तथा वाह्य पर्यटकका लागि आकर्षक, प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरुले भरिपूर्ण उल्लेखित क्षेत्रमा दुर्लभ मानिने वन वनस्पति, चराहरु, पुतली र वन्यजन्तुहरुको वासस्थान रहेको छ । उल्लेखित

पर्यटकीय सम्पदाहरुको खोज, पहिचान, संरक्षण तथा विकासको साथै प्रभावकारी प्रचार प्रसारको आवश्यकता रहेको छ ।

६.९ नेपालमा पर्यटकीय राजधानी भनेर चिनिने पोखरा नै प्रदेशको केन्द्र रहेको अवस्थामा पर्यटकीय दृष्टिमा यस प्रदेशले बलियो संभावना लिएर बसेको छ । तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट प्रकाशित पर्यटन तथ्याङ्क २०१७ अनुसार नेपाल भ्रमण गर्ने करिव ९ लाख ४० हजार पर्यटकहरु मध्ये करिव ३ लाख ५० हजार पर्यटकहरुले यस प्रदेशको भ्रमण गरेको पाइन्छ । नेपाल आउने कुल पर्यटक मध्ये एक तिहाइ पर्यटकहरुको रुची साहसिक पर्यटन गतिविधिमा हुने र यस प्रदेशमा आउने पर्यटकहरुमा ६० प्रतिशत भन्दा बढी साहसिक गतिविधिमा आउने गरेका छन् । यसर्थमा पनि हिमाल आरोहण, पदयात्रा, जलयात्र लगायतका साहसिक गतिविधि सञ्चालन गर्न उपयुक्त अन्नपूर्ण, धौलागिरी र मनास्लु जस्ता हिमश्रृंखला तथा आधार क्षेत्रसम्मका पदमार्गहरु र काली गण्डकी, सेती, मरस्याङ्गदी, त्रिशुली लगायतका नदीहरुमा जलयात्राको गतिविधिबाट समेत यो प्रदेश साहसिक पर्यटकहरुको गन्तव्य नै बनेको छ ।

६.१० पोखरा पर्यटन परिषदले गरेको सर्वेक्षणमा यस प्रदेशमा करिव ३.५ लाख विदेशी र त्यसकै हारहारीमा स्वदेशी पर्यटकहरु गरी ७ लाख पर्यटकहरु पोखरा भ्रमणमा आएको देखिन्छ । पर्यटक सेवाका लागि यस प्रदेशका विभिन्न जिल्लाहरुमा गरी २४९७ पर्यटक स्तरका होटल तथा रेष्टुराँहरु रहेका छन । जस मध्ये कास्कीमा १०८९ होटल तथा रेष्टुराँहरु रहेका छन् । जुन प्रदेशका पर्यटकीय होटल मध्ये ४३.६% प्रतिशत संख्या हो र त्यसपछि नवलपरासीमा २२६ पर्यटकीय स्तरका होटल तथा रेष्टुराँहरु रहेका छन् । यस प्रदेशमा आश्विन, कार्तिक र फाल्गुण, चैत्रको अनुकूल सिजन बाहेक अन्य महिनामा पर्यटकको उपस्थिति फितलो रहेको देखिन्छ । नेपाल पर्यटन बोर्डबाट प्रकाशित तथ्याङ्क अनुसार यस प्रदेशका पर्यटक स्तरीय होटलको वार्षिक अकुपेन्सी दर औसतमा ४० प्रतिशत भन्दा कम रहेकोछ । यसर्थमा यस प्रदेशमा पर्यटकीय वस्तु र गतिविधिलाई विविधीकरण गर्नुका साथै पर्यटकहरुको बसाइलाई लम्ब्याउनु आवश्यक छ ।

### ६.११ अवसरहरु र चुनौतीहरु:

१. भौगोलिक अवस्थिति र भू-वनावटमा धौलागिरी, अन्नपूर्ण, मनास्लु जस्ता उच्च हिमशिखर र श्रृंखलाहरु रहेको प्रदेशमा, काली गण्डकी, मर्स्याङ्गदी र सेती गण्डकी र तीनका सहायक नदीहरु एवं फेवाताल, वेगनासताल, तिलिचोताल लगायतका तालतलैया, रुप्से, च्याम्चे लगायतका छहरा प्राकृतिक सम्पदाले भरिपूर्ण रहेकोले पर्यटन विकासको राम्रो अवसर रहेको छ ।

२. हिन्दुहरुको पवित्रस्थल त्रिवेणीधाम, देवघाट, गलेश्वर, मुक्तिनाथ, दामोदरकुण्ड हुँदै मानसरोवर सम्मको प्रस्थानका साथै मनकामना, वाग्लुङ्ग तथा गोरखा कालिका ढोर तथा छाब्दी बाराही, विन्ध्यावासिनी, मनाङ्ग तथा मुस्ताङ्गमा रहेका बौद्धगुम्बाहरु लगायत थुप्रै धार्मिक तथा साँस्कृतिक महत्वका मठमन्दिर, स्मारक तथा सम्पदाहरु यस प्रदेशमा रहेका छन् । गोरखा दरबार, लमजुङ्ग दरबार, लिगलिगकोट, भिरकोट, कास्कीकोट लगायतका ऐतिहासिक स्थलहरुका साथै गुरुङ्ग, मगर, थारु, नेवार आदि समुदायको विशिष्ट सँस्कृति र अन्नपूर्ण तथा मनास्लु संरक्षण क्षेत्रका प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरुले गर्दा पर्यटन विकासको उच्च सम्भावना रहेको छ।

३. यस प्रदेशका गोरखा, वन्दीपुर, तनहुँसुर, गाउँशहर, सिकलेश, घलेगाउँ, शिरुवारी लगायतका स्थानहरुमा सुविधा सम्पन्न हिल स्टेशनहरु निर्माण गरेर आन्तरिक एवं वाह्य पर्यटकहरु आकर्षण गर्न सकिन्छ । साथै, यस प्रदेशमा ग्रामीण कृषि पर्यटनको प्रवर्द्धन गर्न व्यवस्थित होम स्टेहरुको विस्तार गर्न सकिन्छ ।

४. अनुकूल हावापानी र रमणीय वातावरण भएकोले अन्तराष्ट्रिय स्तरका रगंशालाहरु निर्माण गरेर खेलकुद पर्यटनको विकासका साथै गुणस्तरीय शिक्षा, स्वास्थ्य र वित्तीय सेवा उपलब्ध गराई पर्यटनको विकास गर्ने सम्भावना पनि रहेको छ । त्यस्तै गरी वनस्पति तथा प्राणी उद्यानहरु निर्माण गरेर वाह्य एवम् आन्तरिक पर्यटनको विस्तार गर्न सकिन्छ ।

५. पोखरा, वाग्लुङ्ग, वालिङ्ग, दमौली, जस्ता तीव्र रुपमा विस्तारित हुँदै गएका शहरहरुलाई पर्यटन, उद्योग, व्यापार, बैंकिङ्ग, पूँजीबजार, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रको मूख्य केन्द्रको रुपमा विकास र विस्तार गर्न सकिने अनुकूल स्थिति छ । शहरीकरण भइरहेकोले व्यापार व्यवसाय, साना तथा मझौला उद्योगहरु, पर्यटन तथा होटल, यातायात व्यवसाय विस्तार भै रोजगारी सिर्जना हुने राम्रो सम्भावना छ ।

६. मुस्ताङ्गको कोरोला नाका र नवलपुरको भैंसालोटनबाट भन्सार नाका तथा कालीगण्डकी तथा मर्स्याङ्गदी करिडोरबाट अन्तराष्ट्रिय व्यापारिक मार्गको निर्माण भइरहेको हुनाले ती नाकाहरु प्रमुख अन्तराष्ट्रिय व्यापार नाकाको रुपमा विकास हुन सक्ने सम्भावना रहेको छ ।

७. व्यापारिक गतिविधि बढ्दै गएपनि त्यो उपभोगमुखी आयातमा आधारित भएकोले त्यसको आन्तरिक उत्पादन र निर्यात व्यापारसंग सम्बन्ध रहन सकेको छैन । यसले गर्दा पर्याप्त रोजगारी सिर्जना हुन नसक्दा युवावर्ग विदेशीने क्रम उल्लेख्य रुपमा रहेको छ । युवाहरुलाई उत्पादनमुलक, उद्यमशील र सिर्जनशील कार्यमा संलग्न गराउनु पर्ने आवश्यकता छ ।

८. यस प्रदेशको आर्थिक सम्वृद्धिको लागि कृषि, उद्योग, पर्यटन, भौतिक पूर्वाधार विकासको सम्भावना, चुनौती र समस्याहरु पहिचान गरी अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रणनीतिहरु बनाएर लागू गर्नुपर्ने खाँचो छ ।

## ७. आवास तथा सहरी विकास, वातावरण र ऊर्जा

### सहरीकरण :

७.१ यस प्रदेशमा रहेका कूल ८५ स्थानीय तह मध्ये १ महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिकाहरू रहेका छन् । जिल्लागत रुपमा कास्की, नवलपरासी (पूर्व), लमजुङ, स्याङजा, तनहुँ, वाग्लुङ, पर्वत, गोर्खा र म्याग्दीमा क्रमसः ८१.८९, ७०, ६४.४७, ६४.१६, ६०.६१, ५५.५४, ४३.८५, ३२.३६ र २९.४७ प्रतिशत जनसंख्याको हिस्सा नगरपालिकामा वसोवास गर्दछन् ।

### बस्ती विकासको स्वरूप र आवास सुविधा :

७.२ वस्ती विकासलाई सहरी बस्ती र ग्रामीण बस्ती गरी २ भागमा वर्गीकरण गरिएकोछ । यस प्रदेश भित्रका ५८ गाउँपालिकाहरूमा मूलत परम्परागत ग्रामीण परिवेश रहेको छ जहाँ आधारभुत मानवीय सेवा तथा सुविधाको योजनाबद्ध व्यवस्थापनको कमी रहदैं आएको छ । बजार तथा सहरी बस्तीहरुमा एकीकृत रुपमा सेवा सुविधामा पहुँच वृद्धी हुदै गइरहेको भएता पनि स्थानीय जनताहरूको पूर्वाधारमा अझै पहुँच न्यून रहेको छ ।

७.३ गोर्खा, लमजुङ, तनहूँ आधारित प्रस्तावित मर्स्याङ्दी वेसिन आधुनिक शहर परियोजना यसै प्रदेशमा पर्दछ जसले व्यवस्थित वस्ती विकासलाई टेवा पुऱ्याउने छ ।

७.४ नेपाल सरकारको नीति तथा कार्यक्रम २०७३/०७४मा घोषित प्रस्तावित सहरी बिकासका लागि डुम्रे, वुर्तिवाङलाई प्राथमिकता साथ सञ्चालन गरिनु पर्दछ ।

७.५ जनता आवास कार्यक्रम अन्तर्गत वर्ष र चालु आर्थिक वर्षमा निर्माण हुने कूल ४७१९७ आवास मध्ये क्रमागत २१,४२२ र नयाँ २५,७७५ रहेका छन् भने ३८६१ आवास निर्माण सम्पन्न भएको छ । यस प्रदेशमा कूल ३,१८१ आवास मध्ये क्रमागत १,२३१ र नयाँ १,९५० रहेका छन् साथै ३२२ आवास निर्माण सम्पन्न भएको छ ।

७.६ राष्ट्रिय स्तरमा कूल परिवार/घरधुरी ५,४२३,२९७ को ८५.२५% प्रतिशत र प्रदेश ४मा कूल परिवार/घरधुरी ५७७,६८२ को ८१.७४% प्रतिशत परिवारसंग आफ्नै घर रहेको छ । आफ्नै घर हुने तथ्याङ्कमा यो प्रदेश छैटौं स्थानमा पर्दछ । सहरमा भन्दा गाउँमा आफ्नै घर हुने परिवार बढी रहेको छ । जिल्लागत रुपमा गोर्खा, स्याङजा,बाग्लुङ, नवलपरासी (पूर्व), पर्वत, लमजुङ, तनहुँ, म्याग्दी, मुस्ताङ, मनाङ र कास्कीमा क्रमसः ९१.१७, ८९.२६, ८८.७२, ८८.६९, ८७.०९, ८५.०५, ८४.७२, ८४.०७, ६८.९३, ६२.४३ ६१.०६ प्रतिशत परिवारसंग आफ्नै घर रहेको छ ।

७.७ नेपालको कूल जनसंख्या २,६४,९४,५०४ मध्ये ४८.५० प्रतिशत अर्थात १,२८,४९,०४१ पुरुष र ५१.५० प्रतिशत अर्थात १,३६,४५,४६३ महिलाको संख्या रहेकोमा यस प्रदेशमा नेपालको कूल जनसंख्याको ९.०७ प्रतिशत अर्थात २४,०३,७५७ रहेकोछ जस मध्ये ४५.३८ प्रतिशत अर्थात १०,९०,८०८ पुरुष र ५४.६२ प्रतिशत अर्थात १३,१२,९४९ महिलाको संख्या रहेको छ ।

७.८ औसत पारिवारिक संख्या (Average Household Size)एवं पुरुष र महिलाको औसत अनुपात (Sex Ratio) नेपालको क्रमश:४.८८ र ०.९४ रहेकोमा यस प्रदेशको क्रमश:४.१६ र ०.८३ रहेको छ । जिल्लागत रुपमा औसत पारिवारिक संख्या गोर्खा, लमजुङ, तनहुँ, स्याङजा, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, र नवलपरासी (पूर्व) मा क्रमसः ४.०८, ३.९९, ४.१३, ४.२०, ३.९२, ४.४२, ४.०१, ४.०९, ४.१०, ४.३७ र ४.६६ रहेको छ । त्यस्तै पुरुष र महिलाको अनुपात गोर्खा, लमजुङ, तनहुँ, स्याङजा, कास्की, मनाङ, मुस्ताङ, म्याग्दी, पर्वत, बाग्लुङ, र नवलपरासी (पूर्व) मा क्रमसः ०.८१, ०.८३, ०.८०, ०.७७, ०.९२, १.२७, १.१२, ०.८३, ०.८०, ०.७८ र ०.८५ रहेको छ । यसरी हेर्दा मनाङ र मुस्ताङ जिल्लामा मात्र महिलाको भन्दा पुरुषको संख्या बढी रहेको छ ।

### वातावरण र जलवायु परिवर्तन :


७.९ जलवायु परिवर्तनको असर सम्बन्धी सर्वेक्षण प्रतिवेदन २०१६का अनुसार ८४.६ प्रतिशत घरपरिवारले वर्षाहुने समय १ देखि ४ हप्ता पछाडि धकेलिएको साथै ८६.० प्रतिशत घरपरिवारले खडेरी बढिरहेको बताएका छन् । त्यस्तै ७०.३ प्रतिशत घरपरिवारले अन्नवालीमा नयाँखाले रोग र ८४.५प्रतिशत घरपरिवारले पानीका मुहान सुक्दै गएको बताएका छन् ।

७.१० जलवायु परिवर्तनको असरले गर्दा हुने अति वृष्टिले माटोको क्षयीकरण र बाढी पहिरोको मात्रा बढ्नूका साथै खेतीवाली लगाउने समयमा वर्षात नहुँदा कृषियोग्य जमिन बाँझो रहन पुगी कृषिजन्य उत्पादन घट्न पुग्दछ ।

७.११ जलवायु परिवर्तनले पुऱ्याएका थप असरले वायुको गुणस्तरमा ह्रास, प्राकृतिक सम्पदाको विनास र दोहन, हिमरेखा माथि सर्ने, जैविक विविधतामा ह्रास हुंदै गएको, आदि महसुस भएको छ ।

### ऊर्जा :

७.१२ राष्ट्रिय जनगणना २०६८, केन्द्रिय तथ्याङ्क विभाग, नेपाल सरकार अनुसार यस प्रदेशको ८२.५४ प्रतिशत घरधुरीमा विद्युत सेवा उपलब्ध छजब कि राष्ट्रिय रुपमा ६७.२६ प्रतिशत घरधुरीमा मात्र यो सेवामा पहुँच रहेको छ । यस सेवाको पहुँचका हिसाबले यो प्रदेश दोश्रो स्थानमा रहेको छ । विद्युत सुविधाको उपलव्धतालाई हेर्दा म्याग्दी सबैभन्दा कम ६८.६३ प्रतिशत र कास्की सबैभन्दा बढी ९५.४६ प्रतिशत घरधुरीमा बिजुलीको सुविधा पुगेका जिल्ला हुन् । त्यस्तै मनाङ, स्याङजा, वाग्लुङ, पर्वत, नवलपरासी (पूर्व), तनहुँ, लम्जुङ, गोर्खा र मुस्ताङमा क्रमशः ८८.८८, ८६.५२, ८१.७२, ८०.१६, ७८.५२, ७७.०९, ७६.८२, ७६.४२ र ७१.२० प्रतिशत घरधुरीमा विद्युत सेवा पुगेको छ । उक्त विषयलाई चित्र नं.५.१ ले प्रष्ट पारेको छ ।




चित्र नं. ७.१ जिल्लागत घरहरू उज्यालो बनाउन प्रयोग विद्युत र अन्य ऊर्जा

७.१३ नेपाल विद्युत प्राधिकरण-२०७४ को पछिल्लो तथ्याङ्क र नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयद्वारा २५ बैशाख, २०७५ मा जारी गरिएको श्वेतपत्र अनुसार देश भरिमा जलविद्युतबाट १,०१६ मे.वा., डिजेल/मल्टिफ्युलबाट करिब ५४ मे.वा. र सौर्य ऊर्जाबाट २.६८ मे.वा. गरी करिब १,०७३ मे.वा. विद्युत राष्ट्रिय विद्युत प्रणालीमा आबद्ध भएका छन् । उक्त विद्युत उत्पादनमा जल विद्युतबाट ४३९.९११ मे.वा.को योगदान यस प्रदेशले गरेको छ । हाल कूल विद्युत उत्पादन जडित क्षमता मध्ये नेपाल विद्युत प्राधिकरणबाट ५६२ मे.वा. र निजी क्षेत्रबाट ५११ मे.वा. रहेकोमा यस प्रदेशबाट उत्पादन जडित क्षमता क्रमशः ३०२.३मे.वा.(प्राधिकरण) र १३७.६१मे.वा.(निजी)रहेको छ भने राष्ट्रिय विद्युत प्रणालीमा उच्चतम् माग करिब १,३०० मे.वा. रहेको छ फलस्वरुप २२७ मे. वा. अपुग देखिन्छ । सो अपुग विद्युत आपूर्ति गर्न प्राधिकरणले भारतबाट ४५० मे.वा. सम्म आयात गर्दैआएको छ ।

७.१४ नवीकरणीय ऊर्जाको स्रोतबाट हालसम्म देशभरी ५५ मे.वा. भन्दा बढी विद्युत उत्पादन भई कूल ३६ लाख भन्दा बढी घरधुरी लाभान्वित भएका छन् । लघु तथा साना जलविद्युत र सौर्य विद्युतको माध्यमबाट देशका करिब १८ प्रतिशत जनता विद्युतको पहुँच भित्र पुग्नुका साथै करिब ३० हजारले रोजगारी प्राप्त गरेका छन् । हाल नवीकरणीय ऊर्जाको योगदान कूल ऊर्जा खपतको ३.५ प्रतिशत रहेको छ ।

७.१५ नेपाल विद्युत प्राधिकरणद्वारा सञ्चालित निर्माणधीन ७१० मे.वा. जलविद्युत आयोजना मध्ये यस प्रदेशमा १४० मे.वा.को तनहुँ जलविद्युत आयोजना ४० मे.वा.को राहुघाट जलविद्युत आयोजना, म्याग्दीगरी दुई आयोजनाबाट १८० मे.वा.उत्पादित हुनेछ । यी आयोजनाहरू आ.व.२०७९/०८० सम्म सम्पन्न हुने अनुमान गरिएको छ ।

७.१६ नेपाल विद्युत प्राधिकरणद्वारा अनुमति प्राप्त निजी क्षेत्रबाट निर्माणधिन १०४ जलविद्युत आयोजनाहरूबाट अनुमानित २,२५८.३२३ मे.वा.मध्ये यस प्रदेशका २८ वटा आयोजनाहरूबाट ४२८.३१८ मे.वा. विद्युत उत्पादन हुनेछ। यी आयोजनाहरू आ.व.२०८०/०८१ सम्ममा सम्पन्न हुने लक्ष्य राखिएको छ।

७.१७ देशभरी जारी ३,६८५.१८४ मे.वा. विद्युत (३,६८४.१८४ मे.वा. जलविद्युत र १ मे.वा. सौर्य ऊर्जा) उत्पादन अनुमतिपत्र प्राप्त गरेकामध्ये यस प्रदेशका आयोजनाहरूबाट १,०८९.६ मे.वा. (१,०८८.६ मे.वा.जलविद्युत र १ मे.वा. सौर्य ऊर्जा) विद्युत उत्पादित हुने अनुमान छ।

७.१८ यस प्रदेशको विद्युत वितरण प्रणाली निम्नानुसार छ। यस अनुसार मनाङ र मुस्ताङमा विद्युत वितरण केन्द्र हालसम्म छैनन् एवं लम्जुङ र म्याग्दीका १/१,मनाङ र मुस्ताङका २/२ र वाग्लुङका ४ स्थानीय तहमा राष्ट्रिय प्रशारण लाईनबाट विद्युतीकरण भएको छैन। स्मरण रहोस बाग्लुङका ४ वटै स्थानीय तहमा साना जलविद्युत मार्फत विद्युतीकरण भएको छ।

**तालिका ७.१: विद्युत बितरण प्रणाली र जिल्लागत विद्युतीकरणको स्थिति**


| जिल्ला | वितरण केन्द्र | कार्यक्षेत्र | ग्राहक संख्या | स्थानीय तह विद्युतीकरण | |
|---|---|---|---|---|---|
| | | | | भएका | नभएका |
| गोर्खा | गोर्खा | गोर्खा जिल्ला | ३५,५७० | ९ | २ |
| | आरुघाट | आरुघाट वरिपरिको क्षेत्र | २,३०६ | | |
| लम्जुङ | लम्जुङ | लम्जुङ र मनाङ | ४७३ | लम्जुङ ७ | लम्जुङ १ |
| तनहूँ | तनहूँ | तनहूँ | ३२,३९२ | १० | ० |
| स्याङजा | स्याङजा | स्याङजा | २४,१६७ | ११ | ० |
| कास्की | पोखरा | कास्की | ७३,३९५ | ५ | ० |
| | लेखनाथ | कास्की र तनहूँ | ४०,६५६ | | |
| म्याग्दी | म्याग्दी | म्याग्दी | १४,९५२ | ५ | १ |
| | तातोपानी | तातोपानी देखी मुस्ताङ | १,१६९ | मुस्ताङ ३ | मुस्ताङ २ |
| पर्वत | पर्वत | पर्वत | १७,७५२ | ७ | ० |
| बाग्लुङ | बाग्लुङ | बाग्लुङ | २५,११० | ६ | ४ |
| नवलपरासी(पूर्व) | कावासोती | नवलपरासी(पूर्व) | ६१,२०० | ८ | ० |

(श्रोत:नेपाल विद्युत प्राधिकरण, पश्चिमाञ्चल क्षेत्रीय कार्यालय, पोखरा)

## खाना पकाउन प्रयोग गरिने ऊर्जा :

७.१९ खाना पकाउनका लागि नेपालमा विभिन्न ऊर्जा प्रयोग गरिने गरिएको छ जस मध्ये देश भरी दाउरा र गुइठा (परम्परागत ऊर्जा), मट्टितेल र एल पी ग्यास (पेट्रोलियम पदार्थ), बायो ग्याँस, विद्युत र अन्य श्रोतले क्रमश: ७४.३६, २२.०५, २.४२, ०.०८ र ०.४२ प्रतिशत र प्रदेशमा क्रमश: ६८.६७, २६.२१, ४.४९, ०.१२ र ०.१० प्रतिशत भाग ओगटेका छन्। यस प्रदेशमा सबैभन्दा बढी दाउरा प्रयोग ९७.९३ प्रतिशत मनाङमा, मट्टितेल प्रयोग १.३४ प्रतिशत कास्कीमा, एल. पी. ग्यास प्रयोग ६१.१४ प्रतिशत कास्कीमा, गुइठा प्रयोग ७.११ प्रतिशत नवलपरासी (पूर्व)मा, वायो ग्यास १०.३८ प्रतिशत लमजुङमा, र विद्युत प्रयोग ०.७३ प्रतिशत मुस्ताङमा रहेका छन्। त्यस्तै सबैभन्दा कम दाउरा प्रयोग ३२.५१ प्रतिशत कास्कीमा, मट्टितेल प्रयोग ०.१४ प्रतिशत मनाङमा, एल पी ग्यास प्रयोग १.५९ प्रतिशत मनाङमा, गुइठा प्रयोग ०.०० प्रतिशत कास्कीमा,


वायो ग्यास ०.०० प्रतिशत मनाङ र मुस्ताङमा, र विद्युत प्रयोग ०.०० प्रतिशत मनाङमा रहेका छन् । खाना पकाउन प्रयोग गरिने इन्धनको जिल्लागत तथ्याङ्कोविवरण चित्र नं.७.२ ले समेत प्रष्ट पारेको छ ।




चित्र नं.७.२ प्रदेश ४ मा खाना पकाउन प्रयोग गरिएको विभिन्न ऊर्जा

## उज्यालो बनाउन प्रयोग गरिने ऊर्जा :

७.२० घर उज्यालो बनाउन र अन्य गार्हस्थ प्रयोगमा पनि विभिन्न प्रकारका ऊर्जा प्रयोगमा ल्याइएका छन् । जस मध्ये नेपालमा विद्युत, मट्टितेल, वायो ग्यास, सौर्य ऊर्जा र अन्य श्रोतले क्रमशः ६७.२६, १८.२८, ०.२८, ७.४४ र ६.०८ प्रतिशत र प्रदेशमा क्रमशः ८२.५४, ९.९३, ०.२१, ५.०४, र १.८६ प्रतिशत भाग ओगटेका छन् । घर उज्यालो बनाउन विद्युत प्रयोगका हिसाबले यो प्रदेश दोश्रो स्थानमा रहेको छ । यस प्रदेशमा **सबैभन्दा बढी** विद्युतमा पहुँच ९५.४६ प्रतिशत कास्कीमा, मट्टितेल प्रयोग १६.७५ प्रतिशत गोर्खामा, वायो ग्यास प्रयोग ०.२६ प्रतिशत लम्जुङमा र सौर्य ऊर्जा प्रयोग २५.४८ प्रतिशत मुस्ताङमा रहेको छ । त्यस्तै **सबैभन्दा कम** विद्युतमा पहुँच ७१.२० प्रतिशत मुस्ताङमा, मट्टितेल प्रयोग २.१५ प्रतिशत मुस्ताङमा, बायो ग्यास प्रयोग ०.०० प्रतिशत मनाङ र मुस्ताङमा र सौर्य ऊर्जा प्रयोग ०.७४ प्रतिशत कास्कीमा रहेको छ । चित्र नं.७.३ मा प्रदेश ४ का घरधुरीहरूमा उज्यालो बनाउन प्रयोग गरिएको विभिन्न ऊर्जाको स्थिति देखाइएको छ ।




चित्र नं.७.३ प्रदेश ४ मा घरहरू उज्यालो बनाउन प्रयोग गरिएको विभिन्न ऊर्जा

## ७.२१ संभावनाहरू :

१. उपयुक्त स्थानमा सुविधायुक्त एकीकृत आवास कार्यक्रम मार्फत घरवार विहीनलाई आवास प्रदान र छरिएका वस्तीहरूको व्यवस्थापन गर्ने विषयलाई अवसरका रुपमा प्रयोग गर्न सकिन्छ ।

२. जारी गरिएको विद्युत उत्पादन अनुमतिपत्रधारी व्यक्ति वा संस्थालाई छिटो आयोजना सञ्चालन गर्न लगाउदै रोजगारीका अवसर समेत सृजना गर्ने र निर्माणाधीन परियोजनाहरू समयमा नै सम्पन्न गरी विद्युत आपूर्ति सुचारू गर्ने, पेट्रोलियम पदार्थको बढ्दो खपतलाई घटाउदै लैजाने एवं विद्युत व्यापारद्वारा अर्थतन्त्र सवल बनाउने ।

३. ग्रामीण, सडक र राजमार्ग विद्युतीकरणमा सौर्य एवं नविकरणीय ऊर्जाको प्रयोगलाई अभियानका रूपमा उपयोग गर्ने ।

४. गोर्खा, लमजुङ तनहुँ आधारित प्रस्तावित मर्स्याङ्दी वेसिन आधुनिक शहर परियोजना यसै प्रदेशमा पर्दछ जुन परियोजना सञ्चालनद्वारा व्यवस्थित वस्ती विकास गर्न सकिने छ ।

५. नेपाल सरकारको नीति तथा कार्यक्रम २०७३/०७४मा घोषित प्रस्तावित सहरी विकासका लागि डुम्रे, वुर्तिवाङलाई प्राथमिकता साथ सञ्चालन गरी थप आर्थिक क्षेत्रहरूको विस्तार गर्न सकिन्छ ।

## ७.२२ चुनौतीहरू :

१. घरवार विहीनलाई आवास प्रदान र छरिएका वस्तीहरूको व्यवस्थापन गर्ने विषयलाई समाधान गरिनुपर्ने । ग्रामीण वस्तीहरूमा स्वच्छ खानेपानी, सडक, बजारको पहुँच, स्वास्थ्य उपचारको सुविधा, स्तरीय पठन पाठनको व्यवस्था, आधुनिक खेती प्रणाली लगाएत सुविधाहरू उपलब्ध गराउदै गाँउबाट सहरमा हुने वसाई सराई रोक्ने ।

२. नयाँ सहरहरूको विकास र पूर्वाधार निर्माण गर्दा जलवायु परिवर्तनको जोखिम, पर्यटकीय पूर्वाधार र जलश्रोत विकासमा बहुपक्षीय अवधारणालाई ध्यान दिई विकास गर्नुका साथै सहरी क्षेत्रको विकासका लागि लगानीको आवश्यकता, वित्तीय उपलब्धता र समयमै कार्यान्वयनमा जोड दिने ।

३. नयाँ र निर्माणाधीन आयोजनाहरू संचालन गर्दा भूकम्प प्रतिरोधी बनाइनु पर्ने वा राष्ट्रिय भवन संहिता पालना गरी निर्माण गरिनुका साथै वातावरण वा पर्यावरणमा हुने प्रभाव समेतलाई पर्याप्त ध्यान दिइनुपर्ने ।

४.जारी विद्युत उत्पादन अनुमतिपत्र व्यक्ति वा संस्थालाई समयमानै ती आयोजना सञ्चालन गर्न लगाउने साथै निर्माणाधीन परियोजनाहरू समयमानै सम्पन्न गर्दै सेवा सुचारू गरिनुपर्ने ।

५. हर क्षेत्रमा विद्युत सेवाको पहुँच वृद्धी गरी सोहि अनुरूप प्रविधिको विकास गर्दै परंपरागत ऊर्जा र पेट्रोलियम पदार्थको उपयोगलाई क्रमशः घटाउँदै लैजाने ।

६. विद्युत उत्पादन परियोजना सञ्चालनका लागि जग्गा प्राप्ति प्रमुख समस्या छ भने प्रसारण लाइन विस्तारको लागि जग्गा अधिकरण र मुआब्जा अर्को समस्या हो । परियोजना क्षेत्र भित्र पर्ने वन कटानी र छपानीमा हुने ढिला सुस्तीले परियोजनाको समयावधि लम्बिने गरेको छ ।

७. पोखरा लगायत सहरहरूमा स्वच्छ, हरियाली, सुरक्षित र समृद्धियुक्त सहरहरूको विकास; सर्वसुलभ, छरितो र भरपर्दो सेवा एवं सुविधा मार्फत नागरिकहरूको जीवनस्तर उकास्ने साथै स्मार्ट सिटीको विकास गर्ने र  सहरी क्षेत्रबाट उत्पादित फोहरमैला व्यवस्थित गर्ने एवं बढ्दो प्रदुषण समयमानै नियन्त्रण गर्ने ।

# ८. भौतिक पूर्वाधार, यातायात तथा सञ्चार

## यातायात :

८.१ देशमा हुने सबै खाले विकासको पूर्व सर्त साथै आवश्यक कुरा वा मेरूदण्ड भनेकै यातायात (स्थल, जल, हवाई आदि) त्यसमा पनि सडक यातायात हो ।

## सडक यातायात :

८.२ मूख्य राजमार्गहरू मध्ये यस प्रदेशमा पृथ्वी राजमार्गको ९० कि.मी. खण्ड, सिद्धार्थ राजमार्गको ९३ कि.मी.खण्ड, पूर्व पश्चिम राजमार्गको ७५ कि.मी. खण्ड र मध्यपहाडी लोकमार्गको १३४ कि.मी. खण्ड (जुन निर्माणाधीन छ) पर्दछन् ।

८.३ यस प्रदेशमा पर्ने पक्की सहायक मार्गहरूमा पोखरा-बाग्लुङ ६९ कि.मी.,आबुखैरेनी-गोरखा २४ कि.मी., डुम्रे-बेशीसहर ४० कि.मी., व्यास मार्ग २९ कि.मी. छन् । यी सडकहरूको नियमित मर्मत हुँदै आएका छन् ।

८.४ कच्ची र निर्माणाधीन सहायक मार्गहरूमा बेनीघाट आरुघाट लार्के १८० कि.मी. (कच्ची, निर्माणाधीन), गोरखा-आरुघाट ४६ कि.मी. (कच्ची, निर्माणाधीन), ११ किला-बारपाक ४७ कि.मी. (कच्ची), बेशीसहर-चामे ६८ कि.मी. (कच्ची, निर्माणाधीन), व्यास-वुद्धसिंहमार्ग ३२ कि.मी. (कच्ची, निर्माणाधीन), वेगनास-भोर्लेटार २७ कि.मी. (७ कि मी पक्की, बाँकी कच्ची, निर्माणाधीन), खैरेनीटार-भिमाद (७ कि.मी.) रहेका छन् । त्यस्तै स्तर उन्नति गर्नु पर्नेमा भिमाद-भिमकाली-केलादी, भिमभैरव-चित्रे, श्रीङ्गपथ भिमाद-भिरकोट, झापुटार-चालीसे, दुलेगौंडा-सांखे-पुतलीबजार, दुइपिप्ले-कलेस्ति-चन्द्रावती-पाँचसय डाँडा, दमौली-भोर्लेटार, दमौली-छाब्दी-बेलभन्ज्याङ्ग-ढाडखोला-खहर-घुमाउनेसम्म,दमौली-छाब्दी-छिर्कनेभन्ज्याङ्ग,भन्सार-चन्द्रावति-पोखरीछाप-पुलिमराङ, वाइसजाँगर-चन्दानी-वसन्तपुर थानीकोथान, कालीमाटी-राइपाले, भन्ज्याङ्ग-बयापानी-रुपाकोट, मिर्दी-क्याक्मी-भिमाद ५८ कि.मी. (कच्ची, निर्माणाधीन), पुतलीखेत-कार्कीनेटा कुस्मा ६० कि.मी. (कच्ची, निर्माणाधीन), कालीगण्डकी कोरिडोर ४३५ कि.मी. (निर्माणाधीन), कोरोला १८८ कि.मी. (निर्माणाधीन) र बाग्लुङ वेनी १७ कि.मी. (कच्ची) सडकहरु पर्दछन ।

## निर्माणाधीन सडक र भावी कार्यक्रमहरू:

८.५ मादी कोरीडोर, ४ नं प्रदेशभित्र उत्तर दक्षिण राजमार्ग, वेसीशहर-चाम-खाङसार सडकको निर्माण तथा स्तरोन्नति, मुग्लिन-पोखरा सडक ४ लेनमा विस्तार (ए डि वि सहयोग), सिद्धार्थ राजमार्ग विस्तारको सर्भे डिजाइन, पोखरा रिङ्गरोडको निर्माण, भिमाद-डेढगाँउ-कावासोती सडक र दुलेगौंडा-पुतलीवजार सडकको निर्माण प्रथमिकताका साथ गर्नु पर्दछ ।

८.६ सडक विभाग र स्थानीय तहबाट निर्मित कालोपत्रे, ग्राभेल र धुले सडक र निर्माणधीन अवस्थामा रहेका सडकहरू छन् । देश भरी कूल ५८,००० कि.मी. स्थानीय स्तरमा सञ्चालन गरी निर्माण गरिएका विभिन्न (कालोपत्रे २,२०५ कि.मी., ग्राभेल १२,९२४ कि.मी.र धुले वा कच्ची ४२,८७१ कि.मी.) सडक मध्ये १०, ९१९ कि.मी (कालोपत्रे ३१० कि.मी., ग्राभेल १,२९२ कि.मी.र धुले वा कच्ची ९,३१७ कि.मी.) साथ यस प्रदेश तेश्रो

स्थानमा रहेको छ । ती मध्ये चालु अवस्थामा रहेका सडकहरूको विवरण तल उल्लेख गरिएको छ । जस अनुसार कालोपत्रे गरेको सडक सबैभन्दा बढी कास्की र सबैभन्दा कम मनाङ र मुस्ताङ रहेका छन् ।

**तलिका ८.१ जिल्लागत सडकहरूको विवरण**

| तह | कालोपत्रे सडक कि.मी. | ग्राभेलकि.मी. | धुले सडककि.मी. | कूल सडक कि.मी. |
|---|---|---|---|---|
| प्रदेश ४* | ३१० | १,२९२ | ९,३१७ | १०,९१९* |
| गोर्खा | ५०.८८ | ६५.४४ | ८५३.५५ | ९६९.८७ |
| लम्जुङ | २८.५ | १२०.७२ | ६७८.२६ | ८२७.२८ |
| तनहु | १५०.०३१ | ९८ | २,१२२ | २३७०.०३१ |
| स्याङजा | १४९.७ | १३.५ | ६१६.१ | ७७९.३ |
| कास्की | २४९.४५ | १०१.८ | २९९.४ | ६५०.६५ |
| मनाङ | | २५ | ११.५६ | ३६.५६ |
| मुस्ताङ | १२ | | ४७ | ५९ |
| म्याग्दी | ७ | ४.६ | ९३७.४ | ९५० |
| पर्वत | ४५.१८ | ५२.६६ | ८६४.५७ | ९६२.४१ |
| बाग्लुङ | २६.५ | १४९ | १०३७ | १२१२.५ |
| नवलपरासी(पूर्व) | १५१ | ४५९ | ३४० | ९५० |

(श्रोतः अर्थमन्त्रालय, २०७४, रा.यो. आ. के. त. वि.तथ्याङ्क कार्यालय २०७४ र जिल्लाहरूको वस्तुगत विवरण*आर्थिक सर्वेक्षण २०७४ को आँकडा अनुसार)

## पुल :

८.७ नेपालमा पर्याप्त संख्यामा नदी, खोला, खोल्सा र तालहरू रहेका छन् । सडक यातायातद्वारा जोडिने गाउँ र सहरहरू बीच पर्याप्त नदी, खोला, खोल्सा र कंही कंही तालहरू समेत पर्दछन् । तसर्थ सडक यातायातको निर्माण पुलहरूको निर्माण बेगर सम्पन्न हुनै सक्दैनन् । अतः निर्माणाधीन पुलहरूको विवरण तपशील तालिका ६.२ मा उल्लेख गरिएको छ ।

**तलिका ८.२ जिल्लागत निर्माणाधीन पुलहरू**

| जिल्ला | आयोजनाहरू |
|---|---|
| गोर्खा | चेपे नदी पुल गोर्खा लम्जुङ, दरौदी पुल बेली बृज आँबुखैरेनी मनकामना सडकमा, मर्स्याङ्दी नदी पुल तुरतुरे, त्रिशुली नदी पुल बट्टार मकैसिंह, स्तुल खोला पुल कोप्चेको रहमा, त्रिशुली नदी पुल फिस्लिङ गोर्खा, सत्रसयफाँट तनहूँ देउलीघाट पुल, वुढीगण्डकी सोतेमा मोटरेवल पुल |
| लम्जुङ | मर्स्याङ्दी नदी पुल भोटेओडार, मर्स्याङ्दी नदी पुल पाँउदीढिक, दार्दी खोला चिती सेरा, मर्स्याङ्दी नदी पुल बेसीसहर बामोखेत, मिदीम खोला पुल नाल्मा, हाँडीखोला पुल अर्चलबोट श्रीभञ्ज्याङ, बडहरे खोला पुल |
| तनहु | मर्स्याङ्दी नदी पुल नयाँ पुल, सेती नदी पुल खैरेनीटार, जिदी खोला पुल मिर्दी भिमाद सडक, साँगे खोला पुल, मादी नदी पुल सिसाघाट, सेती नदी पुल सुडे, कार्स्याग्दी खोला पुल चन्द्रावती मिर्लुङ, |

| | |
|---|---|
| | मर्स्याङ्दी नदी पुल, विमलनगर, कालीगण्डकी पुल गडगडीघाट, मिदिम खोला पुल डडुवा मालिङ, त्रिशुली नदी पुल घुमाउनेघाट, खत्री खोला मोटरेवल पुल माथिल्लो चुँदी टुहुरे पसल, चुँदी खोला मोटरेवल पुल तनहूसुर वसन्तपुर, मादी मर्स्याङदी मोटरेवल पुल, लादी खोला मोटरेवल पुल पङ्के पसल, कालीगण्डकी मोटरेवल पुल पुट्टारघाट र पाल्पा, सेती नदी मोटरेवल पुल कोत्रेबजार, मर्स्याङ्दी नदी पुल ताम्वास, मर्स्याङ्दी नदी पुल पोखरीटारबाट गोरखा, छत्रे पुल |
| स्याङजा | कालीगण्डकी पुल रुद्रवेनी, मैदी खोला पुल, कालीगण्डकी पुल हुगींघाट, कालीगण्डकी पुल रतनपुर, कालीगण्डकी पुल निर्दीमघाट चापाकोट, आँधी खोला पुल सेतीदोभान, अर्मादी खोला पुल रामबच्छा, माटेथर दरौ खोला पुल अर्जुनचौपारी, आँधी खोला पुल छिपहटिया, आँधी खोला पुल वाङसिला चिलाउनेवास, घयाङ्ग्रुङ खोला पुल आरूखर्क, च्यांग्दी खोला पुल, भौरव कुण्ड पुल चिलाउनेवास, कालीगण्डकी पुल आँधीघाट बर्दले स्याङजा पाल्पा, आँधी खोला पुल छाङछाङदी, छिते खोला मोटरेवल पुल, डढुवा पुल ठूलाडिही, सहरे पुल पंचमूल, कालीगण्डकी पुल आँधीघाट बर्दले, कालीगण्डकी पुल बाँसटारी । |
| कास्की | मादी नदी पुल घुम्ले बजार, सुरौदी खोला पुल, कृष्णघाट पुल मादबेसी, सेती नदी पुल बगर, मादी नदी पुल टिमुरचौर,सेती नदी पुल नदीपुर, हुमा खोला पुल भदौरे, विजयपुर खोला पुल काफलघारी फेदी, फुर्से खोला पुल दुमसादीघाट, आप पुल ल्वाँङघलेल, सेती नदी पुल लामाचौर, रुदी खोला पुल मिजुरेडाँडा करापू, खास्टेताल खोला पुल खरानेफाँट, सेती नदी पुल पट्नेरी भरतपोखरी, सेती नदी पुल मुसेटुडा, चार्ने खोला पुल घान्द्रुक । |
| मनाङ | म्यार्दी खोला पुल राकाबाट मनाङ, मर्स्याङदी नदी पुल माबाट मनाङ । |
| मुस्ताङ | *यस जिल्लामा २८ वटा झोलुंगे पुलहरु सुचारू अवस्थामा रहेका छन् ।*[१] |
| म्याग्दी | म्याग्दी खोला पुल दरवाङ, कालीगण्डकी पुल बैंसरी औला, म्याग्दी खोला मोटरेवल पुल अर्मन मसानघाट |
| पर्वत | कटुवा खोला पुल कुस्मा चाप्रे बगर, भुरुङदी खोला पुल विरेठाँटी, रिठ्ठे खोला पुल घुम्तीडाडा लामपाटा सडक, रती खोला पुल डिमुवा राम्जा सडक, सेती खोला पुल पर्वत स्याङजा, अम्बोट खोला पुल दोम्सा दुर्लुङ वाजुङ सडक, गल्छिनाघाट पुल हुवास, मोदी खोला पुल भूकदेउराली सल्यान । |
| बाग्लुङ | ताराखोला पुल साघुघाट, रिठ्ठे खोला र बौलाह खोला पुल भकुण्डे, लक्ष्मीकुन्द्वात पुल बुर्तिवाङ, गाँडी खोला पुल हटिया हरिचौर सडक, टिमुरे खोला पुल, कालीगण्डकी पुल जयमुनी घाट मरेघाट, दरौ खोला मल्म र काडेवास, बढीगाड खोला पुल कालीरह, भुजी खोला मोटरेवल पुल दोगाडी मराङघाट, ग्वालीचौर खहरेखोला पुल, निसी खोला पुल वोहरा गाँउ, भुजी खोला मोटरेवल पुल अस्तु ओडारवोट, दरम खोला पुल बसाहाघाट, लुकुरवन खोला मोटरेवल पुल छुन्द्रफेदीघाट, बोङखानी खोला बोङगा दोभान । |
| नवलपरासी (पूर्व) | कालीगण्डकी नदी पुल डेडगाँउ, केरुङगे खोला पुल कावासोतीमा २ वटा, कालीगण्डकी नदी पुल देवघाट, केरुङगे खोला पुल कावासोती थकालीचोक हसौरा खण्ड, छोछडी खोला पुल कावासोती भेडीठीस, टेग्री खोला पुल कावासोती, तुरीया खोला पुल सुनवल, अबिछेक खोला पुल गैडाकोट, टोकरे खोला पुल देवचुली, बगवईखोला पुल दलदले देवचुली, लोकाहा खोला पुला, अमरापुरी वेलडिया जोड्ने पुल । |

***(श्रोत:** भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, काठमाण्डौं, जिल्लाहरुमा कार्यान्वयन गरिने वार्षिक विकास कार्यक्रम २०७३/०७४)*

यस प्रदेश भित्र सडकको वस्तुस्थितिलाई विश्लेषण गर्दा २१ राजमार्ग र २०९ सहायक मार्गहरु रहेका छन । सडक निर्माण र विस्तारका लागि पोखरा, बागलुङ्ग र दमौलीमा सडक डिभिजन कार्यालयहरु त्यस्तै गरी पोखरामा र डुम्रेमा हेभि इक्वीपमेण्ट डिभिजन र यान्त्रिक कार्यलयहरु रहेका छन ।

## जलमार्ग:

८.८ यहाँ पर्ने नदीहरू जस्तै मादी, सेती, मर्स्याङदी, त्रिशुली,कालीगण्डकी, नारायणी, आदिमा जलमार्ग मनोरञ्जनका लागि प्रयोग हुँदै आएको छ र प्रभावकारी रुपमा यसको प्रयोग गर्न सकिने अवस्था पनि रहेको छ । यहाँ रहेका फेवा, बेगनास, रूपा, तिलिचो जस्ता तालहरूमा आन्तरिक र बाहय पर्यटकहरुलाई प्रशस्त डुङ्गा र केही मोटरबोटको समेत सुविधा रहेका छन् ।

## हवाई यातायात :

८.९ यस प्रदेशमा हवाई यातायातको पनि सुविधा रहेको छ । हवाई यातायातका लागि कास्कीको पोखरामा १, मुस्ताङको जोमसोममा १ र बाग्लुङको बलेवामा १ विमानस्थल सुचारू अवस्थामा छन् । यी मध्ये पोखरामा र जोमसोम विमानस्थलमा दैनिक नियमित हवाई उडानहरु भइरहेका छन् भने बलेवा विमानस्थलमा हप्तामा २ दिन (आइतवार र विहिवार) मात्र हवाई उडानहरु हुने गर्दछन् । हाल सम्म पोखरा काठमाण्डौ पोखरा जोमसोम, पोखराभरतपुर र पोखरा भैरहवामा नियमित उडान सञ्चालन हुदै आएका छन् । त्यस्तै मनाङको हुम्डे विमानस्थल चालु अवस्थामा रहेको भएतापनि नियमित उडान सञ्चालनमा आउन सकेको छैन र गोरखाको पालुङटार र बाग्लुङको ढोरपाटन विमानस्थल बन्द अवस्थामा छन् भने लमजुङको सितलेश्वारा विमानस्थलको निर्माण कार्य सम्पन्न भएको छैन । पोखरामा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल १ निर्माणाधीन अवस्थामा छ । यहाँ नेपाल एअरलाइन्स, वुद्ध, यती, तारा, सिम्रिक, समिट (पूरानो गोमा) एअरलाइन्सहरूले नियमित सेवा प्रदान गर्दै आएका छन् ।

८.१० कास्कीको पोखरा र स्याङजामा प्याराग्लाइडीङबाट मनोरञ्जन लिनेहरुको लागि प्याराग्लाईडीङ कम्पनीहरू रहेका छन् । पोखरामा Bluesky, Sunrise, Paranova, Sarangkot, Annapurna, Frontirs आदि र Avia जस्ता Ultralight सेवा समेत रहेका छन् । सराङकोटबाट हेम्जासम्म जिपफ्लाएर संचालन रहेको छ ।

## केवलकार/रज्जुमार्ग :

८.११ गोर्खाको मनकामना मन्दिरसम्म पुग्नका लागि चितवनको कुरिनटारबाट केवलकारको सुविधा उपलव्ध छ जस्ले धार्मिक पर्यटनलाई प्रवर्धन गरेको छ ।

कास्कीको मादी गाँउपालिकाको सिक्लेस, पोखराको सराङकोटबाट फेवाताल, कालीकाको ठूलाकोटबाट क्होलासोथरसम्म केवलकार सञ्चालन गर्न सम्भाव्यता अध्ययन भइरहेको छ ।

## रेल यातायात :

८.१२ रसुवागढी काठमाण्डौ पोखरा लुम्बिनी ५१९ कि.मी. रेलमार्गको विस्तृत परियोजना प्रतिवेदन २ वर्षमा तयार पार्ने कार्य प्रारम्भ भएको छ ।पूर्व पश्चिम रेलमार्ग ९४५ कि.मी. सम्भव्यता अध्ययन सम्पन्न भई जम्मा ३७२ कि.मी. रेल्वे लाईनको विस्तृत प्रतिवेदन तयार भएको मध्ये सिमरा तम्सरिया १२७कि.मी., तम्सरिया वुटवल ६५ कि.मी. खण्ड यस प्रदेशबाट पास हुन्छन् ।

## जलस्रोत :

८.१३ हाम्रो देश प्रतिव्यक्ति शुद्ध पानी उपयोगमा विश्वमै दोश्रो धनीमा पर्दछ। यहाँ प्रसस्त झरना, कुवा, ईनार र ६,००० भन्दा बढी नदी नालाहरू बग्दछन् जसको सरदर वार्षिक बहाव (Average Annual Run-off) करिब २२५ अर्ब घन मिटर रहेको अनुमान गरिएको छ। पूनर्भरणयोग्य भूमिगत जल (Rechargeable Groundwater) ५.८ र ११.५ अर्ब घन मिटर बीचमा रहेको अनुमान गरिएको छ। उपलब्ध जलस्रोतमध्ये सिंचाइमा २८.८ अर्ब घन मिटर, उद्योगमा ०.५ अर्ब घन मिटर र सेवा क्षेत्रमा ०.०१ अर्ब घन मिटर पानी उपयोग भइरहेको अनुमान छ। हाल नेपालको जल उपयोग दक्षता ०.६ अमेरिकन डलर प्रति घन मिटर रहेको छ। यस हिसाबले आर्थिक तथा सामाजिक रुपमा पानीको उपयोग न्यून रुपमा हुँदै आएको छ।

## सिंचाईः

८.१४ देशको कुल क्षेत्रफल १,४७,१८,१०० हेक्टर मध्ये कूल कृषि योग्य क्षेत्रफल १७.८० प्रतिशत अर्थात २६,४१,००० हेक्टर रहेकोमा कूल सिंचाइ योग्य जमिन करिव कूल भूभागको १२ प्रतिशत र कृषि योग्य जमिनको ६६.८७ प्रतिशत अर्थात १७,६६,००० हेक्टर मात्र छ। कृषि योग्य जमिन मध्ये ५४.२७ प्रतिशत अर्थात १४,३३,२८७ हेक्टर जमिनमा सिंचाइ संरचनाहरु निर्माण भई सिंचाइ सुविधा पुर्‍याइएको छ। कूल सिंचित क्षेत्रफल मध्ये भूमिगत सिंचाइबाट ४,४३,३६५ हेक्टर, कृषक व्यवस्थित सिंचाइ प्रणालीबाट १,६७,९२५ हेक्टर तथा सतह सिंचाइबाट ८,१३,०६७ हेक्टर सिंचाई भएको छ। नेपालको कूल सिंचित क्षेत्रमध्ये करिब एक तिहाई भू-भागमा मात्र वर्षै भरी सिंचाई सुविधा पुगेको छ।

८.१५ यस प्रदेशमाकृषियोग्य भूमि २,५५,६५१ हे.मात्र रहेको छ जस मध्ये ४५.८८ प्रतिशत अर्थात १,१७,३१५ हे. जमिन मात्र सिंचित भएको छ। नवलपरासी (पूर्व) सबैभन्दा बढी ९१.७६ प्रतिशत जमिन सिंचाई भएको जिल्ला रहेको छ भने मुस्ताङ सबैभन्दा कम ३.७६ प्रतिशत जमिन सिंचाई भएको जिल्ला रहेका छन्। जिल्लागत रुपमा नवलपरासी (पूर्व), कास्की,लम्जुङ,तनहूँ,,पर्वत,स्याङजा,बाग्लुङ, गोर्खा, म्याग्दी, मनाङ, र मुस्ताङमा क्रमशः ९१.७६, ५०.८०, ५०.०५, ४२.६७, ४२.३८, ३१.७५, २९.३३, २३.४१,१६.६५ र ३.७६ प्रतिशत जमिन सिंचाई भएका छन्।

**तालिका ८.३ प्रदेशमा जिल्लागत सिंचाईको अवस्था (हेक्टरमा)**

| जिल्ला | कुल क्षेत्रफल | कृषियोग्य भूमि | सिंचित क्षेत्रफल | प्रतिशत |
|---|---|---|---|---|
| गोरखा | ३,६१,४६९ | ३३,९१५ | ११,०२७ | ३२.५१ |
| लमजुङ्ग | १,७०,८७१ | २३,८४८ | ११,९३७ | ५०.०५ |
| तनहुँ | १,५६,८७८ | ३३,९७१ | १४,४९६ | ४२.६७ |
| स्याङ्गजा | १,०३,५५५ | ३१,०१७ | ९,८४८ | ३१.७५ |
| कास्की | २,१३,१६७ | ३१,४०५ | १५,९६० | ५०.८ |
| म्याग्दी | २,३०,००७ | १५,७४० | ३,६८५ | २३.४१ |
| मनाङ्ग | २,१९,६२५ | ७१८ | १२१ | १६.८५ |
| मुस्ताङ्ग | ३,५५,९५१ | ४,२२१ | १५९ | ३.७६ |
| पर्वत | ५४,९३१ | १५,२३१ | ६,४५५ | ४२.३८ |
| बाग्लुङ्ग | १,८२,७४५ | २६,५२२ | ७,७८० | २९.३३ |
| नवलपरासी (पूर्व) | १,४२,५८२ | ३९,०६३ | ३५,८४७ | ९१.७६ |
| **जम्मा** | **२१,९१,७८१** | **२,५५,६५१** | **१,१७,३१५** | **४५.८८** |


*(श्रोतः क्षेत्रीय सिंचाइ निर्देशनालय, पोखरा)*

८.१६ क्षेत्रीय सिंचाइ निर्देशनालय पोखराबाट सञ्चालित सिंचाइ आयोजना मध्ये कार्यान्वयनमा रहेको पोखरा जलउपयोग तथा सिंचाइ प्रणालीको सेती हेडवर्क्स पुर्नस्थापना कार्य रहेको छ जसको सिंचित क्षेत्र १,०३० हेक्टर र लागत अनुमान रु.३६,०५,२७०००।-(छत्तीस करोड पाँच लाख सत्ताईस हजार रुपैयाँ) रहेको छ । कमाण्ड क्षेत्रको आधारमा सबैभन्दा ठूलो आयोजना विजयपुर सिंचाइ प्रणाली रहेको छ । यसको सिंचित क्षमता १,२८० हेक्टर रहेको छ ।रुपाताल एकीकृत विकास परियोजना मार्फत रुपातालको संरक्षण र विकास गरी माछा पालन, सिंचाई र पर्यटनलाई एकसाथ संचालन गर्ने उद्देश्य रहेको छ ।

८.१७ यस प्रदेशकै मेघा प्रोजेक्टको रुपमा **'रुपाताल एकीकृत विकास परियोजना'** आर्थिक वर्ष २०७३/०७४ देखि लागु भएको छ । यस परियोजनाको मूख्य कार्य अन्तर्गत ५७५ मि. लामो र ६ मि. उचाईको बाँध निर्माण गरी पानीको सतह ४ मि. उठाउने रहेको छ । आर्थिक वर्ष २०७८/०७९ सम्म सम्पन्न गर्ने उद्देश्य राखिएको र DPR तयार भैसकेको यस परियोजनाको कुल लागत ४५२८८.०३ लाख लाग्नेछ ।

## खानेपानी सुविधा :

८.१८ राष्ट्रिय रुपमा ९०.९० प्रतिशत घरधुरीले सफा र शुद्ध पिउने पानी (धारा, ढाकिएको इनार र मूल एवं ढुङ्गे धारा)को सुविधा प्राप्त गरेका छन् भने ४.७१ र १.१२ प्रतिशत घरधुरीले क्रमश खुला कुवा र नदी वा खोलाको (असुरक्षित) पानी पिउँदछन् । शुद्ध पिउने पानीको सुविधा उपलब्धता र प्रयोगका आधारमा यो प्रदेश दोश्रो स्थानमा पर्दछ ।




चित्र नं.८.१ जिल्लागत खानेपानी सुविधाको अवस्था

८.१९ यस प्रदेशमा ९३.३२ प्रतिशत घरधुरीले सफा र शुद्ध पिउने पानीको सुविधा प्राप्त गरेकाछन् भने ५.०१ र ०.७४ प्रतिशत घरधुरीले क्रमशः खुला कुवा र नदी वा खोलाको असुरक्षित पानी पिउँदछन् जसलाई चित्र नं. ६.२ मा देखाइएको छ । जिल्लागत रुपमा मनाङ, पर्वत, लम्जुङ, कास्की, म्याग्दी, बाग्लुङ, मुस्ताङ, स्याङजा, गोर्खा, नवलपरासी (पूर्व) र तनहुँ क्रमशः ९९.३८, ९६.८१, ९६.६५, ९६.२८, ९६.०६, ९४.३६, ९४.०१,

९३.३८, ९३.२२, ८९.३१ र ८७.०८ प्रतिशत घरधुरीले सफा र शुद्ध वासुरक्षित पिउने पानीको सुविधा प्राप्त गरेका छन् ।

### शौचालय सुविधा :

८.२० राष्ट्रिय रुपमा ६१.१९ प्रतिशत घरधुरीमा शौचालय सुविधा छ भने ३८.१६ प्रतिशत घरधुरीमा शौचालय सुविधा छैन । यस प्रदेशमा ८५.०९प्रतिशत घरधुरीमा शौचालय सुविधा उपलव्ध छ भने १४.५१ प्रतिशत घरधुरीमा शौचालय सुविधा उपलव्ध छैन । यो प्रदेश शौचालय सुविधा उपलव्धताका आधारमा प्रथम स्थानमा छ । प्रदेशमा सबैभन्दा बढी कास्की जिल्लाको ९८.७८ प्रतिशत घरहरूमा शौचालय रहेकाछन् भने सबैभन्दा कम मुस्ताङमा ६२.८७ प्रतिशत घरहरूमा शौचालय रहेका छन् । जिल्लागत रुपमा कास्की, पर्वत, स्याङजा, तनहुँ, म्याग्दी, लम्जुङ, बाग्लुङ, नवलपरासी (पूर्व), गोर्खा, मनाङ र मुस्ताङमा क्रमशः ९८.७९, ९०.०६, ८९.३६, ८३.३२, ८१.१९, ८०.३३, ७९.७६, ७७.७१, ७२.६६, ६५.०६ र ६३.८७ प्रतिशत घरधुरीमा शौचालय सुविधा उपलब्ध छ ।

### सूचना तथा सञ्चार :

८.२१ सूचना तथा संचारको प्रयोजनका लागि यस प्रदेशका सबै जसो जिल्लाहरुमा हुलाक सेवा, एफ. एम. रेडियो, पत्रपत्रिका, टेलिभिजन, नेपाल टेलिकमको **PSTN** वा **GSM** वा **CDMA,** मोवाइल**,** र **Y-Max** सेवा साथै **N-Cell** को मोवाइल सेवा उपलव्ध छन् । यस प्रदेशमा ८७.९९ प्रतिशत घरधुरीमा कुनै न कुनै एक सूचना तथा सञ्चार सुविधा उपलव्ध छ भने १०.११ प्रतिशत घरधुरी सुविधा विहीन अवस्थामा रहेका छन् ।यो प्रदेश यस सुविधा उपलव्धताका आधारमा दोश्रो स्थानमा रहेको छ । जिल्लागत रुपमा कास्की, नवलपरासी (पूर्व), स्याङजा, पर्वत, मुस्ताङ, मनाङ, तनहुँ, लम्जुङ, बाग्लुङ, गोर्खा र म्याग्दीमा क्रमशः ९४.२०, ९२.०८, ८९.३३, ८७.८१, ८७.५०, ८७.२९, ८६.०४, ८५.७९, ८४.१९, ८१.२६ र ८०.५५ प्रतिशत घरधुरीमा कुनै न कुनै एक सूचना तथा सञ्चार सुविधा उपलब्ध छ ।

### दूरसञ्चार र टेलिफोन :

८.२२ यस प्रदेशको सबै जिल्लामा **PSTN** वा **GSM** र मोवाइल सेवा पुगेको छ।नेपाल टेलिकम क्षेत्रीय कार्यालय पोखराका अनुसार यस प्रदेशमा ६१५५८ **PSTN**, २४१९१ **ADSL**,४४३०७ **Mobile post-paid**, १२०६१०१ **Mobile pre-paid**, २६९४३ **CDMA sky pre-paid**, २८२८ **CDMA sky set**, १०४५ **Y-Max** र ९८ **5th gereration** सेवा वितरण गरेको छ । जस मध्ये वितरित PSTN सेवा कास्की ३८२६२, तनहूँ ५३०४, बाग्लुङ ३५२०, नवलपरासी ३४७२, स्याङजा ३४२५, गोर्खा २२७४, लम्जुङ १९४४, पर्वत १४८१, म्याग्दी १३११, मुस्ताङ ४२८ र मनाङ १३७ मा रहेको छ ।

### हुलाक :

८.२३ यस प्रदेशका सवै जसो जिल्लाहरुमा जिल्ला, इलाका र अतिरिक्तहुलाक कार्यालय रहेका छन् । कास्की र नवलपरासीमा जिल्ला हुलाक कार्यालय छैनन् तर कास्कीमा भने पश्चिमाञ्चल क्षेत्रीय हुलाक कार्यालयले नै जिल्लाको समेत काम गर्दछ । जिल्लागत विवरण तल तालिकामा दिइएको छ ।

**तालिका ८.४  प्रदेशको जिल्लागत हुलाक कार्यालयको विवरण**

| जिल्ला | क्षेत्रीय हु. कार्यालय | जिल्ला हु. कार्यालय | इलाका हु. कार्यालय | अतिरिक्त हु. कार्यालय | जम्मा |
|---|---|---|---|---|---|
| गोर्खा | | १ | १२ | ५६ | ६९ |
| लम्जुङ | | १ | १० | ५० | ६१ |
| तनहु | | १ | १४ | ३८ | ५३ |
| स्याङजा | | १ | १२ | ५३ | ६६ |
| कास्की | १ | | १३ | ३७ | ५१ |
| मनाङ | | १ | ५ | ५ | ११ |
| मुस्ताङ | | १ | ८ | ७ | १६ |
| म्याग्दी | | १ | १० | २९ | ४० |
| पर्वत | | १ | ११ | ४३ | ५५ |
| बाग्लुङ | | १ | १३ | ४८ | ६२ |
| नवलपरासी (पूर्व) | | | ८ | ३० | ३८ |
| **जम्मा** | **१** | **९** | **११६** | **३९६** | **५२२** |

*श्रोत:प्रदेश नं ४ को वस्तुगत तथा अर्थिक विवरण, २०७४, क्षेत्रीय प्रशासन कार्यालय,पोखरा*

पत्रपत्रिका :

८.२४ हालसम्म यस प्रदेशमा ७० भन्दा बढी पत्रिकाहरू दर्ता भई सञ्चालनमा रहेका छन् । मनाङ बाहेक सबै जिल्लामा पत्रपत्रिका प्रकाशन हुँदै आएका छन् । कास्कीमा सबैभन्दा बढी ४३ पत्रिकाहरू दर्ता भई सञ्चालनमा रहेका छन् । विद्युतीय, अक्षर पत्रिका, इन्टरनेट प्रदायक लगायतका सूचना र संचारका साधनहरूको विवरण तालिका नं. ८.६ मा उल्लेख गरिएको छ ।

**तालिका ८.५  प्रदेशमा जिल्लागत सूचना र सञ्चारको अवस्था**

| जिल्ला | टि.भि. स्टेसन | रेडियो स्टेसन | पत्रपत्रिका | इन्टरनेट प्रदायक | टेलीफोन सेवा |
|---|---|---|---|---|---|
| गोर्खा | ७ | ९ | ३ | ५ | २,२७४ |
| लम्जुङ | १ | ४ | ९ | ४ | १,९४४ |
| तनहुँ | १ | ११ | १३ | ३ | ५,३०४ |
| स्याङजा | ३ | ५ | ८ | ५ | ३,५२४ |
| कास्की | ४ | २६ | ४३ | ४ | ३८,२६२ |
| मनाङ | १ | | | २ | १,३७ |
| मुस्ताङ | १० | १ | १ | | ४,२८ |
| म्याग्दी | २ | २ | ६ | ४ | १,३११ |
| पर्वत | १ | ४ | १२ | | १,४८१ |
| बाग्लुङ | १ | ७ | ७ | ३ | ३,५२० |
| नवलपुर (पूर्व) | ४ | ४ | ३ | | ३,४७२ |

*श्रोत: प्रदेश नं ४ को वस्तुगत तथा अर्थिक विवरण, २०७४, क्षेत्रीय प्रशासन कार्यालय,पोखरा र जिल्लाहरूको वस्तुगत विवरण २०७४*

**राष्ट्रिय गौरवको आयोजनाहरू :**

८.२५ यस प्रदेशमा मध्यपहाडी लोकमार्गको १३४ कि.मी. खण्ड (निर्माणाधीन अवस्थामा), पोखरामा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल (निर्माणाधीन, हालसम्म करिव १२ प्रतिशत काम सम्पन्न), बुढीगण्डकी जलविद्युत आयोजना, उत्तर दक्षिण राजमार्ग अन्तरगत कालीगण्डकी करिडोर ४३५ कि.मी. (निर्माणाधीन अवस्थामा), पूर्व पश्चिम रेलमार्ग ९४५ कि.मी. सम्भाव्यता अध्ययन सम्पन्न भई जम्मा ३७२ कि.मी. रेल्वे लाईनको विस्तृत प्रतिवेदन तयार भएको मध्येसिमरा तम्सरिया १२७ कि.मी., तम्सरिया वुटवल ६५ कि.मी., यस प्रदेशबाट पासहुन्छन् । कालीगण्डकी करिडोरको ४३५ कि.मी.ट्र्याक निर्माण कार्य सम्पन्न भई २७ कि.मी. ग्रावेल निर्माण सम्पन्न भएको छ ।

**प्रदेश गौरवको आयोजनाहरू :**

८.२६ कोरोला पोखरा त्रिवेणी १८८ कि.मी. (निर्माणाधीन)र शालिग्राम करिडोर देवघाट-चापाकोट-मिर्मी-सेतिवेणी-फलेवास-मालढुङ्गा प्रदेश गौरव आयोजनाको रुपमा विकास भइरहेको छ ।

**विज्ञान र प्रविधि :**

८.२७ विज्ञान, प्रविधि र अनुसन्धान क्षेत्रको विकासले मात्र देश, समाज र व्यक्ति समेतमा विकास र सवृद्धी ल्याउँदछ । विश्वविद्यालय, क्याम्पस र अनुसन्धान केन्द्रहरूले विज्ञान, प्रविधि र अनुसन्धानका क्षेत्रमा काम गर्ने, केही हदसम्म प्रविधिको विकास र हस्तान्तरण समेत गर्ने गरेकाछन् । ती संस्थाहरू निम्नानुसार रहेका छन् ।

८.२८ पोखरा विश्वविद्यालय र यसका आङ्गिक र सम्वन्धन प्राप्त क्याम्पसहरूमा इन्जिनीयरिङ र स्वास्थ्य तथा प्रयोग विज्ञानको अध्ययन, अध्यापन र अनुसन्धान कार्य हुदै आएको छ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा स्वास्थ्य विज्ञानको अध्ययन, अध्यापन साथै अनुसन्धान कार्य शुरू हुने तयारीमा छ ।

८.२९ पृथ्वीनारायण क्याम्पसमा विज्ञानका स्नातक तहको विभिन्न विधाहरूमा र स्नात्तकोत्तर तहको भौतिकशास्त्र र गणित विषयमा अध्ययन, अध्यापन साथै अनुसन्धान कार्य हुंदै आएको छ । पश्चिमाञ्चल क्याम्पस लामाचौरमा इन्जिनीयरिङ विधाका विभिन्न विषयहरूमा स्नातक र स्नात्तकोत्तर तहका अध्यापन र अनुसन्धान कार्य हुंदै आएको छ । पोखरा वन क्याम्पसमा वन, वातावरण र प्राकृतिक श्रोत व्यवस्थापन विषयमा स्नातक, स्नात्तकोत्तर र पि.एच.डी.सम्मको अध्ययन, अध्यापन र अनुसन्धान कार्य हुंदै आएको छ । पोखरा नर्सिङ क्याम्पसमा नर्सिङ विषयमा स्नातक र स्नात्तकोत्तरको अध्ययन, अध्यापन र अनुसन्धान कार्य हुंदै आएको छ । यस्तै कृषि तथा वन विश्वविद्यालयको पुरञ्चौर त्रि.वि.को सुन्दरबजारमा रहेका कृषि क्याम्पसहरूमा कृषि तथा पशु विधामा स्नातक तहको अध्यापन र अनुसन्धान कार्य हुदै आएको छ ।

८.३० प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पोखरा स्थित शाखाबाट विभिन्न विधामा तालिम तथा प्रशिक्षण कार्यक्रम सञ्चालन हुदै आएकोछ भने निजी क्षेत्रको प्रयासमा राष्ट्रिय आविष्कार केन्द्रको स्थापना भएको छ ।

८.३१ राष्ट्रिय कृषि अनुसन्धान केन्द्र, लुम्ले र क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, मालेपाटनले कृषि क्षेत्रमा अनुसन्धान गर्दै आएको छ भने मत्स्य विकास तथा अनुसन्धान केन्द्र, वेगनासले मत्स्य क्षेत्रको विकास र अनुसन्धान गर्दै आएको छ ।

८.३२ राष्ट्रिय बाख्रा अनुसन्धान केन्द्र, वन्दीपुरले सो क्षेत्रमा अनुसन्धान गर्दै आएकोछ भने राष्ट्रिय वागवानी अनुसन्धान केन्द्र मार्फामा स्याऊ खेतीको विकास र अनुसन्धानको काम हुँदै आएको छ।

## ८.३३ सम्भावनाहरू :

१. निर्माणाधीन सडकहरू मादी करीडोर, प्रदेशभित्र उत्तर दक्षिण राजमार्ग, वेसीशहर-चामे-खाङसार सडकको निर्माण तथा स्तरोन्नति, मुग्लिन पोखरा सडक ४ लेनमा विस्तार (ए.डि.वि.सहयोग), सिद्धार्थ राजमार्ग विस्तारको सर्भे डिजाइन, पोखरा रिङ्गरोडको निर्माण, भिमाद-डेढगाउँ-कावासोती सडक र दुलेगौंडा पुतलीबजार सडकको निर्माण कार्य प्राथमिकताका साथ सम्पन्न गर्दै आन्तरिक यातायात, ढुवानी, आयात-निर्यात र पर्यटनलाई प्रवर्धन गर्न सकिन्छ।

२. निर्माणाधिन पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल समयमै सम्पन्न गरी आन्तरिक र वाह्य पर्यटनलाई प्रवर्धन गर्न सकिन्छ।

३. तालहरूको संरक्षण र अधितकम उपयोग गर्न आवश्यक योजना र नीति तर्जुमा गर्ने ।रुपाताल एकीकृत विकास परियोजना समयमा नै सम्पन्न गरी उक्त तालको संरक्षण, विकास साथै माछा पालन, सिंचाई र पर्यटनलाई एकसाथ संचालनमा ल्याउने।

४. मादी करिडोर (प्रस्तावित), पोखरा रिङ्गरोडको निर्माण (प्रस्तावित)को कार्य समयमै अगाडि बढाई यातायात र ढुवानीलाई सुगम बनाउदै Connectivity बढाउने साथै आर्थिक गतिविधि बढाउने।

५. खनिजको अध्ययन र उत्खनन गरी देशलाई आवश्यक पर्ने कच्चा पदार्थको रूपमा प्रयोग गर्न साथै राष्ट्रिय अर्थतन्त्र प्रवर्धन गर्ने।

## ८.३४ चुनौतीहरू :

१. निर्माणाधीन आयोजनाहरू समयमानै सम्पन्न गरी सेवा सूचारू गर्न र आर्थिक उत्पादन केन्द्रलाई एक आपसमा जोड्नुका साथै सबै जिल्ला सदरमुकाम जोड्ने सडक कालोपत्रे र स्थानीय तह जोड्ने सडक सञ्जाल निर्माण गरी सुचारू गर्न ।

२. यातयात तर्फ रेलमार्ग निर्माण समयमानै सम्पन्न गरी सेवा सुचारू गर्न र साइकलमार्गको निर्माण एवं स्तर उन्नति गरिनुका साथै साइकल प्रयोगकर्तालाई प्रोत्साहन गर्ने कार्यक्रम समेत ल्याउन।

३. सफा र शुद्ध खानेपानीका स्रोतको पहिचान, संरक्षण, विवेकपूर्ण व्यवस्थापन र उपयोग साथै प्रत्येक घरमा शौचालयको सुविधा पुऱ्याउन।

५. टेलिभिजन सेवालाई एनालग प्रणालीबाट डिजिटल प्रणालीमा लैजान, नेपाल टेलिकम र इन्टरनेट सेवाको स्तर वृद्धी गरी सर्वसाधारणको पहुँचमा पुऱ्याउन।

६. खनिजको अध्ययन र उत्खनन गरी देशलाई आवश्यक पर्ने कच्चा पदार्थको रूपमा प्रयोग गर्न साथै राष्ट्रिय अर्थतन्त्र प्रवर्धन गर्न ।

# ९. सामाजिक विकासको स्थिति

## सामाजिक क्षेत्र

९.१ सामाजिक क्षेत्र भन्नाले शिक्षा, स्वास्थ्य, खेलकुद, महिला, वालवालिका, वृद्धा, सामाजिक सुरक्षा, खानेपानी, स्वास्थ्य उपचारका सुविधा, खाद्यान्नको उपलब्धता, सरसफाइहरु पर्दछन । अरु देशको तुलनामा नेपालको सामाजिक क्षेत्र एककदम पछाडि परेको छ । मानव विकास सूचांकका अनुसार नेपालको सामाजिक बिकास नेपाल जस्तै अरु देशको तुलनामा निकै पछाडि परेको पाइन्छ । सामाजिक विकासको अवस्था देशभित्र पनि फरक फरक पाइन्छ । वहुआयामिक गरिबी मापन सर्वेका अनुसार नेपालमा गाउँ र शहरका बीचमा गरिबीको अवस्था फरक देखिएको छ । (MPI, 2018) गरिबीका तत्वहरु मध्ये कुपोषण र शिक्षा महत्वपूर्ण रहेका छन् । देशका ७ प्रदेशमध्ये प्रदेश ४ को अवस्था राम्रो देखिन्छ भने प्रदेश २ र ६ को अवस्था कमजोर देखिन्छ ।

## जनसंख्या :

९.२ पछिल्लो जनगणना (२०६८) का अनुसार नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ७ रहेको छ । जस अनुसार जनसंख्याको वितरण प्रदेश अनुसार समान छैन । प्रदेश ४ को जनसंख्या २४ लाख ३ हजार ९ सय ७ रहेको छ । जुन नेपालको कुल जनसंख्याको करिव १० प्रतिशत हुन आउंछ । जनसंख्याको हिसावले यस प्रदेश छैटौ स्थानमा पर्छ । (प्रदेश ३ को बढी जनसंख्या हुने र प्रदेश ६ कम जनसंख्या हुने प्रदेशमा पर्दछन्) । प्रदेश ४ को क्षेत्रफल करिव २१ हजार ५ सय ४ वर्ग किलोमिटर छ, जुन देशको कुल क्षेत्रफलको करिव १४.० प्रतिशत हुन आउंछ । जनघनत्वको हिसावले यस प्रदेशको छैठौ स्थानमा पर्दछ । जहाँ प्रति किलोमिटर करिव ११२ ब्यक्तिहरु बस्दछन् । जनसंख्याको हिसाबले यस प्रदेशको sex ratio ८३:१०० रहेको छ, जसअनुसार प्रत्येक १०० महिला बराबर ८३ जना पुरुष रहेको पाइन्छ । जुन देशको तुलनामा कम रहेको छ । समग्र नेपालको sex ratio ९४:१०० रहेको अवस्था छ ।

## उत्पादनका लागि सक्रिय जनसंख्या :

९.३ उत्पादनका लागि सक्रिय जनसंख्या उत्पादनशील जनसंख्या भन्नाले १० वर्ष र सो भन्दा माथिका व्यक्तिहरु जनगणना भन्दा १२ महिना अगाडि कुनै न कुनै आर्थिक क्रियाकलापमा संलग्न हुने गर्दछन । नेपालमा उत्पादनशील जनसंख्या बढ्दै गएको कुरा विभिन्न जनगणना र सर्वेहरुले देखाएका छन् । उत्पादनशील जनसंख्या विवरण पनि विभिन्न प्रदेशहरुमा समान किसिमको छैन । पछिल्लो जनगणना अनुसार नेपालमा करिव ५४.० प्रतिशत जनसंख्या विगत १२ महिनामा कुनै न कुनै काममा संलग्न भएको पाइन्छ भने यस प्रदेश ४ मा करिब ८१.० प्रतिशत जनसंख्या उत्पादनशील जनसंख्या भित्र पर्दछ ।

## शिक्षा:

९.४ समग्र देशको शैक्षिक अवस्था सुधारोन्मुख रहेको पाइन्छ । जसअनुसार प्राथमिक, आधारभूत तथा माध्यामिक तहको भर्नादरमा परिवर्तन तथा सुधार भएको छ । यस प्रदेशको कूल जनसंख्याको करिव ७४.० प्रतिशत जनसंख्या साक्षर छन्, जसमध्ये करिव ८३.० प्रतिशत पुरुष र ६७.० प्रतिशत महिला साक्षर रहेको

प्रतिवेदनले देखाउँछ । साक्षरताका हिसाबले प्रदेश नं ४, प्रदेश ३ पछाडिको सबभन्दा बढी साक्षर हुने प्रदेशमा पर्दछ ।

**तालिका ९.१ खुद भर्नादर**

| क.स | सूचक | नेपाल | प्रदेश ४ |
|---|---|---|---|
| १ | प्रथामिक तहको खुद भर्नादर | ९६.६ | ९८.२ |
| २ | आधारभूत तहको खुद भर्ना दर | ९१.० | ९२.२ |
| ३ | माध्यामिकता तहको खुद भर्ना दर | ३८.९ | ४०.६ |
| ४ | कक्ष १ मा पढाई छाड्ने दर | ४.८ | ५.९ |
| ५ | कक्ष ५ मा पढाई छाड्ने दर | ३.७ | ३.० |
| ६ | कक्ष ८ मा पढाई छाड्ने दर | ५.७ | ५.० |

*श्रोतः क्षेत्रीय शिक्षा निर्देशनालय २०७४*

**९.५** यस प्रदेशमा विद्यार्थीको खुद भर्ना दर सबै तहमा राष्टिय औसतभन्दा राम्रो वा बढी रहेको छ। पढाइ छाड्ने दरमा पनि ५ र ८ कक्षामा राष्ट्रिय औसतभन्दा न्युन रहेकोछ । पछिल्लो जनगणना अनुसार यसप्रदेशमा Net attendance ratio at primary school, ८५.४ प्रतिशत रहेको छ जुन प्रदेशको हिसाबले तेस्रो स्थानमा पर्दछ भने राष्ट्रिय मापन (७९.१ प्रतिशत) भन्दा राम्रो देखिन्छ तर attendance ratio at Secondary school, यस प्रदेशको सबभन्दा उच्च (८१.० प्रतिशत) रहेको देखिन्छ।

**९.६** नेपालमा सामुदायिक र संस्थागत विद्यालय गरी विभिन्न तहमा ६९,५३,११४ विद्यार्थीहरु अध्ययनरत छन भने ४ नं. प्रदेशमा जम्मा ६,७८,१६३ रहेका छन । जुन देशको जम्मा विद्यार्थी संख्याको ९.७५ प्रतिशत हुन आउँछ । देशमा कुल अध्ययनरत विद्यार्थीहरुमा सर्वाधिक ५९.४७ प्रतिशत र प्रदेशमा ४६.०२ प्रतिशत विद्यार्थी प्राथमिक तहमा अध्ययनरत रहेका छन ।

**तालिका ९.२ (क) कुल विद्यार्थी संख्या**

| विद्यालय तह | नेपाल | प्रदेश ४ |
|---|---|---|
| प्राथमिक तह (१-५) | ४१३५२५३ | ३१२१३८ |
| आधारभूत तह (६-८) | १८५९३५९ | १८६०७१ |
| माध्यामिक तह (९-१२) | ९५८५०२ | १७९९५४ |
| **जम्मा** | **६९५३११४** | **६७८१६३** |

*श्रोत : श्रोत : क्षेत्रीय शिक्षा निर्देशनालय २०७४, flash Report, २०७४*

## उच्च शिक्षा :

**९.७** यस प्रदेशमा उच्च शिक्षा प्रदान गर्ने संस्थाहरु जम्मा १२९ रहेका छन । सरकारी तवरबाट उच्च शिक्षा प्रदान गर्ने संस्थाहरु ११ मात्र रहेका छन भने सामुदायिक रुपमा ८८ संस्था स्थापना भएका छन । उच्च शिक्षा प्रदान गर्ने संस्थाहरुको जिल्लागत विवरण निम्नानुसार रहेको छ ।

**तालिका ९.३ (ख) जिल्लागत उच्च शिक्षा प्रदान गर्ने संस्थाको विवरण**

| क.सं. | जिल्ला | सरकारी | सामुदायिक | संस्थागत | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कास्की | ७ | १४ | १२ | ३३ | |
| २ | स्याङ्गजा | ० | १९ | ३ | २२ | |
| ३ | तनहुँ | ० | २ | १० | १२ | |
| ४ | लमजुङ्ग | १ | १० | ० | ११ | |
| ५ | गोरखा | १ | ५ | ० | ६ | |
| ६ | मनाङ्ग | ० | ० | ० | ० | |
| ७ | म्याग्दी | ० | ३ | १ | ४ | |
| ८ | पर्वत | १ | ८ | ० | ९ | |
| ९ | वाग्लुङ्ग | १ | ८ | २ | ११ | |
| १० | मुस्ताङ्ग | ० | १ | ० | १ | |
| ११ | नवलपरासी(सुस्ता पूर्व) | ० | १८ | २ | २० | |
| | जम्मा | **११** | **८८** | **३०** | **१२९** | |

*श्रोत: क्षेत्रीय शिक्षा निर्देशनालय, पोखरा*

## खानेपानी, सरसफाई तथा चर्पी उपलव्धता :

९.८ सरसफाईका हिसाबले प्रदेश ४ अरु प्रदेशको तुलनामा धेरै राम्रो अवस्थामा पर्दछ । यस प्रदेशको समग्र गरिवीमा सरसफाईको करिव ४.० प्रतिशत योगदान रहेको छ भने राष्ट्रियरुपमा करिव ८.० प्रतिशत छ । यस प्रदेशमा करिव ८०.० प्रतिशत घरधुरीमा धाराको पानी उपलव्धता छ जुन औसत राष्ट्रिय मापन ४७.० प्रतिशत भन्दा धेरै माथि छ । यस प्रदेशका विभिन्न जिल्ला मध्ये मनाङमा सबैभन्दा बढी र नवलपरासीमा सबभन्दा कम धाराको पानीको उपलव्धता रहेको पाइन्छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार यस प्रदेशको सरसफाइको अवस्था सबै प्रदेशको तुलनामा राम्रो रहेको छ ।

## खाद्य सुरक्षा :

९.९ नेपालमा करिव ४६.० प्रतिशत घरधुरीलाई खाद्यान्नको पर्याप्तता भएको पाइन्छ भने यस प्रदेश ४ का करिव ५६.० प्रतिशत घरधुरीलाई खाद्यान्नको पर्याप्तता रहेको देखिन्छ ।


### महिला हिंसाको अवस्था (भौतिक हिंसा) :

९.१० नेपालको जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार राष्ट्रिय स्तरमा करिव २३ भौतिक हिंसा भएको देखिन्छ भने प्रदेश ४ मा सबैभन्दा कम १२ र सबैभन्दा बढी प्रदेश २ मा ३४ भौतिक हिंसा भएको पाइन्छ। यसले के देखाउँछ भने प्रदेश ४ तुलनात्मक रुपमा महिला सशक्तिकरणमा अरु प्रदेश भन्दा अगाडि रहेको छ।

### स्वास्थ्य :

९.११ आर्थिक सर्वेक्षण २०७३/७४ को तथ्याङ्क अनुसार देशभर ११६ अस्पताल, ३९७२ स्वास्थ्य चौकी, ३२४ आयुर्वेद अस्पताल तथा औषधालय, २१० प्राथमिक स्वास्थ्य केन्द्र समेत जम्मा ४६२२ स्वास्थ्य संस्था रहेको देखिन्छ। जसअनुसार ११ वटा आफ्नै फार्मेसी भएका अस्पताल छन्। यस प्रदेशमा कुल २४ वटा प्राथमिक स्वास्थ्य केन्द्र रहेको पाइन्छ। यस प्रदेशमा दर्ता भएका ४८ मध्ये, ४० एम्वुलेन्स कार्यात्मक अवस्थामा रहेको पाइन्छ। जनशक्तिको हिसाबले यस प्रदेश ४ मा कुल दरवन्दी ३८०० रहेको स्थाई र करार, ७६४ गरी ३७२९ जना कार्यरत भएको देखिन्छ।

**शिशु मृत्यु दर र् बाल मृत्यु दर को अवस्था**




**तालिका ९.४ शिशु र वाल मृत्यु दर (प्रतिहजारमा)**

| | १ वर्ष भन्दा कम उमेरका समूह | ५ वर्ष भन्दा कम उमेरका समूह |
|---|---|---|
| नेपाल | २१ | ३९ |
| प्रदेश १ | ३१ | ३६ |
| प्रदेश २ | ४३ | ५२ |
| प्रदेश ३ | २९ | ३६ |
| प्रदेश ४ | २३ | २७ |
| प्रदेश ५ | ४२ | ४५ |
| प्रदेश ६ | ४७ | ५८ |
| प्रदेश ७ | ५७ | ६९ |

*श्रोत :जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण,२०७३*

जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण २०१६ अनुसार नेपालको एकवर्ष भन्दा कम उमेरको वाल मृत्यु दर २१ प्रतिहजार छ भने ५ वर्ष भन्दा कम उमेर समूहको मृत्युदर ३९ प्रति हजार रहेको देखिन्छ। प्रदेश अनुसार, ४ नं प्रदेशको वालमृत्युदर सबभन्दा कम रहेको पाइन्छ। उक्त सर्वेक्षण अनुसार प्रदेश ४ मा एक वर्ष भन्दा कम उमेर समूहका वच्चाको मृत्युदर १५ प्रतिहजार रहेको प्रदेश ७मा ४१ प्रतिहजार रहेको छ। त्यस्तै ५ वर्ष उमेर समूहका बच्चाको मृत्युदर यस प्रदेशमा २७ प्रतिहजार रहेकोमा प्रदेश ७ मा सबैभन्दा बढि ६९ प्रतिहजार रहेको छ।

९.१२ मातृशिशु तथा नवजात हेरविचारमा नेपालमा करिव ८५.० प्रतिशत महिलाले दक्ष जनशक्तिबाट ४ पटक वच्चा जन्मनुभन्दा पूर्व सेवा प्राप्त गर्ने गर्दछन्। त्यसैगरी राष्ट्रिय स्तरमा करिव ५८.० प्रतिशत महिलाले दश जनशक्ति सुत्केरी गराउँछन् भने ५७.० प्रतिशत सुत्केरी स्वास्थ्य संस्थामा गराउँछन्। मातृ स्वास्थ्यको अवस्था प्रदेश अनुसार तुलना गर्दा प्रदेश ४ को अवस्था राष्ट्रिय र अन्य प्रदेशको तुलनामा राम्रो देखिन्छ। जसअनुसार सुत्केरीको सेवा दक्ष जनशक्तिबाट करिब ८७.० प्रतिशत महिलाले प्राप्त गर्दछन्। यो प्रतिशत सबै प्रदेशको दाजोमा दोश्रो स्थानमा छ भने सबभन्दा कम प्रदेश ६ र सबैभन्दा बढी प्रदेश ७ मा छ। यसैगरी ६८.० प्रतिशत भन्दा बढी महिलाले स्वास्थ्य संस्थामा सुत्केरी गराउँछन्। सबैभन्दा बढी करिव ७१ प्रदेश ३ मा र सबभन्दा काम ३६.० प्रतिशत प्रदेश ६ मा स्वास्थ्य संस्थामा सुत्केरी गराउँछन्। जनसंख्या तथा स्वास्थ्य अध्ययनले के देखाउँछ भने करिब २३९ आमाहरु (**प्रति १,००,०००० जिउँदा बच्चा जन्माउने**) मृत्यु हुने गरेको छ। जसमा प्रदेश ४ को मातृमृत्युदर अरु प्रदेशको तुलनामा कम छ।

**तालिका ९.५ जनशक्तिको अवस्था**

| क्र.सं. | जनशक्ति | दरबन्दी | पदपूर्ति | | जम्मा |
|---|---|---|---|---|---|
| | | | स्थाई | करार | |
| १ | डाक्टर | २०४ | १२१ | ११७ | २३८ |
| २ | नर्स | १२८४ | १०४७ | २०७ | १२५४ |
| ३ | प्यारामेडिक्स | १६१३ | १२९२ | १६४ | १४५६ |
| ४ | अन्य | ६९९ | ५०५ | २७६ | ७८१ |
| | **जम्मा** | **३८००** | **२९६५** | **७६४** | **३७२९** |

*श्रोत : नेशनल एनुयल हेल्थ रिभ्यू २०७३/७४*

## संस्कृति, रीतिरिवाज र रहनसहन :

९.१३ प्रदेश नं ४ सांस्कृतिक विविधताले भरिपुर्ण भएको प्रदेश हो। यस प्रदेशमा आ-आफ्ना छुट्टै पहिचान, रीतिरिवाज, संस्कृति र रहनसहन भएका ८८ जातजातिका मानिसहरु बसोबास गर्दछन्, जस अन्तर्गत जम्मा १२ जनसंख्या भएका पहाडी देखि ५,१५,९९७ जनसंख्या भएका पहाडी ब्राम्हणसम्म पर्दछन्। यस प्रदेशमा वसोबास गर्ने जातजातिहरुमा ब्राम्हण (२१.६प्रतिशत), मगर (१८.९ प्रतिशत), क्षेत्री (१३.४ प्रतिशत), गुरुङ (११.४ प्रतिशत), कामी (८.७ प्रतिशत), नेवार (४.१ प्रतिशत), सार्की (४.१ प्रतिशत), दमै (३.८ प्रतिशत), र तामाङ (२.१ प्रतिशत) पर्दछन्। जसको कूल जनसंख्या ५०,००० भन्दा माथि छ।

**तालिका नं ९.६ प्रदेशमा बसोवास गर्ने जात जातिहरु**

| जनसंख्या | जनजातिहरु | संख्या |
|---|---|---|
| १ लाख भन्दा माथि जनसंख्या भएका जातिहरु | ब्राम्हण (५,१५,९७७), मगर (४,५४,९३१), क्षेत्री (३,२१,५१७), गुरुङ (२,७४,३८५), कामी (२,०९,१३२), नेवार (१,०२,७५२) | ६ |
| ५० हजार देखि १ लाख जनसंख्या भएका जातिहरु | सार्की (९८,९७३), दमै (९२,७३२), तामाङ (५०१२६) | ३ |
| १० हजार देखि ५० हजार जनसंख्या भएका जातिहरु | थारु, ठकुरी, सन्यासी, घर्ती, कुमाल, मुसलमान | ६ |
| १ हजार देखि १० हजार जनसंख्या भएका जातिहरु | दराइ, थकाली, छन्त्याल, बोटे, बरामो, गाइने, दुरा, वादी, घले, ल्होपा, चेपाङ, माझी, कलवार, काठबनियान, मुसहर, तेली, राई, यादव | १८ |
| १ हजार भन्दा कम जनसंख्या भएका जातिहरु | लिम्बु, चमार, कोइरी, कुशवाह, कुर्मी, धानुक, दुसाद, शेर्पा, सोचार, केवट, ब्राम्हण (तराई), मलाह, ठाकुर, कानु, राजवंशी, सुनुवार, सुदी, लोहार, लोहार, टट्मा, खाट्वे, धोवी, वनिया, कुम्हाल, दनुवार, हलुवाई, राजपुत, कायस्थ, बधाइ, माडवारी, सतार, झाँगड, वन्तार, बाराई, कहर, लोध, राजभार, थामी, धिमाल, भोटे, विनयाख्या, पहरी | ५५ |

*श्रोत: केन्द्रीय तथ्याङ्क विभाग २०६८*

## भाषा :

९.१४ प्रदेश नं ४ मा मातृभाषाको रुपमा जम्मा ४७ वटा भाषाहरु प्रयोग गरिन्छन् । जस मध्ये नेपाली भाषा बोल्नेहरुको संख्या अत्याधिक छ। (७३.५ प्रतिशत)मगर (९.९ प्रतिशत) र गुरुङ (८.८ प्रतिशत) भाषाहरु पनि बहुसंख्यक जनताहरुद्वारा बोलिने भाषाहरुमा पर्दछन् । नेपाली, मगर र गुरुङ भाषालाई मातृभाषाको रुपमा प्रयोग गर्नेहरु यस प्रदेशमा राष्ट्रिय औषत प्रतिशत भन्दा बढी छन्। तर यस प्रदेशमा मातृभाषाको रुपमा बोलिने नेवारी, थारु, तामाङ, भोजपुरी, उर्दू, र मैथिली भाषा बोल्नेहरुको संख्या भने राष्ट्रिय औषत प्रतिशत भन्दा कम छ।

यस प्रदेशमा बोलिने प्रमुख दश भाषाहरु यस प्रकार छन् ।

**तालिका नं ९.७ प्रदेशमा बोलिने प्रमुख भाषाहरु**

| क्र.सं. | भाषाहरु | जनसंख्या | प्रादेशिक % | राष्ट्रिय % |
|---|---|---|---|---|
| १ | नेपाली | १७,६५,८५५ | ७३.५% | ४४.६% |
| २ | मगर | २,३७,५४३ | ९.९% | ३.०% |
| ३ | गुरुङ | २,१०,८८९ | ८.८% | १.२% |
| ४ | नेवारी | ४१,६५७ | १.७% | २.४% |
| ५ | थारु | ३६,०१६ | १.५% | ५.८% |
| ६ | तामाङ | २४,९९५ | १.०% | ५.१% |
| ७ | भोजपुरी | १०,३९६ | ०.४% | ६.०% |
| ८ | उर्दू | ८,५२९ | ०.३% | २.६% |
| ९ | कुमाल | ५,३०८ | ०.२% | अप्राप्त |
| १० | मैथिली | ५,१३३ | ०.२% | ११.७% |

श्रोत: केन्द्रीय तथ्याङ्क विभाग २०६८

## चाडपर्व :

९.१५ जातीय र भाषिक विविधताले भरिपूर्ण यस प्रदेशमा बर्षै भरी विभिन्न चाडपर्वहरु मनाइन्छन् । यहाँ मनाइने मूख्य चाडपर्वहरुमा नेपाली नयाँ वर्ष र बुद्ध जयन्ती (बैशाख), इद (जेठ), टोहोटे (साउन) नाग पञ्चमी, जनै

पूर्णिमा, गाई जात्रा, कृष्ण जन्माष्टमी, तिज, ऋषि पञ्चमी (सबै भदौ), मोहर्रम (असोज), दशैं (असोज), तिहार र छठ (कार्तिक), क्रिस्मस र तमु ल्होसार (पुस), माघे सक्रान्ति र सोनाम ल्होसार (माघ), राम नवमी र टोहोटे (चैत) पर्दछन् । यी मूख्य चाडपर्वका अतिरिक्त यस प्रदेशमा बसोबास गर्ने विभिन्न समुदायहरुमा विशेष चाडपर्वहरु पनि मनाइन्छन् । माथिल्लो मुस्ताङमा बैशाखमा मनाइने 'तिजी पर्व', प्रत्येक १२ वर्षमा तिब्बती पात्रो अनुसार बाँदर वर्षमा मनाइने 'ला फेवा' पर्व, तमाङ जातिको 'छो पर्व' यसका उदाहरणहरु हुन् । हिजो आज प्रदेशको विभिन्न भागहरुमा विशेषत हिउँदका महिनाहरुमा स्थान बिशेष महोत्सवहरु मनाउने प्रचलन बढी रहेको छ ।

## सामाजिक रितिरिवाज र रहन सहन :

९.१६ यस प्रदेशमा परम्परादेखि प्रचलनमा रहेका थुप्रै रीतिरिवाजहरु हाल सम्म पनि त्यत्तिकै महत्वका साथ प्रचलनमा छन् । जन्मदेखि मृत्युसम्मका विभिन्न समुदायमा आ-आफ्नै संस्कारहरुको पालना गरिन्छ तापनि सबै समुदायहरुले पालन गर्ने थुप्रै साझा संस्कारहरु पनि यहाँ बिद्यमान छन् । यस प्रदेशका गुरुङ समुदायको 'हुर्रे र आमा समूहको प्रथा', थकाली समुदायको 'ढिकुटी प्रथा', नेवार समुदायको 'गुठी प्रथा', तामाङ समुदायको 'किपट प्रथा' र प्रायः सबै समुदायमा प्रचलित 'अनिवार्य झारा प्रथा', 'धर्म भकारी प्रथा', 'ऐंचो पैंचो प्रथा', 'भारा पर्म'हरुलाई आवश्यक संसोधन गर्न सकेको खण्डमा समाजवाद उन्मुख अर्थतन्त्र निर्माणमा अहं भूमिका खेल्न सक्ने देखिन्छ ।

९.१७ परम्परागत रुपले गाँइदै, नाँचिदै आएका सालै जो, घाँटु, सोरठी, लाखे, वालन, सेलो, मारुनी,यानिमाया, सुनिमाया, ठाडाभाका, रत्यौली, कौरा, चुट्का, तायमचा, झ्याउरे, तिज गीत, भजन चुट्का, रोइला आदि यस प्रदेशका सास्कृतिक धरोहर हुन्। कौरा गीत र नृत्य मगर समुदायमा, रोधी घर र बसन्त पञ्चमीदेखि चण्डिपूर्णिमा सम्म गाइने र नाच्ने परम्परा गुरुङ समुदायमा, वालन, चुट्का र भजन वाहुन क्षत्री लगायतका आर्य समुदायमा लाखे र भैरव नाँच नेवार समुदायमा, कर्खा, वाजा र गीत गन्दर्भ समुदायमा, तामाङ सेलो तामाङ समुदायमा प्रचलित छन् ।

९.१८ परंपरागत रुपमा यस प्रदेशमा बस्ने मानिसहरु हिन्दू, बौद्ध, वोन्पो, र झाँक्री धर्मका अनुयायी हुन् । यहाँ ईस्लाम र कृष्चियन धर्म मान्नेहरु पनि बस्दछन् ।

# १०. प्रशासन र सुशासन

## सुरक्षा र सुशासन :

१०.१ प्रदेशको समग्र शान्ति सुरक्षाको जिम्मेवारी नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाल सेना, राष्ट्रिय अनुसन्धान विभाग र जनता स्वयंको काँधमा रहेको छ । समग्रतामा प्रदेशको अमनचयन र सुरक्षा कायम गर्न जटिल नभए पनि प्रदेशका जनघनत्व बढी हुने शहरी क्षेत्रमा यदाकदा आपराधिक क्रियाकलापहरु पूर्ण रुपले नियन्त्रण गर्ने कार्य चुनौतीपूर्ण हुने गर्दछ । हाल यस प्रदेशको सुरक्षा कार्यमा ४ नम्बर प्रदेश प्रहरी कार्यालयको मातहतमा सशस्त्र प्रहरी गण मुकाम पोखरा, संघीय प्रहरी इकाई कार्यालय गण्डकी, संघीय इकाई प्रहरी कार्यालय धवलागिरी र जिल्ला प्रहरी कार्यालय(बर्दघाट,सुस्ता पूर्व) नवलपरासी कार्यरत छन्।प्रदेश नं ४ मा हाल नेपाल प्रहरीको दरबन्दी रहेका २५८ प्रहरी ईकाईहरु कार्यरत देखिन्छन्। यी इकाईहरुको अतिरिक्त यहाँ १९ प्रहरी पोष्टहरु, २ प्रहरी बिटहरु, २६ ट्राफिक प्रहरी पोष्टहरु र (Control Room Vehicle-CRV) हरु छन् ।

१०.२ प्रदेशमा सशस्त्र प्रहरी बल मुक्तिनाथ बाहिनी अन्तर्गत बाहिनी(१), तालीम केन्द्र(१), गण(३), गुल्म(२),अस्थायी सुरक्षा बेस(८), हाइड्रोपावर सुरक्षा बेस(२) गरी जम्मा ४४२८ जनशक्ति कार्यरत छ ।

१०.३ नेपाली सेनाको प्रदेश नं ४ को मुख्य कार्यालय, पश्चिम पृतना हेडक्वाटर, पोखराको बिजयपुरमा छ । यसको मातहतमा तनहुँ र बाग्लुङमा एक एक गरी २ बाहिनी, मनाङ, स्याङजा, पर्वत, म्याग्दी र नवलपुरमा एक एक गरी जम्मा ५ गुल्महरु, कास्कीमा ४, तनहुँमा २, लमजुङ, बाग्लुङ र मुस्ताङमा एक एक गरी जम्मा ८ गणहरु, नवलपुरमा वन तथा पर्यावरण गण १, नवलपुरमा एक तालीम केन्द्र र मुस्ताङमा एक Mountain Training Center रहेका छन् । यस प्रदेशका उपरोक्त सैनिक ब्यारेकहरुमा करिव १०,००० सेनाहरु कार्यरत छन् ।

१०.४ सुशासनका लागि जवाफदेहिता, पारदर्शिता, राजनैतिक तटस्थता सहित नैतिकता र आचार नीति अनुरुप सार्वजानिक सेवा प्रदान गर्नुपर्ने हुन्छ। जसको लागि समुचित सार्वजानिक कोषको प्रयोग, उचित सार्वजानिक नीतिको अवलम्वन, र चुस्त दुरुस्त सार्वजानिक सेवाको प्रवाह अत्यावश्यक छ । यस प्रदेशमा सुशासनको अवस्था प्रष्ट पार्ने तथ्याङ्कहरुको उपलव्धता न्यून रहेकोले सामान्य सूचकको रुपमा गत वर्ष यस प्रदेशमा रहेको अख्तियार दुरुपयोगको अवस्था, मानव अधिकारको अवस्था र न्यायिक सुगमतालाई आधार मानी सुशासनको अवस्था आँकलन गरिएको छ ।

## अख्तियार दुरुपयोग सम्बन्धी मुद्दाहरु :

१०.५ अख्तियार दुरुपयोग निवारण आयोगको वार्षिक प्रतिवेदन २०७३/०७४ का अनुसारमा उक्त वर्ष भित्र देश भित्र परेका कूल मुद्दाहरु मध्ये केवल २.२ प्रतिशत मुद्दाहरु मात्र प्रदेश नं ४ संग सम्वन्धित देखिन्छन् ।

**तालिका नं १०.१ अख्तियार दुरुपयोग सम्वन्धी मुद्दाहरुको अवस्था (आ.व. २०७३/०७४ मा)**

| क्र.सं. | विवरण | नेपाल | प्रदेश नं. ४ |
|---|---|---|---|
| १ | घुस लिई भ्रष्टचार गरेका मुद्दाहरु | ६४ | १ |
| २ | झुट्टा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी भ्रष्टचार गरेका मुद्दाहरु | ४० | १ |
| ३ | सार्वजनिक सम्पत्तिको हानी नोक्सानी गरेका मुद्दाहरु | १८ | ० |
| ४ | गैर कानुनी लाभ लिइ सरकारलाई हानी नोक्सानी गरी भ्रष्टचार गरेका मुद्दाहरु | ११ | १ |
| ५ | गैर कानुनी सम्पत्ति आर्जन गरी भ्रष्टचार गरेका मुद्दाहरु | ११ | ० |
| ६ | राजस्व चुवाहट गरी भ्रष्टचार गरेका मुद्दाहरु | ४ | ० |
| ७ | पुनरावेदन गरिएका मुद्दाहरु | ५२ | ३ |
| ८ | विभागीय कारवाहीका लागि सिफारिस भएका मुद्दाहरु | २५ | २ |
| | **जम्मा** | **२२५** | **८** |

*श्रोत: अख्तियार दुरुपयोग अनुसन्धान आयोग, वार्षिक प्रतिवेदन २०७३/०७४*

## अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेका कारबाहीहरु :

१०.६ अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सत्ताइसौं वार्षिक प्रतिवेदन २०७३र ०७४ का अनुसार उक्त संवैधानिक निकायले गत वर्षमा गरेका कूल ४६६ कारबाही मध्ये ४८(१०.३ प्रतिशत) कारबाहीहरु प्रदेश न. ४ मा सार्वजनिक पद ग्रहण गरेका व्यक्तिहरु र कर्मचारीहरुलाई गरेको छ।

**तालिका नं १०.२ अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेका कारवाहीहरु (आ.व.२०७३/०७४)**

| क्र.सं. | विवरण | नेपाल | प्रदेश नं. ४ |
|---|---|---|---|
| १ | सचेत गराइएको | २ | १ |
| २ | असुल उपरका लागि लेखिएको | १५ | ३ |
| ३ | दुष्परिणाम सच्याउने | ४ | ० |
| ४ | आवश्यक कारवाहीका लागि सम्वन्धित निकायमा प्रेषित | १४१ | १० |
| ५ | ध्यानकर्षण | ६९ | १० |
| ६ | तामेली र मुल्तवी | २३५ | १८ |
| | **जम्मा** | **४६६** | **४२** |

*श्रोत: अख्तियार दुरुपयोग अनुसन्धान आयोग, वार्षिक प्रतिवेदन २०७३र ०७४*

## मानव अधिकार हनन सम्वन्धी घटनाहरु :

१०.७ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तिका २०१८ का अनुसार प्रदेश नं ४ मा गत वर्ष २०७३र ०७४ मा मानव अधिकार हननका जम्मा ८८५ घटनाहरु मध्ये सरकारी पक्षबाट १४.६ प्रतिशत र गैह्र सरकारी पक्षबाट ८५.४ प्रतिशत घटनाहरु घटाइएका देखिन्छन् । मानव अधिकार हननका घटनाहरु मध्ये सबै भन्दा बढी महिला अधिकार हननका घटनाहरु (७४.५ प्रतिशत) र त्यस पछि क्रमशः गिरफ्तारी (१२.२ प्रतिशत), वाल अधिकार हनन (७ प्रतिशत) र कुटपिट (५.४ प्रतिशत) छन् । उक्त

वर्ष परेका कुल ६५९ महिला अधिकार हनन सम्बन्धी घटनाहरु मध्ये जिल्लागत तहमा हेर्दा सबै भन्दा बढी कास्कीमा २१४ (३२.२ प्रतिशत) र त्यस पछि तनहुँमा १९७ (३५.२ प्रतिशत) घटेका छन् ।

**तालिका नं १०.३ मानव अधिकार हनन सम्वन्धी घटनाहरुको संख्या (आ. व.२०७३/०७४)**

| क.सं. | घटना | राज्य पक्ष | गैह्र राज्य पक्ष | जम्मा |
|---|---|---|---|---|
| १ | हत्या | - | १२ | १२ |
| २ | धम्की | - | २ | २ |
| ३ | कुटपिट | ५ | ४३ | ४८ (५.४%) |
| ४ | गिरफ्तारी | १०८ | - | १०८ (१२.२%) |
| ५ | अपहरण | - | ७ | ७ |
| ६ | अमानवीय व्यवहार | - | ३ | ३ |
| ७ | वाल अधिकार | - | ६२ | ६२ (७%) |
| ८ | घाइते | - | २ | २ |
| ९ | महिला अधिकार | - | ६५९ | ६५९ (७४.५%) |
| १० | जातीय विभेद | - | २ | २ |
| **जम्मा** | | **११३ (१४.६%)** | **७९२ (८५.४%)** | **९०५** |

*श्रोत: मानव अधिकार वर्ष पुस्तिका २०१८, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल*

## निषपक्ष र सुगम न्यायिक अधिकार :

१०.८ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तिका २०१८ का अनुसार प्रदेश नं ४ का हरेक जिल्लामा न्याय सम्पादनका लागि एक एक जिल्ला अदालत र कास्की र बाग्लुङमा एक एक उच्च अदालत रहेका छन् । 'समयमा न्याय नपाउनु न्याय नपाउनु सरह हो' भन्ने कुरालाई मनन गर्दा र यहाँका अदालतमा भएको न्यायाधीशको संख्या र मुल्तवीमा रहेका मुद्दाको संख्या तुलना गर्दा न्यायिक सुशासनको अवस्था कमजोर देखिन्छ ।

**तालिका नं १०.४ अदालतहरुमा न्याय सम्पादनको अवस्था (आ. व.२०७३/०७४)**

| जिल्ला | अदालत | न्याधीशको संख्या | फैसला हुन बाँकी मुद्दाहरु |
|---|---|---|---|
| गोरखा | जिल्ला | १ | १६१ |
| मनाङ्ग | जिल्ला | १ | १ |
| मुस्ताङ्ग | जिल्ला | १ | ७ |
| म्याग्दी | जिल्ला | १ | १२४ |
| कास्की | जिल्ला | ६ | १०७५ (१७५ प्रति न्यायधीश) |
| | उच्च | ८ | ४१२ (५२ प्रति न्यायधीश) |
| लमजुङ्ग | जिल्ला | १ | ३२२ |
| तनहुँ | जिल्ला | २ | ३९५ (१४८ प्रति न्यायधीश) |
| नवलपरासी (पूर्व) | जिल्ला | २ (दरवन्दी ४) | ८८१ (४४१ प्रति न्यायधीश) |
| स्याङ्गजा | जिल्ला | २ | १७६ (८८ प्रति न्यायधीश) |
| वाग्लुङ | जिल्ला | १ | १७९ |
| | उच्च | ३ | ७८ (२६ प्रति न्यायधीश) |
| पर्वत | जिल्ला | १ | १४१ |

श्रोत: मानव अधिकार बर्ष पुस्तिका २०१८, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल

## १०.९ चुनौतीहरु

१. नेपालको संविधानले व्यवस्था गरे बमोजिम स्वास्थ्य, शिक्षा, महिला, बालवालिका तथा जेष्ठनागरिकका अधिकारहरुको कार्यान्वयनका लागि स्रोत परिचालन गर्नुपर्ने आवश्यक छ। राज्यको कोषले धान्न सक्ने अवस्था बनाउनु पर्ने अवस्था निकै चुनौतीपूर्ण छ ।

२. यस प्रदेशमा गरिवीको कारण मुख्य तत्वमा Years of Schooling (१० वर्ष माथिका घरका सदस्यले कम्तिमा ५ वर्षको पढाइ गरेको हुनुपर्ने) रहेको छ । यसलाई बढाउने काम पनि चुनौतीपूर्ण रहेको छ ।

३. सामुदायिक विद्यालयको गुणस्तर बढाउने र संस्थागत विद्यालय सुशासन एवं राज्यको नियन्त्रणमा ल्याउने काम पनि काम चुनौतीपूर्ण छैन ।

४. प्रदेशमा दुईवटा विश्वविद्यालय मध्ये पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्तरोन्नति गरि लक्ष्य हासिल गर्ने काम पनि चुनौतीपूर्ण छ ।

५. जलवायु परिवर्तन खतरामा प्रदेश ४ बढी संवेदनशील छ जहाँ उच्च श्रृंखलाहरु यसै प्रदेशमा पर्दछन् । त्यसैले जलवायु परिवर्तनको चुनौतीलाई समाधान गर्ने काम चुनौतीपूर्ण छ ।

६. उत्पादनका लागि सक्रिय जनसंख्याको हिसाबले यस प्रदेशमा अगाडि आउँछ तर यस्तो जनसंख्याका लागि कामको अवसर दिने खालका आर्थिक क्रियाकलाप संचालन गर्न सजिलो देखिदैन ।

## सन्दर्भ सूची


- *केन्द्रीय तथ्याङ्क विभाग (२०११) राष्ट्रिय जनगणना २०११ काठमाडौं, केन्द्रीय तथ्याङ्क विभाग ।*
- *क्षेत्रीय शिक्षा निर्देशनालय (2017-18 Flash Report 2017) पोखरा*
- *रा.यो.आ. (२०१८ ) वहुआयमिक गरिवी सूचांक २०१८ काठमाडौं, राष्ट्रिय योजना आयोग*
- *अर्थ मन्त्रालय (२०१६/१७) आर्थिक सर्वेक्षण २०७३/७४ र २०७४/७५ , काठमाण्डौ, अर्थ मन्त्रालय*
- *स्वास्थ्य मन्त्रालय,न्यूएरा र आइ.एफ.सी. (२०१६), नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण २०१६ काठमाण्डौ, स्वास्थ्य मन्त्रालय*
- *रा.यो.आ. र स.रा.वि.का.(२०१४) नेपाल मानव विकास प्रतिवेदन २०१४ काठमाडौं, राष्ट्रिय योजना आयोग*
- *अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सत्ताइसौं वार्षिक प्रतिवेदन २०७३/०७४*
- *मानव अधिकार वर्ष पुस्तिका २०१८, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपाल*
- *संकलित तथ्यांक, पश्चिम पृतना हेडक्वाटर, विजयपुर, पोखरा*
- *श्याम प्रसाद मैनाली, 'शासकीय स्वरुप, संविधान र सुशासन', बिमला मैनाली २०७०*
- *Dor Bahadur Bista, 'People of Nepal', Ratna Pustak Bhandar,1987*
- *आर्थिक सर्वेक्षण २०७५, अर्थमन्त्रालय, नेपाल सरकार ।*
- *ऊर्जा, जलस्रोत तथा सिंचाइ क्षेत्रका वर्तमान अवस्था र भावी मार्गचित्र (श्वेतपत्र) २५ बैशाख, २०७५ ।*


- *केन्द्रीय तथ्याङ्क विभाग (२०११) राष्ट्रिय जनगणना २०११ काठमाडौं, केन्द्रीय तथ्याङ्क विभाग ।*


- *Ram Kumar Panday: Development Disorders in the HIMALAYAN HEIGHTS, Ratna Pustak Bhandar 1995*
- *कृष्ण प्रसाद काफ्ले, Former Superintending Geologist, Department of Mines and Geology, Kathmandu, Nepal*
- *के. त. वि. तथ्याङ्क कार्यालय २०७४ र जिल्लाहरूको वस्तुगत विवरण ।*
- *२०७४/२०७५ वार्षिक विकास कार्यक्रम २०७४  रा.यो.आ. नेपाल सरकार ।*
- *भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरवार, काठमाण्डौ ।*
- *रा.यो.आ (२०१८) वहुआयमिक गरिवी सूचांक २०१८ काठमाडौं, राष्ट्रिय योजना आयोग*
- *प्रदेश नं ४ को वस्तुगत तथा आर्थिक विवरण, २०७४, क्षेत्रीय प्रशासन कार्यालय, पोखरा ।*
- *नेपाल राष्ट्र बैंक, केन्द्रीय कार्यालयबाट प्रकाशित बुलेटिन, २०७४ ।*
- *केन्द्रीय तथ्याङ्क विभाग, Compendium of Environmental Statistics Nepal -2015*
- *नेपाल सरकार, उद्योग मन्त्रालय, खानी तथा भूगर्भ विभागको प्रतिवेदन २०७४*
- *वातावरण, वन, पर्यटन, उद्योग तथा वाणिज्य मन्त्रालय, प्रदेश नं ४*
- *रा.यो.आ. र.स.रा.वि.का.(२०१४) नेपाल मानव विकास प्रतिवेदन २०१४ काठमाडौं, राष्ट्रिय योजना आयोग*
- *http://www.enayapatrika.com/2018/05/27/54206/*